सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

५ जेठ २०८१, शनिबार (18 May 2024, Saturday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १८ ■ अंक ३६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

झन् नयाँ

स्क्रिप्ट होइन, निबन्ध लेखिरहेका छौं



सिनेमा

● **मीन भाम**
चलचित्र निर्देशक

सिनेमाको कथा समाजको विविधतामा छ। तर, हामी ती विविधताबाट धेरै पर जाँदै छौं।

यात्रा

सुवास भट्ट

च्छो रोल्पाको सुन्दरता र सान्निध्य



संसद् : **राजनीति बुझ्ने विश्वविद्यालय**



संसद् अनुभूति

सन्तोष परियार
प्रमुख सचेतक, रास्वपा

वर्षौं राजनीतिशास्त्र पढें, पढाएँ। तर, सदनमा प्रवेश गरेको यो १५ महिनामा राजनीति धेरै बुझ्दैं।



■ स्कुले बालबालिकामाथि अभिभावक र विद्यालयको यातना

दैनिक जाउआउमै ४० किमिसम्म बसयात्रा

उपत्यकाभित्रका विद्यालयले पाँच कक्षासम्मका विद्यार्थीलाई दैनिक अधिकतम १२ किमि र त्यसभन्दा माथिका विद्यार्थीलाई अधिकतम १८ किमिसम्म यात्रा गराउन पाउने व्यवस्था छ। तर, अभिभावकको रहर र विद्यालयको व्यापारले कलिला बालबालिकामाथि ज्यादति भइरहेको छ।

● **सुप्रभात भण्डारी**,
अध्यक्ष, नेपाल अभिभावक महासंघ



अभिभावकले सोच्न जरुरी छ, यात्रा गर्दा नै थाकेपछि विद्यार्थीले कसरी राम्रो पढ्न सक्छ ?

● **डिके ढुंगाना**, अध्यक्ष, निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन)



स्कुलले जबर्जस्ती विद्यार्थी ल्याएको होइन। अभिभावकले धेरै टाढाको स्कुल रोज्दा केटाकेटीले यातना पाइरहेका छन्।

शिवहरि घिमिरे/नयाँ पत्रिका

शिक्षा मन्त्रालयले जारी गरेको संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका, २०६९ को बुँदा ३.९ मा काठमाडौं उपत्यकाभित्रका एकदेखि पाँच कक्षासम्मका विद्यार्थीलाई विद्यालयले दैनिक अधिकतम १२ किलोमिटरसम्म आतेजाते गराउन सक्ने व्यवस्था छ। त्यस्तै, पाँच कक्षाभन्दा उपल्लो तहका विद्यार्थीलाई दैनिक आतेजातेमा अधिकतम १८ किलोमिटरसम्म यात्रा गराउन पाउने व्यवस्था छ।

तर, अभिभावकको रहर र विद्यालयको व्यापारका लागि कलिला बालबालिका दैनिक घण्टौं ट्राफिक जाम, घाम र धुलो पचाउँदै ४० किलोमिटरसम्म बसयात्रा गरेर अध्ययनका लागि जाउआउ गर्न बाध्य छन्। महँगा र नाम चलेका स्कुलमा छोराछोरी पढाउँदा अभिभावक गौरवानुभूत गर्छन्। अनि, व्यापारमुखी विद्यालय सरकारी नियम नाघेर बालबालिकामाथि अत्याचार गर्न तयार हुन्छन्।

मनोचिकित्सक प्रा.डा. गंगा पाठक लामो यात्रा गराएर अभिभावक र विद्यालयले बालबालिकालाई अनावश्यक यातना दिने गरेको बताउँछिन्। दैनिक लामो यात्रा गराएर विद्यालय पठाउँदा विद्यार्थीमा पढाइप्रति रुचि नहुने, अत्यधिक थकान महसुस हुने, टर्चर मान्ने, समयमै होमवर्क गर्न नपाउने, एकोहोरो हुनेलगायत असर पर्छ। 'अभिभावकहरू महँगा विद्यालयमा छोराछोरी पढाएँ भनेर खुसी हुनुहुन्छ, तर त्यो महँगो स्कुलको

» पृष्ठ २ मा क्रमशः



■ नियम छ, कार्यान्वयन छैन, शिक्षा मन्त्रालय भन्छ-

कानुन कार्यान्वयन गराउने र नटेरे कारबाही गर्ने जिम्मा स्थानीय सरकारको हो

शिक्षा मन्त्रालयले जारी गरेको संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका, २०६९ को बुँदा ३.९ मा काठमाडौं उपत्यकाभित्रका एकदेखि पाँच कक्षासम्मका विद्यार्थीलाई विद्यालयले दैनिक अधिकतम १२ किलोमिटरसम्म आतेजाते गराउन सक्ने व्यवस्था छ। त्यस्तै, पाँच कक्षाभन्दा उपल्लो तहका विद्यार्थीलाई दैनिक आतेजातेमा अधिकतम १८ किलोमिटरसम्म यात्रा गराउन पाउने व्यवस्था छ। तर, यसको पालना छैन। त्यस्तै, कानुनअनुसार विद्यालयको बसको रङ पहेँलो हुनुपर्छ, दुवैतिर ढोका भएको हुनुपर्छ, सिट क्षमताभन्दा बढी विद्यार्थी बोक्न पाइँदैन। तर, कैयौं निजी विद्यालयले भाडाका थोत्रा बसमा विद्यार्थी बोकेर पनि नियम तोडिरहेका छन्। तर, नियम नाघ्नेमाथि अनुगमन र कारबाही पनि छैन। शिक्षा मन्त्रालयका प्रवक्ता केशवप्रसाद दाहाल निर्देशिका कार्यान्वयन गराउने जिम्मा स्थानीय सरकारको रहेको बताउँछन्। 'कुन विद्यालयले कति टाढाबाट विद्यार्थी बोक्छन् ?, निर्देशिकाविपरीत छ वा छैनलगायत विषयमा नयाँ मापदण्ड बनाउने र कारबाही गर्ने जिम्मा स्थानीय तहको हो, अधिकार प्रत्यायोजन भइसकेपछि स्थानीय तहले यसमा काम गर्नुपर्छ,' उनले भने, 'निर्देशिकाविपरीत काम गर्ने विद्यालयलाई स्थानीय तहले कारबाही गर्नुपर्छ।'

बालबालिकाले ठूलो यातना खेपिरहेका छन्

● **प्रा.डा. गंगा पाठक**, मनोचिकित्सक



हाम्रा अभिभावक महँगो विद्यालयमा छोराछोरी पढाएँ भनेर खुसी हुनुहुन्छ, तर त्यो महँगो स्कुलको दूरी, बालबालिकाले खेपेको हैरानी, सिकाइ, मनोविज्ञानबारे उहाँहरू बुझ्नुहुन्न। त्यसैकारण आमअभिभावकले दूरी जति टाढा भए पनि त्यही स्कुलसम्म बालबालिका पढाउन पठाउने गरेको पाइन्छ। नजिकको विद्यालय छाडेर राम्रो शिक्षा दिन्छु भन्दै टाढाको विद्यालय रोज्दा विद्यार्थीमाथि अन्याय हुन्छ। विद्यालय टाढा भएपछि बिहान छिटो उठ्नुपर्‍यो, निद्रा पुग्दैन। दिनरात पढाइको मात्रै तनाव हुन्छ। अझ उपत्यकामा धेरै ट्राफिकजाम हुने भएकाले विद्यार्थी जाममा मानसिक तनाव खेपिरहेका हुन्छन्। लामो यात्रा गरेपछि थकाइ लाग्छ। उनीहरूको स्वास्थ्यमा पनि असर पर्छ। तर, यो समस्या अभिभावकले देख्दैनन्, विद्यालयले नदेखेजस्तो गर्छन्।

लामो यात्रा गरेर जब विद्यार्थी कक्षाकोठामा पुग्छ, तब उसलाई दिग्दार लाग्छ, अझ अहिलेको शिक्षा घोकन्ते किसिमको छ। लामो यात्राको थकानले बालबालिकाले सम्झन सक्दैनन्, एकाग्रता पनि हुँदैन। पढाइ खस्कँदै जान्छ। थाकेर घर फर्किएको विद्यार्थीमा होमवर्क गर्नीतिर रुचि जाँदैन। तर, उसलाई हरेक दिन स्कुल जान र होमवर्क गर्न बाध्य पारिएको हुन्छ। के यो यातना र अत्याचार होइन ? यसले बालबालिकाको स्मरण शक्तिमा ह्रास आउँछ। पढेको बिर्सने, एकोहोरो हुने, रिसाउने, झर्कने किसिमका समस्या पनि देखिएको पाइन्छ। यदि छोटो यात्रा वा हिँडेर जान सक्ने विद्यालय छ भने विद्यार्थीसँग होमवर्क गर्ने, पर्याप्त सुत्ने, परिवारसँग बस्ने, खेल तथा अन्य सिकाइहरू सिक्ने, साथीभाइसँग घुलमिल हुने अवस्था हुन्छ। हिँडेरै विद्यालयसम्म पुग्दा त्यसवरपरका सामाजिक पक्षहरू सिक्छ। सरकारी निकायले यसबारे मापदण्ड र कानुन बनाउनुपर्छ। विश्वका अन्य देशमा जहाँको विद्यार्थी हो त्यहींको विद्यालयमा मात्रै पढ्नुपर्ने मान्यता र नियम छ।

नेपाल प्रहरीका चार एसएसपीको डिआइजीमा बढुवा सिफारिस

नक्कली भुटानी शरणार्थी प्रकरणको अनुसन्धान गर्नेसहितका अधिकृत बढुवा, डेढ वर्षपछि कार्की, केसी र अधिकारीमध्ये एकजना आइजिपी बन्ने

नयाँ पत्रिका

नेपाल प्रहरीमा रिक्त चार नायब महानिरीक्षक (डिआइजी) पदमा बढुवा सिफारिस भएको छ। शुक्रबार बसेको बढुवा सिफारिस समितिको बैठकले कृष्णहरि शर्मा पोखरेल, दानबहादुर कार्की, डा. मनोजकुमार केसी र राजन अधिकारीलाई बढुवा सिफारिस गरेको हो। गृहसचिव एकनारायण अर्याल नेतृत्वको समितिले कार्यसम्पादन मूल्यांकन र प्रतिस्पर्धीहरूको कार्यक्षमता हेरेर सिफारिस गरेको थियो।

समितिको सदस्यमा प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवर तथा सदस्यसचिवमा प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) भीमप्रसाद ढकाल थिए।

सिफारिस भएकामध्ये पोखरेल सिनियर ब्याचका हुन्। उनी वरीयता सूचीमा पहिलो नम्बरमा थिए। उनले आगामी चैतमा अवकाश पाउँदै छन्। बढुवा सिफारिस भएका कार्की, केसी र अधिकारी प्रहरीमा भावी महानिरीक्षकका दाबेदार हुनेछन्।


कृष्णहरि शर्मा पोखरेल


दानबहादुर कार्की


डा. मनोजकुमार केसी


राजन अधिकारी

०८२ को कात्तिकमा यही ब्याचबाट प्रहरी नेतृत्व चयन हुनेछ। पछिल्लो ब्याचबाट बढुवा सिफारिस भएका तीनैजना व्यावसायिक रूपमा अब्बल छवि बनाएका अधिकृत हुन्।

कार्की र केसी बहुचर्चित नक्कली भुटानी शरणार्थी प्रकरणको सफल अनुसन्धान गरेका अधिकारी हुन्। कार्की जिल्ला प्रहरी परिसर, काठमाडौं तथा केसी काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको प्रमुख हुँदा शरणार्थी प्रकरणमा उच्च तहसम्मका व्यक्तिलाई कानुनी दायरामा ल्याएका थिए। त्यसअघि पनि विभिन्न कार्यालयमा रहँदा कार्यक्षमता र इमानदारी देखाएका अधिकृतका रूपमा उनीहरूको पहिचान छ।

एसएसपीका रूपमा अहिले पोखरेल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, कर्णाली प्रदेश प्रहरी कार्यालयमा दरबन्दी रहेका कार्की आइजिपीको सचिवालयमा, केसी प्रहरी प्रधान कार्यालयस्थित महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय र अधिकारी प्रधान

» पृष्ठ २ मा क्रमशः

फास्ट ट्र्याकको 'लेनडाँडा' सुरुङ 'ब्रेक थ्रु'

काठमाडौं-तराई/मधेश फास्ट ट्र्याक सडक आयोजनाअन्तर्गत ६ सुरुङमार्गमध्ये लेनडाँडा सुरुङमार्ग निर्माणमा सफलता



नयाँ पत्रिका

काठमाडौं-तराई/मधेश फास्ट ट्र्याक (द्रुतमार्ग) सडक आयोजनाअन्तर्गत ६ सुरुङमार्गमध्ये एउटा लेनडाँडा सुरुङमार्ग निर्माणमा सफलता मिलेको छ। सेनाले व्यवस्थापन गरेको आयोजनाअन्तर्गतको सुरुङमार्ग शुक्रबार वारपार छिचोलिएको छ। अर्को सुरुङमार्ग पनि छिचोलिने क्रममा रहेको सेनाले जनाएको छ।

» पृष्ठ २ मा क्रमशः

● **सहायकरथी गौरवकुमार केसी**, प्रवक्ता, सेना



राष्ट्रिय गौरवको काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजनाअन्तर्गत प्याकेज नं.२ मा रहेको मकवानपुरको बकैया र गढी गाउँपालिकामा निर्माणाधीन लेनडाँडा सुरुङमार्गको जोडी सुरुङ छिचोलिएको छ। द्रुतमार्ग निर्माणका सन्दर्भमा यो महत्त्वपूर्ण सफलता हो।

टिपताला नाका पुगे नेपालतर्फका गाडी

ओलाङचुङगोलामा रहेको टिपताला नाकासम्मको सडक चौडा गरिएपछि शुक्रबार एक्स्काभेटर र ट्र्याक्टर नाकासम्म पुऱ्याइयो





● **फक्ताङलुङ गाउँपालिका- ७ का वडाध्यक्ष छ्तेन शेर्पाले भने-**



पहिले नाकाबाट बोकेर सामान ल्याइन्थ्यो। यहाँको सामान पनि बोकेर पठाउनुपर्दथ्यो। अब त गाडीमा ल्याउन पाइने भयो। त्यसका लागि सरकारले नाका खोल्न पहल गरोस्।

ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**

चीनसँगको टिपताला नाकासम्म नेपालतर्फबाट पनि गाडी पुगेका छन्। टिपताला नाका पाँच हजार एक सय मिटरको उचाइमा रहेको नेपाल र चीनको सीमाक्षेत्र हो।

फक्ताङलुङ गाउँपालिका- ७ ओलाङचुङगोलामा रहेको टिपताला नाकासम्मको सडक चौडा गरिएपछि शुक्रबार एक्स्काभेटर र ट्र्याक्टर नाकासम्म पुऱ्याइएको हो। चीनतर्फबाट भने पाँच वर्षअघि नै टिपताला नाकासम्म गाडी आउने गरेका थिए।

गत चैतमा सदरमुकाम फुङलिङबाट ओलाङचुङगोलासम्म गाडी पुगेपछि तमोर करिडोर आयोजनाले टिपताला नाकासम्मको २४ किलोमिटर सडक स्तरोन्नति (पहिरो हटाउने, सडक चौडा गर्ने) काम गरेको हो। सडक स्तरोन्नति गरिरहेको एलाइट जेभी कम्पनीका साइट इन्चार्ज राजीव

» पृष्ठ २ मा क्रमशः

प्रधानमन्त्री र मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक गर्ने सरकारको निर्णय

०७४ देखि रोकिएको थियो मन्त्रिपरिषद्
सदस्यहरूको सम्पत्ति विवरण सार्वजनिक गर्ने अभ्यास

नयाँ पत्रिका

वर्तमान मन्त्रिपरिषद्का सदस्यहरूले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गरेको सम्पत्ति विवरण सार्वजनिक गर्ने निर्णय सरकारले गरेको छ। बाध्यकारी कानुनी व्यवस्था नभए पनि पारदर्शिताका दृष्टिले उच्चपदस्थ पदाधिकारीले सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने दबाब लामो समयदेखि उठेको वेला बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले यस्तो निर्णय गरेको हो। यससँगै ०७४ देखि रोकिएको अभ्यास पुनः सुरु हुने भएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेबसाइटमा उल्लेख भएअनुसार केही दिनअघि मात्र नियुक्त भएका स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप यादव र राज्यमन्त्री हसिना खानबाहेक सबैको सम्पत्ति विवरण प्राप्त भइसकेको छ। कार्यालयमा प्राप्त भएको यही सम्पत्ति विवरण सार्वजनिक गर्ने निर्णय सरकारले गरेको हो। प्रधानमन्त्री कार्यालयका एक अधिकारीले निर्णय भएअनुसार चाँडै सम्पत्ति विवरण सार्वजनिक हुने बताए।

गत २४ वैशाखमा राष्ट्रिय स्वतन्त्र पार्टीका

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

संसद् चलाउन प्रधानमन्त्री संवादमा

कमलराज भट्ट/नयाँ पत्रिका

संसद्मा जारी गतिरोध हटाउन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विपक्षी दलका नेताहरूसँग संवाद थालेका छन् । बिहीबार प्रतिनिधिसभामा सिर्जित धकेलाधकेलले तिक्ततापूर्ण बनेको राजनीतिक माहोललाई सौहार्दपूर्ण बनाउँदै मध्यमार्गी विकल्पमार्फत सहमतिमा पुऱ्याउन प्रधानमन्त्री प्रचण्डले सभामुख, सत्तापक्षका नेता र विपक्षी नेताहरूसँग छलफल अगाडि बढाएका हुन् ।

सहकारी अपचलनमा उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेको संलग्नता दाबी गर्दै प्रमुख प्रतिपक्षी कांग्रेसले फागुन तेस्रो सातादेखि संसदीय छानबिन समिति माग गरिरहेको छ । माग सम्बोधन नहुँदा कांग्रेसले संसद् अवरुद्ध गर्दै आएको छ । बिहीबार अवरोधबीच सदनको कारबाही अगाडि बढाउँदा कांग्रेस र एमाले सांसद आमनेसामने भएका थिए ।



● संसद्मा देखिएको तनाव कम गर्न प्रधानमन्त्रीद्वारा शुक्रबार संसद् भवनस्थित आफ्नो चेम्बरमा कांग्रेस प्रमुख सचेतक रमेश लेखक र कार्यव्यवस्था परामर्श समिति सदस्य रामहरि खतिवडालगायत नेताहरूसँग छलफल

● एमाले उपाध्यक्ष विष्णु पौडेल, प्रमुख सचेतक महेश बर्तौलालगायत सत्तारूढ नेताहरूसँग पनि गतिरोध हटाउनेबारे प्रधानमन्त्रीको परामर्श

● मध्यमार्गी विकल्पमा सहमत गराउने प्रयास, प्रतिनिधिसभा बैठक आइतबार ११ बजे

तनावपूर्ण अवस्थामा सभामुख देवराज घिमिरेले शुक्रबार ११ बजेसम्मका लागि बैठक स्थगित गरेका थिए । तर, तोकिएको बैठक दलीय असमझदारीका कारण बस्न सकेन । सहमति जुटाउने प्रधानमन्त्रीको प्रयासबीच सभामुखले प्रतिनिधिसभा बैठक आइतबार ११ बजेसम्मका लागि सारेका छन् ।

शुक्रबार प्रधानमन्त्री प्रचण्डले संसद् भवनस्थित आफ्नो चेम्बरमा कांग्रेस प्रमुख सचेतक रमेश लेखक, कार्यव्यवस्था परामर्श समिति सदस्य रामहरि खतिवडालगायत नेताहरूसँग छलफल गरेका थिए । छलफलमा सकारात्मक वातावरण बनेको र कांग्रेस नेतृत्वसँग मध्यमार्गी विकल्पमा थप संवाद गर्ने समझदारी बनेको एक सांसदले बताए । थप छलफलका लागि प्रधानमन्त्रीले कांग्रेस नेताहरूलाई साँझ ६ बजे बोलाएका थिए । 'प्रधानमन्त्रीजीले कुराकानी गर्न ६ बजे बोलाउनुभएको थियो,' प्रमुख सचेतक लेखकले भने, 'तर, उहाँको व्यस्तताले भोलि बिहान बसौं भन्ने भएको छ ।'

प्रधानमन्त्रीको सचिवालयका अनुसार कांग्रेस नेताहरूलाई शनिबार बिहान साढे ८ बजे बालुवाटार बोलाइएको छ । 'कांग्रेससँग मध्यमार्गी विकल्पमा पुनः सघन छलफल प्रारम्भ भएको छ । प्रधानमन्त्रीज्यूले शनिबार एउटा निष्कर्षमा पुऱ्याउनुहुन्छ,' माओवादीका एक सांसदले भने, 'मध्यमार्गी भनेको समितिको टिओआरमा माननीय रवि लामिछानेको नाम किटेर नराख्ने, बरु उहाँ जोडिएका सहकारीको नाम राख्न सकिने र लामिछानेले सदनमा बोल्ने हो । यो विकल्पले सहमतिमा पुऱ्याउनेमा प्रधानमन्त्री आशावादी हुनुहुन्छ ।'

कांग्रेस नेताहरू पनि बिहीबारको संसद् स्थगित गरेको भए यो विकल्पमा सहमतिमा पुगेर शुक्रबार समिति गठन भइसक्ने अवस्था पुगिसकिन्थ्यो भनेर सुनाउँछन् । 'तर, एमाले अध्यक्ष केपी ओलीजीको दबाबमा सभामुख र प्रधानमन्त्री पर्नुभयो । जबर्जस्ती बैठक पेलेर अगाडि बढाउँदा सहमतिको वातावरण बिथोलियो,' कांग्रेस सहमहामन्त्री जीवन परियारले भने ।

बिहीबार कांग्रेसले रवि लामिछाने र उनी जोडिएका सहकारीको नाम उल्लेख गरेर छानबिन गरी दोषी देखिएमा कारबाहीको सिफारिस गर्ने भन्ने कार्यदिश प्रस्ताव गरेको थियो । रास्वपाले रवि लामिछाने र उनी जोडिएका सहकारीको नाम उल्लेख नगरी समग्रतामा छानबिन गर्नुपर्ने प्रस्ताव गरेको थियो ।

महामन्त्री गगन थापाका अनुसार दुइटा फरक मस्यौदामा एकरूपता कायम गर्न र सहमतिको विन्दु पहिल्याउन कांग्रेसले बिहीबारको बैठक सार्न अनुरोध गरेको थियो । सत्तापक्षले अस्वीकार गरेर बैठक चलाएपछि वातावरण बिथोलिएको सहमहामन्त्री परियार बताउँछन् । रास्वपा प्रमुख सचेतक सन्तोष परियार कांग्रेसकै कारण सहमतिको वातावरण भाँडिएको दाबी गर्छन् ।

प्रधानमन्त्री प्रचण्डले शुक्रबार एमाले उपाध्यक्ष विष्णु पौडेल, प्रमुख सचेतक महेश बर्तौलालगायत सत्तारूढ नेताहरूसँग पनि गतिरोध हटाउनेबारे छलफल गरेका थिए । यद्यपि, बिहान ११ बजे बोलाइएको बैठक चलाउन सभामुख घिमिरेले शुक्रबार बिहानैदेखि प्रयत्न गरेका थिए । सभामुखका सञ्चारविज्ञ शेखर अधिकारीका अनुसार साढे १० बजे प्रमुख सचेतकहरू बोलाएर सभामुख घिमिरेले छलफल थालेका थिए । कांग्रेस र राप्रपा सचेतकहरू ढिलो आएका थिए ।

कांग्रेस सचेतक सुशीला थिङले सभापति शेरबहादुर देउवाको चेम्बरमा विपक्षी दलहरूको संयुक्त बैठक बसिरहेको जानकारी गराउँदै निर्णय आउँदासम्म परिवेदिन सभामुखलाई अनुरोध गरेकी थिइन् । साढे १२ बजे प्रमुख सचेतक लेखक, राप्रपा प्रमुख सचेतक ज्ञानबहादुर शाही, लोसपाका शरत्सिंह भण्डारी, जसपा नेपालका राजकिशोर यादव सचेतकहरूको बैठकमा सहभागी भए । उनीहरूले आफूहरूको बटमलाइन छानबिन समिति नै भएको जानकारी गराए ।

कांग्रेस संसदीय दलको ठहर- बिहीबार संसद्मा सभामुखको भूमिका तटस्थ भएन

कांग्रेस संसदीय दलको बैठकले बिहीबार संसद्मा भएको घटनामा सभामुखको भूमिका तटस्थ नभएको निष्कर्ष निकालेको छ । शुक्रबार बसेको संसदीय दलको बैठकले सभामुखले आफू निर्वाचित भएको दलको निर्देशनमा भूमिका खेलेको निष्कर्ष निकालेको हो ।

बैठकले सभामुखलाई निष्पक्ष भूमिका निर्वाह गर्न आग्रहसमेत गरेको छ । 'संसदीय इतिहास र परम्परामा विपक्षी दलले सभामा उभिएर विरोध जनाउँदा पनि बैठक अवरुद्ध भएको मानिन्छ । सम्माननीय सभामुखले प्रमुख विपक्षी दल बेलमा नारा लगाउँदा र अन्य सबै विपक्षी दल उभिएर विरोध जनाउँदासमेत बैठक सञ्चालन गर्ने कार्य उचित नभएको यो बैठक ठहर गर्दछ । संसदीय मान्यतामा सभामुखको भूमिका तटस्थ हुनु पर्दछ,' प्रमुख सचेतक रमेश लेखकले भने ।

कांग्रेसले सहकारी प्रकरणमा उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेमाथि संसदीय छानबिन समिति गठन गर्न पुनः मागसमेत गरेको छ । सहकारीका बचतकर्तालें राखेको रकमको सुरक्षाको ग्यारेन्टी र ठगीमा संलग्नमाथि छानबिनको सुनिश्चितता नभएसम्म संसदीय समिति गठनको मागबाट पछि नहट्ने कांग्रेसले स्पष्ट पारेको छ । सरकार यस विषयमा गैरजिम्मेवार बनेको र संलग्नको पक्षमा लागेको ठहर गरेको छ । कांग्रेसले सरकार र सत्तापक्षलाई संवेदनशील बन्न नसकेको भन्दै चेतावनीसमेत दिएको छ । 'यो विषय सम्पूर्ण नेपाली जनताको चासो र सरोकारको विषय भई संसद्बाहिर पनि गम्भीर रूपले उठिरहेको छ । संसदीय समिति गठन गर्नुपर्ने तथ्य निर्विवाद रूपले पुष्टि हुँदै आएको छ । नेपाली कांग्रेस संसदीय दलको यो बैठक संसदीय छानबिन समिति गठन गर्न पुनः जोडदार माग गर्दछ,' बैठकपछि कांग्रेसले जारी गरेको विज्ञप्तिमा छ । बैठकलगत्तै कांग्रेसले प्रतिपक्षमा रहेका दलहरूसँग छलफलसमेत गरेको थियो । कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले बैठकमा प्रतिपक्षमा रहेका सबै दलहरू समिति गठनको पक्षमा रहेको बताए ।

कांग्रेसले उत्ताउलोपन देखायो : ओली

एमाले अध्यक्ष केपी ओलीले संसद्मा कांग्रेसले उत्ताउलोपन देखाएको बताएका छन् । संघीय संसद् भवन नयाँ बानेश्वरमा शुक्रबार सञ्चारमीसँग कुरा गर्दै ओलीले बिहीबार संसद्मा भिडन्त भएको नभई कांग्रेसले उत्ताउलोपन देखाएको बताए । 'भिडन्त भएन । कांग्रेसहरूले उत्ताउलोपन देखाए । म बसेको ठाउँमा आए । सत्तापक्षको रोमा आए । अनेक अपशब्द बोल्ने काम गरे । त्यो त सभ्य व्यवहार भएन,' ओलीले भने । गृहमन्त्री रवि लामिछानेलाई सभामुखले सम्बोधनका लागि समय दिएपछि बिहीबार संसद्मा सत्तापक्ष-प्रतिपक्ष सांसदहरूबीच धकेलाधकेल र घम्साघम्सी भएको थियो । कांग्रेसले सत्ता गुमाउनुपरेको झोक आफूमाथि पोखेको ओलीको भनाइ छ । 'सरकाबाट मैले हटाइदिएको भन्ने आरोप लगाएको होला,' उनले भने ।

रेड नोटिस जारी भएका दुई अभियुक्तलाई युएईबाट पक्राउ गरी ल्याइयो

नयाँ पत्रिका

अपराध गरेर विदेश भागेका दुई अभियुक्तलाई नेपाल प्रहरीले अन्तर्राष्ट्रिय प्रहरी संगठन (इन्टरपोल)को सहयोगमा पक्राउ गरी ल्याएको छ । ज्यानसम्बन्धी कसुर र विद्युतीय कारोबार कसुरसम्बन्धी मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भएका दुईजना फरार प्रतिवादीलाई संयुक्त अरब इमिरेट्सबाट ल्याइएको हो ।

मोरङको लेटाङ नगरपालिका- ३ ठेगाना भएका ४१ वर्षीय बलबहादुर लिम्बू र नवलपरासी पूर्व मध्यविन्दु नगरपालिका- १३ ठेगाना भएका २३ वर्षीय सन्तोष न्यौपानेलाई प्रहरीले पक्राउ गरी ल्याएको हो । इन्टरपोलको सहयोग र एनसिबी अबुधाबी युएईको समन्वयमा उनीहरूलाई पक्राउ गरी ल्याइएको प्रहरी प्रवक्ता एसएसपी दानबहादुर कार्कीले बताए ।



पक्राउ परेकामध्ये लिम्बू ज्यानसम्बन्धी कसुर मुद्दामा फरार थिए । जिल्ला अदालत मोरङबाट पक्राउ पुर्जी जारी भई वैदेशिक रोजगारको सिलसिलामा युएईमा रहेका खुल्न आएपछि उनलाई अन्तर्राष्ट्रिय स्तरमा खोजतलास एवं पक्राउ गर्नका लागि इलाका प्रहरी कार्यालय लेटाङले प्रक्रिया अघि बढाएको थियो । एनसिबी काठमाडौंको अनुरोधमा उनीविरुद्ध इन्टरपोल महासचिवालयबाट सन् २०२४ फेब्रुअरी ७ मा रेड नोटिस जारी भएको थियो ।

यसैगरी, विद्युतीय कारोबार कसुरसम्बन्धी मुद्दामा सन्तोषउपर जिल्ला अदालत काठमाडौंबाट पक्राउ पुर्जी जारी भई वैदेशिक रोजगारको सिलसिलामा युएईमा रहेका खुलेपछि रेड नोटिस प्रक्रिया अघि बढेको थियो । सन् २०२३ जुलाई १० मा रेड नोटिस जारी भएकोमा त्यसको करिब एक वर्षपछि उनी पक्राउ परेका हुन् ।

बलबहादुरलाई इलाका प्रहरी कार्यालय लेटाङ मोरङमा र सन्तोषलाई साइबर ब्युरोमा आवश्यक अनुसन्धान एवं कारबाहीका लागि बुझाइएको प्रहरी प्रवक्ता कार्कीले बताए । नेपालको अन्य देशसँग सुपुर्दगी सन्धि नभए पनि इन्टरपोलको समन्वयमा सम्बन्धित देशबाट निष्कासनको प्रक्रियामार्फत फरार अभियुक्तहरूलाई पक्राउ गरी ल्याउने गरेको छ ।

दैनिक आउजाउमै...

पृष्ठ १ बाट क्रमशः

दूरी, बालबालिकाले खेपेको हैरानी, सिकाइ, मनोविज्ञानबारे उहाँहरू बुझ्नुहुन्न,' प्रा.डा. पाठकले भनिन्, 'काठमाडौंका महँगा स्कुलहरूले लामो यात्रा गराएर विद्यार्थी बोक्दा त्यसबाट विद्यार्थीमाथि अत्याचार भइरहेको छ भने उनीहरूको सिकाइ र विकासमा प्रत्यक्ष असर परिरहेको छ । घण्टौंसम्मको यात्रा गराएर पढाउन पठाउनु राम्रो होइन, यसले विद्यार्थीलाई निकै असर गरिरहेको छ ।'

भक्तपुरको गुन्डुमा रहेको काठमाडौं वर्ल्ड स्कुलमा नजिकका भन्दा टाढाका विद्यार्थी धेरै छन् । महँगो शुल्क लिने यस विद्यालयको 'भ्यान' बिहान ५:३० बजेदेखि नै विद्यार्थी बोक्न गुद्छ । यो स्कुलले भक्तपुरको खरिपाटी र ललितपुरको सातदोबाटोलगायत क्षेत्रबाट मात्रै होइन, काठमाडौंको चाबहिल, बाँसबारी, काभ्रेस्थली, बालाजु, कलंकी हुँदै थानकोटसम्मका विद्यार्थी ओसार्छ । विभिन्न ठाउँबाट विद्यार्थी उठाउँदै सहर परिक्रमा गराउँदै ८:३० बजे विद्यालय पुऱ्याउँदा कतिपय विद्यार्थी झन्डै ३० किलोमिटरसम्म यात्रा गर्न बाध्य हुन्छन् । विद्यालय छुट्टेपछि घर फर्किंदाको कथा पनि उस्तै हो । यसरी घण्टौं बसयात्रा गरेर स्कुल जाउआउ गर्दा आफ्नो बच्चामा शारीरिक र मानसिक कस्तो असर पर्छ अभिभावकले पनि ध्यान दिएका छैनन् ।

विद्यार्थी ओसार्न काठमाडौं वर्ल्ड स्कुललाई पनि माथ गरेको छ ललितपुरको जावलाखेलस्थित डिएभी सुशील केडिया स्कुलले । यहाँ कीर्तिपुर, बुढानीलकण्ठ, चोभार, नैकाप, टीकाभैरव, चापागाउँ, गोदावरी, गोंगबु, बालाजु, काभ्रेस्थलीदेखि काभ्रेको साँगासम्मका विद्यार्थी पढ्छन् । बिहान ७:३० बजेदेखि नै कक्षा सञ्चालन गर्ने डिएभीले विद्यार्थी टिप्न ५:३० बजेदेखि नै बस सञ्चालन गर्छ । काठमाडौं, भक्तपुर, ललितपुरदेखि काभ्रेपलाञ्चोकसम्मबाट विद्यार्थी ओसार्न दैनिक ६५ वटा भाडाका बस सञ्चालन गर्दै आएको विद्यालयका अध्यक्ष अनिल केडियाले बताए ।

'हामीले काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोकसम्मका विद्यार्थी दैनिक बसमा ओहोरदोहोर गराउँछौं,' उनले भने, 'अभिभावक र विद्यार्थीले रोजेपछि दूरीले केही गर्दैन, जहाँबाट आए पनि विद्यार्थीले थकान महसुस गरेको थाहा छैन, एकै ठाउँमा बच्चा पाइँदैन, अब त भन् विद्यार्थीको खडेरी हुँदै छ ।' सरकारी निर्देशिकाबारे आफूलाई जानकारी नभएको उनले बताए । यो विद्यालयमा हाल दुई हजार सात सय विद्यार्थी अध्ययनरत छन् ।

बुद्धनगरमा रहेको रोजबड स्कुलमा पनि टाढाटाढाबाट विद्यार्थी आउँछन् । स्कुल बसले कलंकी, नैकाप, ललितपुरको चापागाउँ, गोदावरी, बुढानीलकण्ठलगायत क्षेत्रबाट विद्यार्थी ओसार्छ । त्यस्तै, मोडर्न इन्डियन स्कुल विद्यार्थीलाई लामो यात्रा गराउने अर्को विद्यालय हो । चोभारस्थित यो विद्यालयमा काठमाडौंको टोखादेखि जोरपाटीसम्मका विद्यार्थी अध्ययनका लागि आउँछन् । विद्यालयले दैनिक ३०-४० किलोमिटर घुमाउँदै विद्यार्थी ल्याउने र लैजाने गर्छ ।

बिहान ७ बजेदेखि नै विद्यार्थी ओसार्न गाडी पठाउने ज्ञानेश्वरस्थित ग्यालेक्सी स्कुलमा पनि ललितपुर र भक्तपुरका टाढा-टाढासम्मका विद्यार्थी आउँछन् । यो विद्यालयले दैनिक २० किलोमिटरभन्दा बढी यात्रा गराएर विद्यार्थी ओसार्छ । त्यस्तै, ललितपुरको खुमलटार र काठमाडौंको बाँसबारीमा रहेको युलेन्स स्कुलले ललितपुरका चापागाउँ, लेले, टीकाभैरव, काठमाडौंका बालाजु, सीतापाइला, गोंगबु, काभ्रेस्थली र भक्तपुरका सल्लाघारी, सूर्यविनायकलगायत ठाउँबाट विद्यार्थी ल्याउँछ । यो विद्यालयले कक्षा ११ र १२ पनि ललितपुरमै पढाउँछ । युलेन्सले पनि दैनिक २० किलोमिटरभन्दा टाढाबाट विद्यार्थी ओहोरदोहोर गराउँछ ।

तर, विद्यालयका प्रिन्सिपल मिदेन लामिछाने कक्षा ११ र १२ का विद्यार्थीका लागि ललितपुरमा मात्रै पढाइ हुने भएकाले उनीहरूले मात्रै अलि लामो यात्रा गर्नुपरेको बताउँछन् । 'सकेसम्म दूरी कम पर्ने गरी काठमाडौं र ललितपुरका विद्यार्थी भर्ना गर्छौं, ११ र १२ मा भने ललितपुरमा मात्रै पढाइ हुने भएकाले टाढा-टाढाबाट यात्रा गर्छन्,' उनले भने, 'जाम हुने समयअगावै विद्यार्थीलाई ओहोरदोहोर गराउँछौं ।' उनका अनुसार युलेन्समा हाल एक हजार तीन सय विद्यार्थी छन् भने विद्यार्थी बोक्न ६० वटा भ्यान छन् । टाढाटाढाबाट विद्यार्थी ल्याउनुपर्ने भएकाले विद्यालयले सवारीसाधनको संख्या पनि धेरै राखेको हो ।

काठमाडौंको सुन्दरीजलस्थित रहेको ड्याफ्फुडिल स्कुलले चाबहिल, गोंगबु, कोटेश्वरलगायत क्षेत्रका विद्यार्थीलाई ओसार्छ । ललितपुरको प्रिमियर स्कुलमा पनि सूर्यविनायक, चाबहिल, गोंगबु, कलंकी, नैकापलगायत क्षेत्रसम्मका विद्यार्थी पढ्छन् । त्यस्तै, हात्तीवनस्थित लिटिल एन्जेल्स स्कुलले बुढानीलकण्ठदेखिका विद्यार्थी बोक्छ । हात्तीवनदेखि बुढानीलकण्ठसम्मको सीधा दूरी नै २० किलोमिटर छ । विभिन्न ठाउँका विद्यार्थी उठाउँदै घुमिफिरी जाँदा दूरी निकै बढ्छ । यो विद्यालयले सूर्यविनायक, टोखा, थानकोट, बालाजु, चाबहिल, गोकर्णेश्वरलगायत क्षेत्रबाट विद्यार्थी ओसार्छ । हात्तीवननजिकै धापाखेलमा रहेको जेम्स स्कुलले पनि टोखा, थानकोट, कलंकी, गोंगबुलगायत ठाउँबाट विद्यार्थी उठाउँछ ।

नेपाल अभिभावक महासंघका अध्यक्ष सुप्रभात भण्डारी राज्यमा चिनिएका विद्यालयले नै राज्यको नियम मिचेर विद्यार्थीलाई यातना दिएको बताउँछन् । यसलाई रोक्न सरकारी निकायले अनुगमन गर्नुपर्ने उनको भनाइ छ । 'उपत्यकाभित्र नाम चलेका विद्यालयले विद्यार्थीलाई लामो यात्रा गराएर विद्यालय पुऱ्याउँछन्, जसका कारण उनीहरूको मनस्थितिमा असर परिरहेको हुन्छ । यात्रा गर्दा नै थाकेपछि विद्यार्थीले कसरी राम्रो पढ्न सक्छ ?' उनले भने, 'यसमा अभिभावकले पनि राम्ररी सोच्न जरुरी छ । विद्यालय राम्रो छ भनेर सुन्दैमा लामो यात्रा गराएर पढ्न पठाउनु ठीक होइन । नियम उल्लंघन गर्ने विद्यालयमाथि सरकारी निकायले अनुगमन गरेर कारबाहीसमेत गर्नुपर्छ ।'

निजी तथा आवासिय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सान)का अध्यक्ष डिके दुंगानाले स्कुलहरूले नभएर केटाकेटीलाई टाढाटाढाका विद्यालयमा पठाएर अभिभावकहरूले यातना दिइरहेको बताए । प्याब्सनका तर्फबाट त्यसबारे अभिभावकहरूलाई सुझाव दिइएको भए पनि बेवास्ता गरिएको उनको भनाइ छ ।

'अभिभावकले पठाए मात्रै टाढाटाढाबाट विद्यार्थी आउने हुन् । यो धेरै पहिलेदेखिको समस्या हो । यसमा स्कुलभन्दा पनि अभिभावकले सोच्नुपर्छ । नजिकको स्कुल छाडेर टाढा पठाउनु अभिभावकले केटाकेटीहरूलाई दिएको यातना हो । हामीले त नजिकको विद्यालयमा पढाउनुस् भनेका छौं । तर, नजिकका विद्यालयलाई नपत्याएर टाढा पठाउनु राम्रो होइन,' अध्यक्ष दुंगानाले भने, 'यस विषयमा प्याब्सनले ०७४ मा अध्ययन नै गरेको थियो । त्यसमा निकै टाढाबाट विद्यार्थी पढाउन पठाइएको पाइयो । हामीले अभिभावकलाई 'यसो नगर्नुस्' भनेर सुझाएका थियौं । निजी स्कुलको दोष धेरै देखिँदैन । किनकि स्कुलले जबर्जस्ती टाढाबाट ल्याएको होइन । अभिभाकले धेरै टाढासम्मको स्कुल रोज्दा बालबालिकाले यातना भोगिरहेका छन् ।'

टिपताला नाका...

पृष्ठ १ बाट क्रमशः

लामिछानेका अनुसार तमोरको किनार भएर टिपताला गाडी पुगेका हुन् ।

ओलाङचुङगोलादेखि टिपताला नाकासम्मको २४ किलोमिटर सडक तीन करोड खर्चेर चार वर्ष घि नै ट्याक खुलेको थियो । नाका बन्द हुनु (कोभिड)अघि तिब्बतको रिगुबाट गाडीमा ल्याएको खाद्यान्नलगायतका सामग्री टिपताला नाका भारिन्थ्यो । त्यसपछि भने चौंरी र भरियामार्फत बोकेर ओलाङचुङगोलासम्म ल्याएर स्थानीयले उपभोग गर्दथे । तर, अहिले गाडी टिपताला नाकासम्मै पुगे पनि नाका भने खुलेको छैन ।

अब चीनसँगको नाका खुलेपछि स्थानीयलाई सहज हुने फक्ताङलुङ गाउँपालिका- ७ का वडाध्यक्ष छेतेन शेर्पाले बताए । 'पहिलो नाकाबाट बोकेर सामान ल्याइन्थ्यो । यहाँको सामान पनि बोकेर पठाउनुपर्थ्यो,' उनले भने, 'अब त गाडीमा ल्याउन पाइने भयो । त्यसका लागि सरकारले नाका खोल्न पहल गरोस् ।'

चीन र भारतसँग जोड्ने तमोर करिडोरअन्तर्गतको टिपताला नाका रणनीतिक महत्त्वको नाका हो । टिपतालाबाट विराटनगरस्थित रानी भन्सारको दूरी करिब दुई सय ९२ किलोमिटर छ ।

नेपाल...

पृष्ठ १ बाट क्रमशः

कार्यालयको मानव स्रोत विकास विभागमा कार्यरत छन् । बढुवा हुँदा पोखरेलले ७४.७४, कार्कीले ७३.९७, केसीले ७३.७२ र अधिकारीले ७३.४७ नम्बर प्राप्त गरेको बढुवा समितिले जनाएको छ । ज्येष्ठता, कार्यक्षमता, दुर्गममा काम गरेको, शैक्षिक योग्यता, जोखिमपूर्ण काम गरेकालगायतका आधारमा बढुवा समितिले नम्बर दिने गरेको छ । 'मुख्यगरी कार्यक्षमता र इमानदारीलाई हेरेर बढुवा गरिएको हो,' गृह मन्त्रालयका एक उच्च अधिकारीले भने ।

फास्ट ट्रयाक...

पृष्ठ १ बाट क्रमशः

'राष्ट्रिय गौरवको काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजनाअन्तर्गत प्याकेज २ मा रहेको मकवानपुरको बकैया र गढी गाउँपालिकामा निर्माणाधीन लेनडाँडा सुरुङमार्गको जोडी सुरुङ एउटा छिचोलिएको छ,' सेनाका प्रवक्ता सहायकरथी गौरवकुमार केसीले भने, 'द्रुतमार्ग निर्माणका सन्दर्भमा यो महत्त्वपूर्ण सफलता हो ।'

जम्मा १६ सय ३३ मिटर लम्बाइ रहेको काठमाडौंबाट निजगढतर्फ जाने सुरुङमार्ग छिचोलिएको हो । 'निगगढबाट काठमाडौं आउने यही लम्बाइको सुरुङमार्ग पनि छिचोलिने क्रममा छ,' केसीले भने । तीन निर्माणाधीन सुरुङमार्गमध्ये निकट भविष्यमा दुवैतर्फको सुरुङमार्ग छिचोलिएको औपचारिक घोषणा गर्ने कार्यक्रम रहेको उनले बताए ।

ललितपुरको खोकनादेखि निजगढसम्म द्रुतमार्गको कुल लम्बाइ ७२.५ किलोमिटर छ भने द्रुतमार्ग ११ प्याकेजमा छ । केसीका अनुसार १० प्याकेजको ठेक्का प्रक्रिया पूरा भएको छ । खोकनाबाट सुरु हुने ११औं प्याकेजको स्थानीय बासिन्दाको अवरोधका कारण ठेक्का प्रक्रिया नै सुरु हुन सकेको छैन । खोकनामा जग्गा अधिग्रहण हुन सकेको छैन ।

फास्ट ट्रयाकलगायत पाँच परियोजना त्यस क्षेत्रमा पुग्ने र बस्तीलाई ठूलो असर गर्ने भन्दै स्थानीय विरोधमा छन् । यद्यपि, त्यहाँ फास्ट ट्रयाक तथा विद्युत्को हाइटेन्सन लाइनबाहेकका परियोजनामा प्रगति भएको छैन । स्थानीयले तोकिएभन्दा थप मुआब्जाको माग पनि गरेका छन् । खोकनामा चार सय ११ रोपनी जग्गा अधिग्रहण टुंगिन बाँकी छ ।

सरकारले १ वैशाख ०७१ मा द्रुतमार्ग निर्माण गर्ने जिम्मा सेनालाई दिएको थियो । डिपिआरअनुसार फास्ट ट्रयाकको लागत भ्याटसहित कुल एक खर्ब ७५ अर्ब रुपैयाँ अनुमान थियो । ०८१ सम्म सम्पन्न हुने अवस्थामा यो बजेट अनुमानित थियो । तर, मूल्यवृद्धिलगायत मूल्यांकनका आधारमा कुल लागत दुई खर्ब १३ अर्बसम्म पुग्न सक्ने सेनाको डिपिआरमा उल्लेख छ । द्रुतमार्ग सम्पन्न हुने अवधि दुई वर्ष थपिएर ०८३ वैशाख पुगेको छ ।

अब द्रुतमार्गको लागत बढ्ने अनुमान छ । द्रुतमार्गमा जम्मा ११ किलोमिटरमा ८७ पुल निर्माण हुनेछन् भने कुल साढे ६ किलोमिटरमा तीन जोडी (६) सुरुङमार्ग निर्माण हुनेछन् । महादेवडाँडा, धेद्रे र लेनडाँडामा सुरुङ निर्माण हुनेछन् । द्रुतमार्गमा एकतर्फी यातायात सञ्चालन हुने गरी जुम्ल्याहा सुरुङमार्ग निर्माण हुनेछ ।

सरकारले १ भदौ ०७६ मा डिपिआर स्वीकृत गरेको थियो । त्यही मितिबाट साढे चार वर्ष (०८१ पुससम्म)मा द्रुतमार्ग निर्माण सक्ने लक्ष्य सेनाको थियो । अब ०८३ को समयसीमा छ । समयमै द्रुतमार्ग सम्पन्न गर्न प्रतिबद्ध रहेको सेनाले जनाएको छ ।

प्रधानमन्त्री...

पृष्ठ १ बाट क्रमशः

तर्फबाट सरकारमा रहेका उपप्रधानमन्त्री तथा मन्त्रीहरूले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गरिदिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पत्राचार नै गरेका थिए । आफूहरूले बुझाइसकेको सम्पत्ति विवरण सार्वजनिक गरिदिन उनीहरूले एकैपटक अलगअलग रूपमा प्रधानमन्त्री कार्यालयमा पत्राचार गरेका थिए ।

भ्रष्टाचार निवारण आयोग ऐन, २०५९ को दफा ५० मा 'सार्वजनिक पद धारण गरेको ६० दिनभित्र र त्यसपछि हरेक नयाँ आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र सम्पत्ति विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारीसमक्ष पेस गर्नुपर्ने' व्यवस्था छ । त्यस्ता व्यक्तिले आफ्नो र परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सासहितको अद्यावधिक विवरण पेस गर्नुपर्छ ।

यसरी प्राप्त भएको सम्पत्ति विवरण गोप्य राख्ने व्यवस्था भए पनि प्रधानमन्त्री र मन्त्रीहरूका हकमा सार्वजनिक गर्ने अभ्यास चलिआएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ मा पनि यससम्बन्धी व्यवस्था छ ।

विस्तारपछि कोशीमा दश सदस्यीय मन्त्रिपरिषद्

झापा/ कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले मन्त्रिपरिषद् विस्तार गरेका छन् । शुक्रबार सात मन्त्री थप्दै मन्त्रिपरिषद् विस्तार गरेका हुन् । यसअघि मुख्यमन्त्रीसँगै दुई मन्त्री नियुक्त भएका थिए । अब कोशी प्रदेशको मन्त्रिपरिषद् १० सदस्यीय बनेको छ । तर, मन्त्रिपरिषद्ले पूर्णता पाउन सकेको छैन । एक मन्त्रालय मुख्यमन्त्री आफैंले राखेका छन् ।

गत २७ वैशाखमा मुख्यमन्त्री नियुक्त भएका कार्कीले ३१ वैशाखमा विश्वासको मत लिएका थिए । कांग्रेसको बहिष्कारबीच विश्वासको मत लिएका कार्कीले शुक्रबार एमाले र माओवादीलाई समेट्दै मन्त्रिपरिषद् विस्तार गरेका हुन् । नवगठित मन्त्रिपरिषद्मा एमालेबाट मुख्यमन्त्रीसहित ६ र माओवादीबाट चारजना मन्त्री बनेका छन् ।



हिक्मत कार्की, मुख्यमन्त्री


मुख्यमन्त्रीसँगै नियुक्त भएका एमालेका रामबहादुर मगर र माओवादीका गणेश उप्रेतीलाई पनि शुक्रबार जिम्मेवारी दिएका छन् । मन्त्रिपरिषद्मा एक हप्ता विनाविभागीयमन्त्री बनेका मगरलाई आर्थिक मामिला तथा योजना मन्त्रालयको जिम्मेवारी दिइएको छ । यस्तै, उप्रेतीलाई भौतिक पूर्वाधार विकास मन्त्रालयको जिम्मेवारी दिइएको छ । यस्तै, नयाँ मन्त्रीहरूमा एमालेबाट आन्तरिक मामिला तथा कानुन लीलाबल्लभ अधिकारी, खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालयमा एकराज कार्की, सामाजिक विकास मन्त्रालयमा पाँचकर्ण राई तथा सिर्जना राईलाई मुख्यमन्त्री कार्यालयको राज्यमन्त्रीको जिम्मेवारी दिइएको छ ।

यस्तै, माओवादीबाट उप्रेतीसहित स्वास्थ्यमन्त्री राजेन्द्र कार्की, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा नारायण बुर्जा मगर र पर्यटन, वन तथा वातावरण राज्यमन्त्रीमा बन्दना भाँगडलाई नियुक्त गरिएको छ । उद्योग, कृषि तथा सहकारी मन्त्रालय मुख्यमन्त्री आफैंले राखेका छन् । नवनियुक्त मन्त्रीहरूले प्रदेश प्रमुखको कार्यालयमा पद तथा गोपनीयताको शपथ शुक्रबार नै लिएका छन् । मुख्यमन्त्री कार्कीलाई एकीकृत समाजवादी र जनता समाजवादी पार्टीले पनि विश्वासको मत दिएका थिए । तर, उनीहरूलाई भने मन्त्रिपरिषद्मा समेटिएको छैन । 'एकीकृत समाजवादीले विश्वासको मत दिए पनि विपक्षमा बस्ने भनेको छ । जसपा सरकारमा आउने भनेको छ,' माओवादी संसदीय दलका नेता इन्द्र आङ्बोले भने, 'तर, हामी छलफलमा छौं । एकीकृत समाजवादी र जसपालाई पनि समेटेर

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार ५ जेठ ०८१
nayapatrikaofficial @naya_patrika


स्क्रिप्ट होइन, निबन्ध लेखिरहेका छौं

सिनेमाको कथा समाजको विविधतामा छ, तर हामी ती विविधताबाट धेरै पर जाँदै छौं



● **मीन भाम**
चलचित्र निर्देशक

नेपाली सिनेमालाई विश्व मञ्चमा पुऱ्याउन लागिपरेका निर्देशकमध्ये एक हुन् मीन भाम। उनको छोटो सिनेमा 'बाँसुल्ली' 'भेनिस' फिल्म फेस्टिभल पुग्ने पहिलो नेपाली सिनेमा थियो। अर्को सिनेमा 'कालोपोथी' भेनिसलगायत दर्जनौं अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा प्रदर्शन भएको थियो। केही समयअघि मात्रै उनको दोस्रो फिचर सिनेमा 'शाम्बाला' पनि बर्लिन फिल्म फेस्टिभलको मुख्य प्रतिस्पर्धामा प्रदर्शनका लागि छानिएको थियो। निर्देशक भामसँग नेपाली सिनेमाको कथामा केन्द्रित रही **पवन बराइली**ले कुराकानी गरेका छन् :



सिनेमा

> संसारमा हरेक कथा नयाँ हुन्छन्, सँगसँगै ती पुराना पनि हुन्छन्। हामीले कुन शैली र संरचनामा कथा पस्क्यौं ? त्यो कथाले कति ताजापन बोकेर आयो ? हामीले के कथा भनिसकेका छौं ? यो महत्त्वपूर्ण पक्ष हो।

नेपाल दक्षिण एसियाकै विविधता धेरै भएको देश हो। यहाँ जातीय, सामाजिक र भाषिक विविधता धेरै छ। संरचनात्मक र भाषागत विविधता मात्रै होइन, अनुहारमै पनि विविधता छ। यी सबै कथा र पात्रका लागि बहुआयामिक विषय हुन्। यसबारे हामीले आजसम्म बहस गरेनौं। हामीलाई सिनेमा नेपाली भाषामै बन्नुपर्छ र चलिआएको मान्यतामै बन्नुपर्छ भन्ने लाग्छ। कथाका मुख्य पात्रहरू खसआर्य नै हुनुपर्छ भन्ने लाग्छ। त्यसलाई हामी मूलधार मानेर अड्किरहेका छौं। चलिआएका यिनै मान्यताबाट हामी अघि बढ्न सकेनौं। हाम्रो समाजमा यति धेरै विविधिता छ, ती विविधता सिनेमाका लागि ठूलो सम्पत्ति हो। हाम्रो सिनेमाको कथा ती नै विविधतामा छ। तर, हामी ती विविधताबाट धेरै पर जाँदै छौं। हामीले सिनेमामा प्रत्यक्ष-अप्रत्यक्ष भोगाइ र यसले समाजमा पारेको प्रभाव केलाएनौं। हामीले फरक भूगोलका कथा, भाषा र जातजातिका कथ्यशैली अझ बढी खोतलेनौं जसले गर्दा धेरै विषय छुटे। अहिले सहरको भन्दा गाउँको कथा भन्ने ट्रेन्ड आएको छ। यो आफैंमा राम्रो पक्ष हो। तर, हामी गाउँका दृश्यको पछाडि मात्रै दौडियौं। यो प्रश्न आफ्नै लागि पनि हो। जुन ठाउँको सिनेमा बनाउने हो त्यहाँको सभ्यता, संस्कृति राम्रोसँग बुझेर दृश्यमा ल्याउन सकियो कि सकिएन मुख्य विषय यो हो। तर, बजारले बनाएको मानक र आफ्नो सहजता खोज्दा विविधता ओझेलमा परिरहेका छन्।

> कथाको मौलिकपन भनेकै विविधता हो। नेपाली सिनेमाको कथाहरूमा फरक भूगोल, समाज, भाषा, संस्कृति, सभ्यता र जातजातिको उपस्थिति र प्रतिनिधित्व कसरी हुन्छ ? यस्तो विषयमा राज्यले प्रोत्साहन गर्नुपर्ने हो। तर, राज्यले विविधतालाई गर्भमै नष्ट गरिदिन्छ। यसले सिनेमेकरहरूलाई निरुत्साहित बनाउँछ।

सिनेमामा विषय नै मुख्य होजस्तो लाग्दैन। विषय जे पनि हुन सक्छ, सिनेमामा कथा कसरी भनिरहेका छौं यो महत्त्वपूर्ण हो। यसले वर्ल्ड सिनेमामा कस्तो अर्थ राख्छ ? उपस्थिति कहाँ हुन्छ ? हामी दृश्यभाषालाई कसरी कायम गर्दै जान्छौं ? भन्नेले ठूलो अर्थ राख्छ। अहिलेसम्म सिनेमामा कथाभन्दा दृश्यभाषा हाबी छ। सुनिने माध्यम कम छ। यो पक्षलाई हामीले बिर्सियौं। मानौं एक करोड बजेट भएको सिनेमामा कम्तीमा २० लाख प्रविधिका अन्य पक्षमा खर्च गर्छौं। तर, साउन्डमा दुई लाख खर्च गर्न डराउँछौं। संरचनागत र शैलीगत रूपमा हेर्दा हामी साउन्डमार्फत कथा भनिरहेका छौं। तर, रेडियो नाटकजस्तै गरी भनिरह्यौं। संवादको माध्यमबाट कथावाचन शैली अपनाइरहेका छौं। यो म आफैं पनि स्वीकार गर्छु। 'कालोपोथी'सम्म आइपुग्दा जानेर-नजानेर धेरै ठाउँमा चुकेछु। संवादको माध्यमबाट मात्रै पो कथा भनिरहेको रहेछु। म झसंग भएँ। सिनेमालाई एकछिन 'म्युट' गरेर हेर्दा १० प्रतिशत कथा पनि नबुझिनेरहेछ। कथ्यगत र शैलीगत हिसाबले मात्रै फरक भएछ। सिनेमामा महसुस हुने दृश्यभाषा मुख्य हुन्छ। तर, हामीले त्यसलाई प्राथमिकतामा राखेनौं। हामीले धेरैजसो संवादमार्फत बुझाउन थाल्यौं। यसरी त विश्व सिनेमाको 'ग्रामर क्रिएट' गर्ने विषयमा हाम्रो योगदान के रहने भयो र ? हामी त निकै तल घुमिरहेका छौं।

हामी स्क्रिप्ट नै निबन्धजसरी लेखिरहेका रहेछौं। हामीलाई सिनेमा लेखेर र बोलेर बुझाउनुपर्छ भन्ने लाग्यो। नेपालभित्र जुन मानक बनायौं, त्यही मानकवरिपरि हामी घुमिरहेका छौं। कोरियन सिनेमा भन्नेबित्तिकै लभ स्टोरी र थ्रिलर हाम्रो दिमागमा आउँछ। इरानी सिनेमा भन्नेबित्तिकै हाम्रो दिमागमा अर्कै दृश्य आउँछ। हामीले दृश्यभाषाको शैलीगत र संरचनागत रूपरेखा कोर्न सकेनौं। अलमलिँदै-रमाउँदै कतै हरायौं। तर, पछिल्लो समय नेपाली सिनेमामा शुभसंकेत पनि देखिँदै छ। यो नेपाली सिनेमाका लागि गौरवको विषय पनि हो। नेपाली सिनेमाले वर्ल्ड सिनेमामा प्रतिनिधित्व गर्न थालेका छन्।

चार-पाँच दशकअघिसम्म जापानिज सिनेमाले वर्ल्ड सिनेमामा एसियाको प्रतिनिधित्व गर्थ्यो। वर्ल्डमा जापानिज सिनेमाले ह्विम नै ल्याएको थियो। त्यसवेला संसारको आँखा जापानतिर थियो। पछि त्यो ह्विम इरानतिर गयो। इरानले वर्ल्ड सिनेमामा कायापलट नै गऱ्यो। त्यो ह्विम इरानपछि पछिल्लो दशक दक्षिण कोरियातिर सऱ्यो। अहिले दक्षिण कोरियाको सिनेमा वर्ल्ड सिनेमाको सबैभन्दा उपल्लोस्तरमा बन्छ। पछिल्लो समय भियतनामी सिनेमाले वर्ल्ड सिनेमामा आफ्नो जबर्जस्त दबदबा देखाइरहेको छ। लामो युद्धपछि आर्थिक विकास, भाषा, संस्कृति र सभ्यताको लडाइँ लडेर आएको देश हो भियतनाम। अब भियतनामपछि वर्ल्ड सिनेमाको आँखा नेपालतिर छ।

भारतको जनसंख्या विशाल छ। त्यहाँको सिनेमा उद्योगमा खर्बौंको लगानी हुन्छ। वर्षमा त्यहाँको एकाध सिनेमा कान्स, टोरोन्टो, भेनिस, बर्लिन फिल्म फेस्टिभलको मुख्य प्रतिस्पर्धामा पुग्नु गौण हो। नेपालको सिनेमा उद्योग सानो छ। नेपाली सिनेमाको इतिहास पनि लामो छैन। त्यसमाथि राज्यको समर्थन, संवर्द्धन र लगानी शून्य छ। तर, पनि नेपाली सिनेमाले धेरै ठूलो कायापलट गर्दै छ। विश्व सिनेमामा दक्षिण एसिया भन्नेबित्तिकै नेपाली सिनेमा अग्रपंक्तिमा आउन थालेको छ। पछिल्लो दुई दशकयता विश्व सिनेमाको भाषा निर्माण गर्ने कान्स, बर्लिन, भेनिस, टोरोन्टो, लोकार्नो, सन्डान्स, बुसानजस्ता फेस्टिभलमा नेपाली सिनेमा भिड्न गइरहेको छ। यी फेस्टिभलमा वर्षमा दुई-तीनवटा नेपाली सिनेमा पुग्न थालेका छन्। यो वर्ष मात्रै नवीन दाइ (नवीन सुब्बा)को 'गाउँ आएको बाटो' टोरोन्टो, बुसानलगायत फेस्टिभलमा पुग्यो। 'साम्बाला' पनि बर्लिनको मुख्य प्रतिस्पर्धामा छनोटमा पऱ्यो। यसले विश्व सिनेमाको ध्यान नेपालतिर केन्द्रित हुँदै छ भन्ने देखाउँछ। नेपाली सिनेमामा फरक जातजति, भूगोल र भाषाका कथा आउन थालेका छन्। फरक भूगोल र जातजातिका फिल्म मेकर पनि जन्मिएका छन्। सिनेमाको अध्ययन गरेर सिनेमा बनाउने जमात बढ्दो छ। यसर्थ, हामी उकालो लाग्दै छौं। यसको जस भने दीपेन्द्र गौचन दाइको 'उजेली', नवीन सुब्बादाइको 'खाग्री', 'नुमाफुङ', छिरिङ रितार शेर्पादाइको 'मुकुण्डो',लाई जान्छ। यो सिनेमाले अन्तर्राष्ट्रिय मञ्चमा पुग्न जग बसालिदिएका थिए।

चार-पाँच दशकअघिसम्म जापानिज सिनेमाले वर्ल्ड सिनेमामा एसियाको प्रतिनिधित्व गर्थ्यो। वर्ल्डमा जापानिज सिनेमाले ह्विम नै ल्याएको थियो। त्यसवेला संसारको आँखा जापानतिर थियो। पछि त्यो ह्विम इरानतिर गयो। इरानले वर्ल्ड सिनेमामा कायापलट नै गऱ्यो। त्यो ह्विम इरानपछि पछिल्लो दशक दक्षिण कोरियातिर सऱ्यो। अहिले दक्षिण कोरियाको सिनेमा वर्ल्ड सिनेमाको सबैभन्दा उपल्लोस्तरमा बन्छ। पछिल्लो समय भियतनामी सिनेमाले वर्ल्ड सिनेमामा आफ्नो जबर्जस्त दबदबा देखाइरहेको छ। युद्धबाट गुज्रिएर आएको भियतनामले संघर्ष गरिरहेको थियो। आर्थिक विकास, भाषा, संस्कृति र सभ्यताको लडाइँ लडेर आएको देश हो भियतनाम। अब भियतनामपछि वर्ल्ड सिनेमाको आँखा नेपालतिर छ।

समाजप्रति निर्देशकको दायित्व

सिनेमा राज्यको दस्तावेज पनि हो। जुनसुकै राष्ट्र वा समुदायको कथामा सिनेमा बनाउँदा त्यो राष्ट्र र समुदायप्रति निर्देशक जिम्मेवार हुनुपर्छ। निर्देशक मात्रै होइन, लेखक र निर्माता पनि उत्तिकै जिम्मेवार हुनुपर्छ। कुनै समुदाय, वर्ग वा भूगोलको कथा ल्याउँदा त्यो समुदायलाई कति न्याय गर्न सकें, उनीहरूले कति अपनत्व महसुस गर्छन् भन्ने हेर्नुपर्छ। त्यो सचेतता र दायित्व चलचित्र निर्देशकसँग हुनुपर्छ। कुनै समुदायको कथाभन्दा मेकरले कुन दृष्टिकोणबाट कथा भन्यो भन्ने कुराले ठूलो अर्थ राख्छ।

हाम्रो कथा विश्व मञ्चमा उभिनु गर्वको कुरा हो। तर, ती सिनेमाले नेपाली मौलिकता कति बोके भन्ने महत्त्वपूर्ण कुरा हो। देखिने मौलिकताको पछि मात्रै हामी दौडियौं कि जस्तो लाग्छ। हामीले जुन समाज, भूगोल र जातिको कथा भन्दै छौं, त्यसमा उनीहरूको मौलिक दर्शन के हो ? आस्था के हो ? शैली के हो ? यी सबै सिनेमाको कथामा बाँधिएर आउँदा मौलिकपन महसुस गर्न सकिन्छ। त्यहाँको संस्कृति र सभ्यताको गहिराइमा पुगेर कति उतार्न सकें ? भन्ने कुराले मौलिकता ल्याउने हो। फेस्टिभलमा पुगिरहेको सिनेमाले मात्रै होइन, घरेलु बजारमा प्रभाव पारिरहेको सिनेमाले भन् धेरै मौलिकता बोक्नुपर्छ।

कतिपय सन्दर्भमा लेखक तथा सर्जकले देखेको भोगेको कुरा महत्त्वपूर्ण हुन्छ। कतिपय सन्दर्भमा पढेको र सुनेको पनि महत्त्वपूर्ण हुन्छ। पढेको समाचार र कोही साथीले सुनाएको कथा पनि चाखलाग्दो हुन सक्छ। सुनेको पढेकोभन्दा भोगेको पक्कै फरक र गहिरो हुन्छ नै। 'साम्बाला' मेरो भूगोलको भए पनि भाषा, संस्कृति र सभ्यताले अलि परको थियो। त्यसैले मलाई कथा लेख्न र अनुसन्धान गर्न निकै समय लाग्यो। जिज्ञासाले डोऱ्याएपछि त्यो विषयमा सिनेमा बनाउन कस्सिएँ।

नलेखिएका कथा

कथा नयाँ हुन्छन् भन्ने आफैंमा विरोधाभासपूर्ण विषय हो। संसारमा हरेक कथा नयाँ हुन्छन्, सँगसँगै ती पुराना पनि हुन्छन्। हामीले कुन शैली र संरचनामा कथा पस्क्यौं ? त्यो कथाले कति ताजापन बोकेर आयो ? हामीले के कथा भनिसकेका छौं ? यो महत्त्वपूर्ण पक्ष हो। नेपालको भूगोल, समाज र पात्र सबै भर्जिन नै छन्। सिनेमा छायांकनका लागि दृश्य भन् भर्जिन छन्।

सिनेमा बनेपछि त्यो समाजले स्वीकार गऱ्यो कि गरेन भन्ने अर्को महत्त्वपूर्ण विषय हो। यसमा कुन दृष्टिकोणले सिनेमा लेखियो ? कसरी पस्कियो, कति गहिराइमा डुबेर सिनेमा बनायो भन्ने कुराले मापन गर्छ। सात समुद्रपारिको फिल्म निर्देशक एरिक भ्यालीले नेपाल आएर 'क्याराभान' बनाए। त्यो समयमा विकट ठाउँमा गएर सिनेमा बनाए। त्यो सिनेमाले हाम्रो गौरव बढायो। त्यो सिनेमामाथि हामीले क्रिटिकल प्रश्न गर्ने ठाउँ छ। तर, त्यो सिनेमाले हामीलाई अपनत्व दिलायो। त्यो भनेको सर्जकको सफलता हो। साहस पनि हो। सर्जकले कति गहिराइमा पुगेर विषयलाई न्याय गऱ्यो भन्ने उच्चतम उदाहरण हो 'क्याराभान'।

सर्जकले समाजको कथा जस्ताको तस्तै उतार्ने विधि ठीक पनि हो, बेठीक पनि। तपाईंले डकुमेन्ट्री बनाइरहनु भएको छ भने हुबहु उतार्न ठीक हो। सिनेमा भनेको फिक्सनाइज पनि हो। त्यसलाई पुनर्सिर्जना र पुनर्व्याख्या गरेर आफ्नो चिज कसरी पस्किन्छौं भन्ने कुरा प्रमुख हो। सिनेमामा हुबहु उतार्न प्राविधिक हिसाबले मिल्दैन। सिनेमालाई आफ्नो भाषा र ग्रामरमा उतार्ने काम सर्जकको हो।

स्क्रिप्ट लेखन प्रक्रिया

मैले 'बासुल्ली', 'कालोपोथी' र 'साम्बाला' बनाएँ। यी सिनेमामा कर्णालीको कथा छ। यी सिनेमाले गर्दा मलाई कर्णालीको मात्रै कथा भन्यो भनेर आरोप लागेको छ। कतिपयले कर्णालीको कथा र सभ्यता ल्यायो भनेर धन्यवाद पनि दिएका छन्। मलाई कर्णालीको मात्रै कथा ल्याउनु बाध्यता होइन। मलाई सहरको कथाभन्दा सहज हुन्थ्यो होला। मेरो हुर्काइ कर्नालीमै भयो। त्यहाँको भाषा, संस्कृति, पात्रले गहिरो छाप छोड्यो। मेरो हतियार त्यही नै बन्यो। सहरको अनुभूति बल्ल गर्न पाएको छु। मैले नजिकबाट अनुभूति गरेको कुरा पहिलो रोजाइमा राखें। मलाई सहरको अनुभूति र जिज्ञासाले डोऱ्याउँदै छ। अब विस्तारै सहरको कथा भन्ने तरखरमा छु।

जुन विषयमा बढी अभ्यस्त छु त्यही विषयको कथा रोज्ने भएकाले कथा छनोट गर्न समय लाग्दैन। कथा छनोट गरेपछि घोत्लिन्छु। कथा छानिसकेपछि त्यसमा चलिआएको मान्यता के छन् भनेर अनुसन्धानको चरणमा पुग्छु। त्यो कथा र पात्रको अवधारण के हो भनेर अनुसन्धान गर्छु। त्यसपछि प्रश्नका चाङ बनाउने प्रक्रियामा पुग्छु। सारा प्रश्नको उत्तर र चलिआएको मानकले दिने उत्तर कति भेटिन्छन् र नपाइने उत्तर कति हुन्छन्। त्यसमा घोत्लिन्छु। चलिआएको स्थापित मान्यता र डेटाभन्दा त्यसमा मेरो धारणा र बुझाइ सर्जकको रूपमा मेरो उपस्थित कहाँ हो भनेर कथामा खोजी गर्छु। त्यसपछि संग्रहतालाई निचोडमा ल्याएर संरचना कस्तो बनाउँने ? शैली के अपाउने ? त्यसलाई कति फिक्सनाइज गर्ने ? भन्ने प्रक्रियामा पुग्छु। त्यसपछि पुनर्लेखन, पात्र छनोट, कलात्मक शैली, संरचनाको कुरा, सुन्दर बनाउने, सानो मौलिकपन लेपन गर्ने भन्ने यी सारा प्रक्रियाले मलाई समय लाग्दोरहेछ।

'बासुल्ली', 'कालोपोथी' र 'साम्बाला'को कथा लेख्दा फरक-फरक अभ्यास गरें। 'बासुल्ली' एक हप्तामा लेखें। ९० दिनभित्र सिनेमा बनाएर फेस्टिभलसम्म पुगें। 'कालोपोथी'को पहिलो ड्राफ्ट ६ महिनामा लेखेको थिएँ। साथीहरूसँग बसेर दोस्रो ड्राफ्ट लेखेपछि सुटिङमा गइयो। त्यो मेरा लागि छोटो समय हो। तर, 'साम्बाला'मा फरक अभ्यास भयो। साम्बालाको स्क्रिप्ट ४८ ड्राफ्ट लेखें। नेपाल बाहिर, मेडिटेनस सेन्टर, घर, जंगल फरक-फरक भूगोलमा बसेर लेखें। फरक-फरक ड्राफ्ट, फरक परिस्थिति र अवस्थामा लेखें। यसमा मेरा प्रश्नका चाङ धेरै थिए। 'कालोपोथी'मा कमजोरी धेरै भएका थिए। 'साम्बाला' लेख्दा सचेत भएँ। त्यसैले आठ वर्ष लाग्यो लेखिसक्न। म निकै घोत्लिएँ। अनुसन्धानमा समय धेरै लाग्यो। 'कालोपोथी'सम्म आइपुग्दा मैले निबन्धात्मक शैलीमा स्क्रिप्ट लेखेको रहेछु। रेडियो नाटकको शैलीमा कथा भनेछु। मैले गल्ती र कमजोर पत्ता लगाएँ। 'कालोपोथी'पछि मेरो अघि ठूलो प्रश्न चिह्न खडा भयो। म सर्जकका रूपमा डिप्रेसनमा थिएँ। लेखकको रूपमा ब्लक भएको थिएँ। मैले लेखिरहेको कुरा निबन्धको शैलीमा आयो। मैले बोलेर कथा बुझाउन थालेछु भन्ने लाग्यो। सिनेमाको ग्रामर क्रिएट गर्न चुकेको रहेछु भन्ने लाग्यो। मेरो अनुहारअघि ठूलो ऐना तेर्सियो। तर, अब अरू कथा लेख्दा समय लाग्दैन होला।


म कथाको लागि फ्याक्टलाई अँगिकार गर्छु। साथै, फिक्सनाइज पनि उतिकै गर्छु। फ्याक्टलाई बेसिक स्रोतको रुपमा ग्रहण गर्छु। सत्यताको कति नजिकसम्म पुगेर कथा बुन्दैछु ? भनेर घोत्लिन्छु। कथाको पहिलो ड्राफ्ट सत्यताको वरपरि रहेर लेख्छु। यो मेरो लेखनको पहिलो अध्याय हो। त्यसपछि कथालाई सुन्दर बनाउँन संरचनागत र शैलीगत रुपमा आर्टको लेपन लगाउँन फिक्सनाइज गर्छु। यो मेरो लेखनको दोस्रो अध्याय हो। यसरी फ्याक्टलाई स्रोत मात्र मान्छु र त्यसलाई पूर्ण रुपमा फिक्सनाइज गर्छु।

गहिराईमा पुगेर फिक्सनाइज गरियो भने त्यसले फ्याक्ट कै नजिक पुऱ्याउँछ। कुनै कुराको रिर्हलसल बनावटी नदेखियोस् भनेर गरिन्छ। त्यसरी फ्याक्ट जस्तो देखियोस् भनेर फिक्सनाइज गरिन्छ। मेरो अनुभवमा जति फिक्सनाइज गर्‌यो त्यति नै फ्याक्ट नजिक पुगिन्छ। तर, यो पनि आफैंमा विरोधाभाष छ। मासले मानेको सत्यतालाई फ्यक्ट मान्ने कि ? मैले अध्ययन गरेर बुझेको विश्लेषणलाई फ्याक्ट मान्ने ? मासको फ्याक्ट एउटा हुन्छ, मेरो फ्याक्ट एउटा हुन्छ। मेरो र मासको फ्याक्टको खोजीले मलाई फिक्सनाइजको तहसम्म लैजान्छ।

सिनेमा र राज्य

सिनेमाको जगमै राज्यले अवरोध खडा गरिदिन्छ। तपाईं गुरुङ, राई वा अन्य कुनै भाषामा सिनेमा बनाउन लाग्नुभएको छ भने राज्यले नेपाली फिल्म होइन भनिदिन्छ। सिनेमा दर्ता गर्न जाँदा राज्यको तहतप्कामा बसेका मान्छेले दुःख दिन्छ। चलचित्र विकास बोर्डले आदिवासी जनजातिको भाषामा बनेको सिनेमालाई एकदमै उपेक्षा गर्छ। नेपाली सिनेमा होइन भनेर वर्गीकरण गर्छ। अनि राज्यको उपस्थित कहाँ भयो ? राज्यले सरकारी भाषामा बन्ने सिनेमालाई मात्रै सिनेमा भन्छ। कसैले भोलि शेर्पा भाषामा सिनेमा बनाउन खोज्यो भने सहजीकरण गर्नुपर्ने हो, तर राज्यले त्यसरी सोच्दैन। राज्यले फरक भाषा, जातजाति र भूगोलका सिनेमालाई कम्तीमा नेपाली सिनेमा भनेर ग्रहण गर्नुपऱ्यो। तर, राज्यले सुरुदेखि नै उपेक्षा गर्ने गरेको छ। राज्यले यस्तो मानसिकता बोकेपछि कसरी विविधता आउँछ ? कसरी मौलिकपन आउँछ ? कथाको मौलिकपन भनेकै विविधा हो। नेपाली सिनेमाको कथामा फरक भूगोल, समाज, भाषा, संस्कृति, सभ्यता र जातजातिको उपस्थिति र प्रतिनिधित्व कसरी हुन्छ ? यस्तो विषयमा राज्यले प्रोत्साहन गर्नुपर्ने हो। तर, राज्यले विविधतालाई गर्भमै नष्ट गरिदिन्छ। यसले सिनेमेकरलाई निरुत्साहित बनाउँछ।

बौद्ध दर्शनले के सिकायो ?





● **सुनील पाण्डे**
फिल्म निर्देशक

रंगमञ्चमा केही समय काम गरेपछि सिनेमा निर्देशनमा पाइला चालें । सिनेमा निर्माण र अध्ययन मेरो रुचिको विषय रह्यो । त्यस्तै, धर्म संस्कृतिमा पहिल्यैदेखि रुचि थियो । अहिले बौद्ध दर्शन अध्ययन गर्दै छु ।

म सक्रिय जीवन मन पराउँछु । पर्यटन गाइडको तालिम लिएर केही समय त्यस क्षेत्रमा पनि सक्रिय थिएँ । एकपटक भारतबाट एउटा ठूलै मठका पर्यटक आउनुभयो । उहाँलाई वसन्तपुरलगायत काठमाडौंका धेरै स्थान घुमाएपछि स्वयम्भू लर्गे । त्यसक्रममा उहाँले बौद्ध दर्शनबारे केही जिज्ञासा राख्नुभएको थियो । मलाई खासै केही जानकारी नभएकाले विज्ञलाई नै बोलाएर छलफल गराइदिन्छु भने । अनि, उहाँले आफैं मलाई आफूले जानेका कुरा सुनाउनुभयो ।

मलाई यतिवेलासम्म गौतम बुद्ध लुम्बिनीमा जन्मिएको इतिहास, उनको पारिवारिक इतिहासलगायत सामान्य कुरा मात्रै थाहा थियो । बुद्ध नेपालमा जन्मिएको भए पनि हामी बौद्ध दर्शनबाट निकै टाढा रहेछौं भन्ने महसुस भयो ।

डा. महेन्द्र रत्न शाक्यलाई भेटेपछि उहाँले नै मलाई बौद्ध दर्शन अध्ययनका लागि हौस्याउनुभयो । बौद्ध धर्ममा तीनवटा मार्ग छन् : हिनयान (थेरवाद), महायान र बज्रयान ।

बुद्धले जति पनि धर्मदेसना गर्नुभयो त्यसलाई जस्ताको त्यस्तै पालना गर्नेहरू थेरवादमा लाग्ने बौद्धमार्गी हुन् । श्रीलंका, म्यान्मार, कम्बोडियामा उनीहरूको संख्या ठूलो छ । नेपाल र भारतमा थेरवादको दाँजोमा महायान र बज्रयान मान्ने धेरै छन् । विनय पिटक, सूत्र पिटक र अभिधर्म पिटक मिलेर बनेको त्रिपिटक बौद्धमार्गीको मूल ग्रन्थ हो । विनयपिटकमा भिक्षुका लागि २२७ वटा नियम छ । भिक्षुणीका लागि ३११ वटा नियम छन् ।

सूत्रपिटकमा बुद्ध भगवान्ले दिनुभएका उपदेश सूत्रबद्ध छन् । अभिधर्म पिटकमा बौद्ध दर्शनको मूल सार छ ।

भगवान् बुद्धले बहुजन हित र सुखका निम्ति ४५ वर्षसम्म दिनुभएका उपदेश सबै चतुरार्य सत्यमा आधारित छन् । उहाँले सबभन्दा पहिले ऋषिपतन मृगदावन सारनाथमा पञ्चवर्गीय भिक्षुहरूलाई अनुत्तर धर्मचक्र प्रवर्तन गर्नुभएको थियो । धर्मचक्र भनेको चार आर्य सत्यको स्थापना गर्नु, प्रकाशमा ल्याउनु, बुझाइदिनु, किटेर देखाउनु, खुलस्त वर्णन गर्नु, व्याख्या गर्नु हो । चतुरार्य सत्य भगवान् बुद्धको मूल उपदेश हो । यहाँ चतु भनेको चार, आर्य भनेको उत्तम पवित्र र सत्य भनेको जहिले पनि सही भइरहने हो । निर्मल चित्त भएको व्यक्तिलाई पनि आर्य भनिन्छ । आर्य पुद्गलले बताउनुभएको सत्य भएकाले आर्य सत्य भनिएको हो । यी आर्य सत्यले मानिसलाई आर्य बनाइदिन्छ । चतुरार्य सत्य सार्वजनिक, सर्वहितैषी र सार्वकालीन सत्य हो । यी चार आर्य सत्य हुन् ।

'बुद्ध' कुनै व्यक्तिको नाम होइन, जसले बोध गर्ने काम गर्छ, उसलाई बुद्ध भनिन्छ । चतुरार्य सत्यलाई अवबोध गर्नेलाई बुद्ध भनिन्छ । स्वयं भगवान् बुद्धले चार आर्य सत्यसम्बन्धी यसरी भन्नुभएको छ, 'जबसम्म चार आर्य सत्यको यथार्थ ज्ञान दर्शन भएको थिएन, अनुत्तर बोधिज्ञान माथि विजयी भए भन्ने निश्चित भएन, त्यसवेलासम्म ब्रह्मा, देव मनुष्य लोकमा मैले यस्तो भनिनँ कि मैले बुद्धत्व प्राप्त गरेँ । तर, जब मलाई यी चार आर्य सत्यको स्पष्ट रूपमा यथार्थ ज्ञान दर्शन भयो त्यसवेला मलाई निश्चित भयो कि मैले अनुत्तर बोधिज्ञान प्राप्त गरेँ ।' त्यसकारण बोधिज्ञान भन्नु नै चतुरार्य सत्यको ज्ञान हो । बोधिसत्व सिद्धार्थले वैशाख पूर्णिमाकै पावन दिनमा बुद्धगयाको बोधिवृक्षमुनि ३५ वर्षको उमेरमा बोधिज्ञान लाभ गर्नुभएको थियो ।

चतुरार्य सत्यलाई हामीले यसरी बुझ्न सकिन्छ- दुःख छ, दुःखको कारण छ, दुःख निरोध गर्न सकिन्छ, दुःख निरोध गर्ने मार्ग अपनाउनु पर्दछ । रोग छ, रोगको कारण छ, रोग निवारण गर्न सकिन्छ, रोग निवारण गर्ने (हटाउने) औषधि उपचार गर्नुपर्छ । अर्को तरिकाले यसरी पनि बुझ्न सकिन्छ-जीवनमा समस्या आउँछ, यो समस्या उत्पन्न हुनुको कुनै न कुनै कारण अवश्य हुन्छ, समस्या समाधान हुन्छ र समस्या समाधान हुने उपाय अपनाउनु पर्दछ ।

चार आर्य सत्यमध्ये 'दुःख निरोध गामिनी प्रतिपदा आर्य सत्य' दुःख निरोधतिर लग्ने मार्ग सत्य हो । यो मार्ग अपनाउँदा दुःखबाट मुक्त हुन्छ । यो मार्गलाई आर्य अष्टांगिक मार्ग भनिन्छ । अष्टांगिक मार्ग हुन् १) सम्यक दृष्टि २) सम्यक संकल्प, ३) सम्यक वचन, ४) सम्यक कर्मान्त, ५) सम्यक आजीविका ६) सम्यक व्यायाम ७) सम्यक स्मृति र ८) सम्यक समाधि ।

यी मार्गहरूलाई शील, समाधि र प्रज्ञा गरी तीन समूहमा विभाजन गरिएको छ । शील (सम्यक वचन, सम्यक कर्मान्त र सम्यक आजीविका), समाधि (सम्यक व्यायाम, सम्यक स्मृति र सम्यक समाधि), प्रज्ञा (सम्यक दृष्टि र सम्यक संकल्प) ।

शील भनेको सदाचार हो । यसले शरीर र वचनलाई संयमित गर्दछ । यो मैत्री र करुणामा आधारित छ । समाधि र प्रज्ञाको निम्ति शील आधार हुन् । शीलअन्तर्गत तीन मार्ग अंगहरू पर्दछन् । ती हुन्- सम्यक वचन, सम्यक कर्मान्त र सम्यक आजीविका ।

राम्रो सोच्ने, राम्रो गर्ने । जीविका गर्दा कसैलाई हानि-नोक्सानी नहोस् भनी विचार गर्नुपर्दछ । भ्रस्टाचार गर्नुभएन । इमानले जीविकोपार्जन गर्नुपर्‍यो । समाधिले मनलाई वशमा राख्दछ । जबसम्म मन वशमा पार्न सक्दैन तबसम्म शीललाई अटुट रूपले शुद्ध रूपले पालना गर्न गाह्रो पर्छ । समाधिअन्तर्गत तीन मार्ग अंगहरू पर्दछन् । ती हुन्- सम्यक व्यायाम, सम्यक स्मृति र सम्यक समाधि ।

सम्यक व्यायाम कुशल चित्त उत्पन्न गराउने व्यायाम हो । भगवान् बुद्धले चित्तलाई १ सय २१ तरिकाले भन्नुभएको छ । संक्षेपमा ८९ प्रकारका चित्तबारे भन्नुभएको छ । राम्रो कर्मको अभ्यास गर्नुपर्छ । अनि सम्यक स्मृति भनेको जागरुक वा होसमा हुनु हो । ध्यानमा बस्न थालेपछि राम्रा कुरा मात्रै लिने गर्नुपर्छ । सम्यक समाधि ध्यानको यस्तो अवस्था हो । जहाँ एकाकार गर्न सकिन्छ । समाधिमा लागेपछि भित्री चक्षु उत्पन्न भएर सम्यक दृष्टि हुन्छ । अर्थात्, बल्ल दृष्टि खुल्यो ।

प्रज्ञाका तीनवटा तह

● **श्रुतमय प्रज्ञा** : सुनेर, पढेर, अध्ययन गरेर प्राप्त हुने ज्ञानलाई श्रुतमय प्रज्ञा भनिन्छ । यसबाट मार्गदर्शन प्राप्त हुन्छ । यस ज्ञानबाट प्रेरित भएर अगाडि बढ्न सकेन र यसैमा सीमित रह्यो भने यस ज्ञानले अन्धश्रद्धाको रूप लिन सक्दछ ।

● **चिन्तनमय प्रज्ञा** : चिन्तन, मनन गरेर प्राप्त हुने ज्ञानलाई चिन्तनमय प्रज्ञा भनिन्छ । जुन कुरा सुनेको हो, त्यो युक्तिसंगत, न्यायसंगत, धर्मसंगत छ कि छैन भनी चिन्तन गरी निश्चित गर्दछ र युक्तिसंगत छ भने स्वीकार गर्दछ । यो प्रज्ञा पनि लाभदायक छ । तर, यसैमा मात्र सीमित रह्यो भने अभिमान बढ्न जान्छ र अनुभवको स्तरमा आफूमा ज्ञान वृद्धि गर्न सकेन भने वास्तविक लाभ उठाउन सकिँदैन ।

● **भावनामय प्रज्ञा** : आफैंले अनुभव गरी प्राप्त भएको ज्ञानलाई भावनामय प्रज्ञा भनिन्छ । यही भावनामय प्रज्ञाद्वारा वास्तविक सत्यको गहिराइसम्म बुझ्न सकिन्छ । यही नै पूर्ण लाभदायक छ ।

बुद्ध दर्शन पढ्न थालेपछि मलाई निकै आनन्द महसुस हुन थालेको छ । जीवनलाई नयाँ दृष्टिले बुझ्न सघाउनेरहेछ । बुद्धका उपदेश पालना गर्दा व्यक्ति र राष्ट्र धेरै माथि पुग्ने रहेछ भन्ने लाग्छ । पञ्चशील नियम (प्राणी हिंसाबाट टाढा रहने, झुटो बोल्नबाट टाढा रहने, चोरी नगर्ने, परस्त्रीगमन नगर्ने, मद्यपान नगर्ने) पालना गर्दा शारीरिक र मानसिक रूपमा मानिस शुद्ध रहन्छ ।

मेरो बुझाइमा हामीले चलचित्रमार्फत पनि बौद्ध दर्शनलाई प्रवर्द्धन गर्न जरुरी छ । केवल 'बुद्ध वाज वर्न इन नेपाल' भनेर मात्रै नपुग्ला । हामीले यसको दर्शनको पक्षमा पनि जोड दिन सक्नुपर्छ । बौद्ध दर्शनमा आधारित रहेर एउटा राम्रो चलचित्र बनाउने धोको छ । त्यसलाई डब गरेर नेपाली र हिन्दीमा देखाउन सक्यौं भने राम्रो होला । धार्मिक सहिष्णुतालाई बौद्ध दर्शनले प्रवर्द्धन गर्छ । बुढानीलकण्ठ, मुक्तिनाथ, स्वयंम्भूनाथलगायत नेपालमा धेरै त्यस्ता स्थान छन्, जहाँ बौद्ध र हिन्दुले उत्तिकै आस्था राख्छन् । हामीले यस्ता स्थान र दर्शनको संरक्षण र प्रवर्द्धन गरेर भोलिको पिँढीलाई हस्तान्तरण गर्न सक्नुपर्छ ।

(फिल्म निर्देशक पाण्डे बौद्ध दर्शन अध्ययनरत छन् ।)



च्छो रोल्पा हिमताल

च्छो रोल्पाको सुन्दरता र सान्निध्य

रोल्वालिङ खोलाको किनारैकिनार जंगलमा छिटपुट राता, गुलावी र सेता गुराँसले बाटोको सुन्दरता बढाएका थिए ।

यात्रा

सुवास भट्ट

अहिले तीर्थयात्राको प्रचलन नयाँ पुस्तामा त्यति अँगालेको देखिँदैन । तर, यात्राको रुचि भने उनीहरूमा झन् बढेको देखिन्छ । जसो भए पनि प्रकृतिसँगको सम्बन्ध र सान्निध्यमा रहन खोज्नुचाहिँ साझा विशेषता पुराना र नयाँ दुवैमा देखिन्छ ।

आधुनिक समयमा यात्रा खालि व्यक्तिका रुचिका विषय मात्र छैनन्, यो पर्यटन, व्यवसाय र अर्थतन्त्रकै हिस्सा बनेको छ । नेपालका उच्च पहाडी र हिमाली क्षेत्र अहिले यही पर्यटकीय गन्तव्य बनेका छन्, जसले ती भूगोलको गरिमा मात्र बढाएको छैन, समृद्धिको सेतुसमेत बनेका छन् ।

तीर्थसँग जोडौं या पर्यटनसँग, एउटा कोणबाट हेर्दा यात्रा भनेको मानवजीवनको एउटा नियमितता हो । अझ इतिहास, सभ्यता र ज्ञानमार्ग पनि हो । यो आधुनिक वैभव मानिसको यात्राको चाहनाद्वारा पनि निर्देशित छ । कुनै एकै स्थानमा जीवनभर सीमित हुन नसक्ने जीव हो मानिस । कतै गइरहनुपर्ने, केही गरिरहनुपर्ने, नयाँ खोजिरहनुपर्ने मानव मात्रको विशेषता हो । मानव जाति भनेको आफैंमा सम्भावना हो ।

मैले पनि पछिल्ला वर्ष यात्राको नियमिततालाई आत्मसात् गर्न थालेको छु । जब पहिलो या दोस्रोपटक यात्रा गरिन्छ, त्यो अलि अलग गतिविधिजस्तो, कठिन कामजस्तो लाग्छ । तर, जब एकपछि अर्को यात्रा गर्दै गइन्छ, त्यो नियमित बन्छ ।

यही नियमित यात्राका क्रममा यसपालि म च्छो रोल्पाको यात्रामा निस्किएँ । त्यहाँ जानेबारे अलि अधिदेखि विचार गरिरहे पनि त्यसलाई मूर्त बनाउन सकेको थिइनँ । यसपटक पूर्वतिर अलि लामै ट्रेक निस्किने योजना थियो । तर, विविध सीमितताका कारण त्यताको सम्भावना नरहेपछि अलि छोटो मिठो यात्राका लागि च्छो रोल्पातिर सोझिएको थिएँ । जे हुन्छ राम्रोका लागि हुन्छ भनेझैं भयो, च्छो रोल्पा यात्रा ।

यात्रामा निस्किन मानसिक रूपमा तयार भएर बजेट र समय व्यवस्थापन गरेपछि अरू मामिलामा म त्यति अल्झिन्नँ । यसैअनुरूप

साप्ताहिक राशिफल

५ जेठ (शनिबार) - ११ जेठ (शुक्रबार)



● **सुरेशचन्द्र रिजाल**
ज्योतिष तथा वास्तुविद् । **मो :** ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

कार्यक्षेत्रमा व्यस्त रहनुपर्ने साता रहेको छ । पठनपाठन सोचेअनुसार अगाडि बढ्नेछ । प्रतिस्पर्धामा विजयी भइनेछ । प्रेम सम्बन्ध र दाम्पत्य जीवनका लागि समय उपयुक्त देखिँदैन । मान्यजनहरूको सद्भाव मिल्नाले आत्मबल तथा प्रतिष्ठा वृद्धिमा सहयोग पुग्नेछ ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

धार्मिक तथा सामाजिक कार्यमा महत्त्वपूर्ण भूमिका रहनेछ । टाढा रहेका आफन्तजनको उन्नति र प्रगतिको समाचार सुन्न पाइनेछ । लामो दूरीको यात्रामा निस्कन वा यातायातको साधन किन्न अनुकूल छ । साथीभाइसित भेटघाट हुनुका साथै मनोरञ्जनात्मक कार्यमा संलग्न भइनेछ ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

उपलब्धिमूलक यात्राको योग छ । स्वास्थ्यमा सानातिना समस्या देखिए पनि काममा असर पुऱ्याउनेछैन । बढी खर्च र यात्रा दुवै हुन सक्छ, तर आर्थिक रूपमा टेवा नै पुग्नेछ । घरपरिवारको अवस्था सामान्य रहनेछ । साताको अन्त्यमा देशदेशान्तरबाट शुभ समाचार सुन्न पाइनेछ ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

साताको प्रारम्भमा पार्टनरसिपमा गरिएका कामबाट फाइदा हुनेछैनन् । पेसा वा व्यापारमा जतिसक्दो धेरै समय दिँदा राम्रो हुन्छ । श्रममूलक काम वा कृषि/पशुपालनका क्षेत्रमा निकै मिहिनेतपछि मात्र लाभ मिल्नेछ । गरेका कामबाट खासै लाभ हुने देखिँदैन ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

कुनै झैंझगडा, विवाद वा तर्क-वितर्कमा सरिक भई निर्णय दिन बाध्य हुनुपर्नेछ । विशेष ठाउँमा तपाईंको निर्णयको कदर हुनेछ । तर्क, बहस र वादविवादमा जित हुनेछ । सहयोगीहरूले साथ दिनेछन् । कुनै कुरामा विचलित नभई लक्ष्यप्राप्ति उन्मुख हुनु राम्रो हुन्छ ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

बौद्धिक र लेखन कार्यमा सफलता प्राप्त हुने योग रहेको छ । कुनै दीर्घकालिक योजनालाई मूर्त बनाउन चिन्तन र उपाय महत्त्वपूर्ण बन्न सक्छ । विचारको कदर हुनेछ । काममा खुसीको वातावरण सिर्जना हुनेछ । साथीभाइ र बन्धुबान्धवबाट आवश्यक मद्दत प्राप्त हुनेछ ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

घरगृहस्थी र पारिवारिक रमझममा समय व्यतीत हुनेछ । वैदेशिक रोजगारी गर्ने र प्रवास वा परदेशमा रहनेहरूले घरायसी कुरा सम्झेर दिन बिताउनेछन् । आकस्मिक रूपमा धनप्राप्तिको सम्भावना छ । साताको अन्त्यमा स्वास्थ्यसम्बद्ध समस्या आउन सक्छ ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

धार्मिक, सामाजिक काम वा परोपकारका क्षेत्रमा समय र धन खर्च गर्ने योग रहेको छ । भाइबहिनीका तर्फबाट खुसीको खबर प्राप्त हुने सम्भावनासमेत रहेको छ । मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ । विगतका राम्रा क्रियाकलाप स्मरण हुनेछन् ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

आर्थिक क्षेत्र सबल रहनेछ भने स्वास्थ्यमा पनि सकारात्मक संकेत देखिनेछ । व्यापारबाट राम्रो फाइदा लिन सकिनेछ । बिहीबार रमाइलो यात्रा हुन सक्छ । भौतिक साधनको जोहो गर्ने अवसर जुट्नेछ । साताको अन्त्यमा बोलीका भरमा काम सोचेअनुसार सफल हुनेछन् ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

साताको प्रारम्भमा नयाँ योजना कार्यान्वयन हुनेछन् । शरीरमा उत्साह, उमंग र स्फूर्ति प्राप्त हुनेछ । वैदेशिक यात्रा गर्ने योजनामा हुनुहुन्छ भने साता अनुकूल रहेको छ । शुक्रबार अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

रामरमाइलो तथा मनोरञ्जनात्मक क्षेत्रमा धनलगानी गर्दा सकारात्मक परिणाम आउनेछ । छरछिमेकी वा साथीभाइले कुनै महत्त्वपूर्ण काममा सहयोग गर्नेछन् । दार्शनिकता र विचारलाई सबैले सराहना गर्नेछन् । खर्च वृद्धि हुने समय स्थानमा धनव्यय हुने योग रहेको छ ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

साथीभाइको राम्रो सल्लाह र सद्भावना प्राप्त हुनेछ । अपूरा कार्य पूर्ण हुनेछन् । रोकिएका सरकारी काम सुल्झाउने राम्रो समय छ । धार्मिक तथा आध्यात्मिक गतिविधिमा सहभागी बन्नु पर्नेछ र त्यसबाट प्रशंसित हुने अवसर प्राप्त हुनेछ । साताको अन्त्यमा आम्दानी बढ्नेछ ।

नेपालको अस्पतालमा चिनियाँ डाक्टर

भरतपुर क्यान्सर अस्तालमा कार्यरत चिनियाँ डा. वेई डोङ भन्छन्,- नेपाल मेरो दोस्रो घर ।

स्वास्थ्य

विवेक पोखेल

सेवाका लागि कुनै भौगोलिक सिमानाले फरक पार्दैन भन्ने उदाहरण हुन् डा. वेई डोङ । ४७ वर्षीय डा. डोङ राष्ट्रियतालै चिनियाँ नागरिक हुन् । उनी १० महिनादेखि नेपालमा क्यान्सर बिरामीको उपचारमा सक्रिय छन् । २४ वर्षदेखि चिकित्सा क्षेत्रमा कार्यरत उनी युरोलोजिस्ट





नागाउँबाट देखिने दृश्य



बेदिङ गाउँबाट देखिने गौरीशंकर हिमाल

यही वैशाख ८ गते च्छो रोल्पा पुग्ने गरी बिहान ५ बजे नै डेराबाट निस्किएँ। दोलखा सदरमुकाम चरिकोटबाट सिंगटी हुँदै च्छोत्च्छोत् सम्म बसमा जान सकिने र त्यहाँबाट पैदल ट्रेक सुरु हुनेबारे फर्केकाहरूको अनुभव पढेको थिएँ। त्यसैबमोजिम ६ बजे भक्तपुर जडीबुटीबाट च्छोत्च्छोत्का लागि बस चढें।

१० बजे चरिकोटमा खाना खान र सिंगटीमा यात्रा अनुमति र चालकले आराम गर्नबाहेक बसले सोचेभन्दा अगाडि नै च्छोत्च्छोत् ओराल्यो। दिउँसो सवा २ बजे नै बसले गन्तव्यमा पुऱ्याएको थियो। आफू चढेकै बसमा एक दर्जनभन्दा बढी च्छो रोल्पा यात्रामा हिँडेका थिए। उनीहरू त्यस दिन त्यहीं बस्ने कि अघिल्लो मुकामसम्म जाने भन्नेबारे छलफलमा थिए। म भने केही नै नसोची अघि बढिहालें।

च्छोत्च्छोत्बाट तामाकोसी तर्दा नाकै ठोकिने सिँढीको उकालो आइहाल्यो। त्यहाँबाट सिमीगाउँ हुँदै चर्को घाममा पसिना काढ्दै उत्तिसे पुग्दा लगभग ५ बजेको थियो। उतिसेबाट फेरि ठाडो उकालो छिचोलेर सुर्मुचे पुग्न अर्को एक घण्टा लाग्यो। यतिखेर ६ बजिसकेको थियो। पानी परेर थामिने अवस्थामा भएकाले चिसो हावा बहेको थियो। वरिपरि अग्ला पहाड अनि घना जंगलबीच घाम पूरै नडुब्दा पनि लगभग अँध्यारो छाउन सुरु भएको थियो।

त्यस रात सुर्मुचेमै बसौं कि भन्ने सोच पनि आयो। तर, साइनबोर्डमा अगाडिको लोकेसन हेर्दा अर्को मुकामसम्म पुग्न भ्याउँछु कि भन्ने मनमा लाग्यो। र, फड्किएँ अगाडिको यात्रामा। साँझ परेकाले मानिसहरूको आवतजावत पनि देखिएन। घामको प्रकाश मधुरो हुँदै अब जूनको शीतल मन्द प्रकाश सुरु भएको थियो। म अगाडिको मुकामतिर लम्किरहेको थिएँ।

बिहान ५ बजेदेखि काठमाडौंबाट निस्किएको बसबाट निस्किनेबित्तिकै ठाडो यात्रा सुरु गरेकोमा यतिखेरसम्म निकै थाकिसकेको थिएँ। सामान्यतया ट्रेकिङ सेड्युलमा पहिलो दिनको यात्रा सिमीगाउँसम्म हुँदो रहेछ। तर, म त्यसको तेब्बरबढी यात्रा त्यसैदिन गरिसकेको थिएँ। थकित शरीरमै म वास बस्ने मुकाम कहिले आउला भनेर बलै यात्रारत् थिएँ। ७ बजिसकेको हुँदो हो, क्याल्चे भन्ने ठाउँमा पुगें।

विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय परियोजनाअन्तर्गत च्छोरोल्पा तालको सुरक्षित निकास गरिएको छ। अहिले ताल असुरक्षित सूचीबाट हटिसकेको छ। तालमा पानी बढेको सूचना दिने सूचना प्रणाली र तालको पर्याप्त निकास गरिएको देख्न सकिन्छ।

त्यहाँ होटेलमा बत्ती बलिरहेको देखें। त्यसरात त्यहीं बसें। एकैदिन काठमाडौंबाट एक हजार ४१० मिटर उचाइको च्छोत्च्छोत्बाट करिब त्यति नै दुई हजार ७४० मिटर उचाइको क्याल्चे पुगेको थिएँ।

भोलिपल्ट ९ गते बिहानै साढे ५ बजे उठेर फेरि उकालो लागें। करिब एक घन्टामा डोन्गाङ पुगेर चियारोटी खाइवरी करिब सात बजेतिर पुनः यात्रा अघि बढ्यो। रोल्वालिङ खोलाको किनारैकिनार जंगलमा छिट्पुट राता, गुलावी र सेता गुराँसले बाटोको सुन्दरता बढाएका थिए। करिब दुई घन्टामा थाङडिङमा पुगेर अर्को एक घन्टा उकालो हिँडेपछि वेदिङ पुगें। वेदिङ पुग्दा करिब ११ बजेको थियो। एक घन्टा त्यहाँ खाना खाएर अब अर्को मुकाम नातिर अघि बढें। वेदिङमा ठूलै बस्ती रहेछ। गौरीशंकर हिमालको फेदीमा पक्की घर, स्कुल र गुम्बाहरूले यो गाउँ सुन्दर देखिन्छ।

रोल्वालिङ खोलाखोलै ना गाउँ पुग्दा करिब दुई बजेको थियो। चार हजार १८० मिटर उचाइको ना गाउँ पनि उत्तिकै सुन्दर। खुला पठारजस्तो यही गाउँ नै च्छो रोल्पाको आधार शिविरजस्तो छ। पर्यटकहरू प्रायः यहीं बसेर बिहानै च्छो रोल्पातर्फ लाग्ने गर्छन्। म भने त्यहाँ तातो चिया पिएर दुई बजेआसपासबाट च्यो रोल्पातिर अघि बढें।

अब भने यात्राको अन्तिम गन्तव्य पुग्दै थिएँ। करिब दुई घन्टामा ताल पुग्न सकिने स्थानीयको भनाइपछि हिँडाइको गति घटाएर अघि बढिरहेको थिएँ। उकालो यात्रामा एक-दुईबाहेक पर्यटक नभेटेकामा यहाँ भने तालबाट फर्केका १४-१५ जनालाई भेटें। अलि तलदेखि नै तालवरपरका संरचना देखिएका थिए। स्थानीयले भनेअनुसार नै करिब दुई घन्टामा म च्छो रोल्पा पुगिहालें। अन्तिम थुम्कोको उकालो छिचोल्नेबित्तिकै छ्यागै च्छो रोल्पा गोचर भइहाल्यो।

फोटा देखेर च्छो रोल्पा यस्तो होला भनेर गरिएका परिकल्पना अब यथार्थ बनेर आँखैअगाडि छ्यांग थिए। हिमाल फ्लेर बनेको यो ताल नेपालकै सबैभन्दा ठूलो हिमताल हो।

दुई युवा दाजुभाइले तालछेवैमा चलाएको होटेलमा झोला बिसाएर चिया पिएपछि तालको अवलोकन गर्न तल्लीन भएँ। एक त चार हजार ५८५ मिटरको अग्लो उचाइ र अर्को सामूहिक बसाइ हुने भएकाले त्यहाँ खासै पर्यटक नबस्ने रहेछन्। तर, मलाई भने खोजेजस्तै भयो। तालछेउमा होटेल छ भन्ने थाहा पाएपछि त्यहीं बस्ने योजना मैले तलै बनाएको थिएँ।

होटेलको डाइनिङबाटै हिउँ फ्लेर बनेको ताल टिलपिल गरेको देखिन्थ्यो। तर, बाहिरै निस्केर हिँड्न सकिनेसम्म ताल विचरण गरें। १.६ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको यो ताल १३२ मिटर गहिरो छ। ९ गतेको पूर्ण रात तालछेउको होटेलमा बसेर च्छो रोल्पाको पूर्ण अनुभव गरें। पूर्णिमाको दुई दिन मात्र अघि भएकाले जूनको उज्यालो तालमा पर्दा त्यसको सौन्दर्य हेर्नलायक थियो।

कुनै समय च्छो रोल्पा फुट्दै छ भन्ने चर्चा चलेको थियो। सानै छँदा च्छो रोल्पा ताल फुट्ने कुरा धेरैपटक सुनिएको पनि थियो। विभिन्न अध्ययनले ताल उच्च जोखिममा रहेको औंल्याएपछि यस्तो चर्चा चलेको थियो। तर, पछि विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय परियोजनाअन्तर्गत तालको सुरक्षित निकास गरिएको छ। अहिले ताल असुरक्षित सूचीबाट हटिसकेको छ। अहिले तालमा पानी बढेको सूचना दिने सूचना प्रणाली र तालको पर्याप्त निकास गरिएको देख्न सकिन्छ।

च्छो रोल्पामा एक रात बसेर भोलिपल्ट बिहानै ओरालो झर्रें। च्छो रोल्पा तालबाटै रोल्वालिङ खोला सुरु भएको छ। जुन खोला तल तामाकोशीमा गएर मिसिन्छ। तामाकोशीकै पानीबाट तामाकोशी जलविद्युत् आयोजना सञ्चालित छ। च्छो रोल्पाको ट्रेक यही रोल्वालिङको किनारकिनार छ। गौरीशंकर हिमालको सुन्दर दृश्यमा चिसो हावा र कलात्मक सुन्दर आकाशको विचरण गर्दै सुसाइरहेको रोल्वालिङको किनारैकिनार ओरालो झर्रें। त्यसैदिन दिउँसो चार बजे च्छोत्च्छोत् पुगें। भोलिपल्ट ११ गते काठमाडौं नै आइपुग्दासम्म चार दिनमै च्छो रोल्पाको यात्रा टुंग्याएँ।

मर्यादित महिनावारी अमर्यादित कहिलेसम्म ?

हाम्रो समाज यति धेरै अन्धविश्वास र कुसंस्कारमा जकडिएको छ जसको घेराबाट आजका किशोरीहरूलाई निकाल्नु आवश्यक छ

एक अपवित्र प्रक्रियाको रूपमा समाजले हेर्दै र व्यवहार गर्दै आएको छ महिनावारीलाई। सामान्यतया, ११ देखि १४ वर्षको बीचमा नारीमा महिनावारी सुरु हुन्छ। महिलाको पाठेघरको भित्री भागमा रहेको रगत प्रत्येक महिना योनीबाट निष्कासन हुने प्राकृतिक सफाइको प्रक्रियालाई महिनावारी भनिन्छ। महिलाको शरीरमा भएका रागरस(हर्मोन)को परिवर्तनका कारणले महिनावारी हुने गर्दछ। नारी प्रत्येक महिना महिनावारी हुनु भनेको मातृवात्सल्यको पूर्वसंकेत हो। यसलाई खुसी र मर्यादित संस्कारको रूपमा हेरिनुपर्नेमा अछुत र घृणाको रूपमा हेरिन्छ।

आजकाल सात वर्षका छोरीहरू पनि महिनावारी भएका कुरा सुन्दै आएका छौं। अधिकतम पौष्टिक आहार, शारीरिक व्यायामको कमी र हर्मोनको गडबढीका कारणले छोरीहरू छिटो महिनावारी हुने क्रिया बढेको छ। नछुने भको, पर सरेको, बाहुनी भको, छुइ भको भन्ने शब्दले नै महिनावारीलाई अमर्यादित घेरामा सीमित गरेको छ। छोरीको महिनावारी छिटो हुनु भनेको एउटी आमाको चिन्ताको विषय हुन्छ। आमाले खाना मुछेर आफैंले खुवाएर स्कुल पठाइरहेका छोरीहरू महिनावारी हुँदा चिन्ता लाग्नु स्वाभाविक हो। उनीहरूलाई सरसफाइ गर्न, प्याड परिवर्तन गर्न समस्या त हुन्छ नै त्यसभन्दा बढी शारीरिक अस्वस्थता, ढाड-कम्मर दुख्नुजस्ता प्राकृतिक पीडा पनि झेल्नुपर्ने हुन्छ। छाइछुइ नगर भनी छुट्टै राखिनु, अछुतको व्यवहार गरिनु, भान्छामा सँगै बसेर खान नदिनु वा पस्न नदिनुले उनीहरूको मानसिकतामा पर्ने नकारात्मक असरलाई सचेत अभिभावकले ध्यान दिनु आवश्यक छ। 'हामीले त बार्दै आएका छौं तिमीहरूले पनि बार्नुपर्छ, नबारे पाप लाग्छ, छोरा मान्छेलाई छुँदा उनीहरूको आयु घट्छ। यसो गर्नुहुन्छ उसो गर्नुहुन्न' भन्ने अव्यावहारिक परम्परामा अब छोरीचेलीलाई बाँध्नुहुन्न। महिनावारीलाई मर्यादित र प्राकृतिक प्रक्रियाको रूपमा बुझ्नु र बुझाउनुपर्छ। मर्यादित महिनावारीको मुख्य मर्म महिनाको २५ दिन र बाँकी पाँच दिन फरक हुनुहुँदैन अथवा महिनावारीका कारणले गर्दा कुनै पनि किसिमका विभेद, हिंसा, हेला, होचो, छाइछुइ, तलमाथि केही पनि गर्नुहुँदैन भन्ने हो।

समाजमा महिनावारीसम्बन्धी जुन विधि र नियमलाई एउटा संस्कारको रूपमा मान्दै आएका छौं ती कुसंस्कार र अन्धविश्वासका उपज हुन् भनेर आत्मालोचना गर्ने वेला आएको छ। आज हामी यति सभ्य र चेतनशील भइसकेका छौं महिनावारी भएको कुरा स्वयंलाई बाहेक कसैलाई थाहा हुँदैन स्वयंले नभनेसम्म। रीतिरिवाज र परम्पराको रूपमा अव्यावहारिक पद्धति अवलम्बन गरिनु र प्राकृतिक नियमका कुरालाई कष्टपूर्ण र असहज परिस्थितिमा अनुसरण गरिरहनु जायज हुँदैन। हाम्रा धर्मग्रन्थले श्रापको रूपमा कथ्य बनाएर वर्णन गरेका कुरालाई समर्थन गरेर पछ्याइरहनु मर्यादित महिनावारी हुन सक्दैन। नारी पूर्ण र परिपक्व हुनका लागि महिनावारी हुनैपर्छ। रजस्वला अर्थात् महिनावारी हुने नारीविना सृष्टिको विकास र प्रवर्द्धन सम्भव छैन भन्ने कुरा आज हामी सबैले बुझिसकेका छौं। तर, महिनावारीलाई खुसी र गर्वको रूपमा लिनुपर्नेमा पाप र अपवित्रताको रूपमा लिइन्छ। यस्तो समाजलाई सभ्य समाज भन्न मिल्दैन।

रजस्वला अर्थात् महिनावारी हुने नारीविना सृष्टिको विकास र प्रवर्द्धन सम्भव छैन भन्ने कुरा आज हामी सबैले बुझिसकेका छौं। तर, महिनावारीलाई खुसी र गर्वको रूपमा लिनुपर्नेमा पाप र अपवित्रताको रूपमा लिइन्छ। यस्तो समाजलाई सभ्य समाज भन्न मिल्दैन।



समाज



● गंगा खतिवडा (थपलिया)

शास्त्रहरूमा रजोधर्मको समयमा महिलाहरू अपवित्र हुन्छन् भनिएको छ, तर पाप हो भनिएको कहीं छैन। स्मृति र धर्मग्रन्थहरूमा महिलाहरू रजोधर्म भएका दिनहरूमा दैनिक कार्यहरू जस्तै भान्छा, पूजाकोठा, घरव्यवहार, शारीरिक श्रम, आध्यात्मिक संलग्नता र शारीरिक सम्बन्धबाट टाढा बस्न सल्लाह दिइएको छ। यसलाई सामाजिक व्यवहारमा रूपान्तरण गर्नका लागि मात्र महिनावारीका चार दिनमा महिला अपवित्र हुने जिकिर गरिएको छ। किनकि त्यो वेलाको पुरुषप्रधान समाजमा महिलालाई सहज भएको हेर्ने पुरुष कमै पाइन्थे। वैज्ञानिक आधार र कानुनी विधि थाहा नभए पनि महिलालाई त्यो वेला कष्ट हुन्छ भनेर आरामका लागि त्यो नकारात्मक व्यवस्था राखिएको अनुमान सहजै लगाउन सकिन्छ। त्यही कुरा अपभ्रंश हुँदै महिलाको रजस्वला पूर्वजन्मको कुकर्मको पाप हो भनियो। ती दिनहरूमा नारी अछुत हुन्छे, अपवित्र हुन्छे भन्ने भाष्य झाँगिदै आएर एउटा संस्कारको रूपमा विकसित भयो। प्राचीन समयमा ती दिनहरूमा लगाउने पर्याप्त मात्रामा कपडा हुँदैनथे, सरसफाइमा उति ध्यान दिइँदैनथ्यो जसले गर्दा महिनावारी हुँदा निस्कने रगतले दुर्गन्ध र वातावरण प्रदूषित बनाउने सम्भावना प्रचुर हुन्थ्यो। यसैले अपवित्रताको नामाकरण गरिएको हुनुपर्छ। व्याक्टेरियल इन्फेक्सन नियन्त्रणमा सहज होस् र अन्यत्र सर्न नपाओस् भन्ने उद्देश्यले ती दिनमा महिलालाई घर-व्यवहारबाट टाढा राख्ने चलन चलेको हुनुपर्छ। तर, महिलाको स्वास्थ्यलाई कसरी स्वच्छ र सुरक्षित राख्ने भन्नेतिर ध्यान कसैको पनि गएको देखिँदैन। चार दिन छुट्टै बस्न छाउगोठ बने, ओढ्ने ओछ्याउने छुट्टै बने, बस्नका लागि सम्पन्नशालीको घरभित्रै छुट्टै एउटा स्थान बन्यो। चार दिन सकेसम्म घरायसी कामधन्दाबाट टाढा रहेर पाँचौं दिनमा सामान्य भएर व्यवहार गर्ने परम्पराको सुरु भएको अनुमान गर्न सकिन्छ।

यस्ता अव्यावहारिक र असान्दर्भिक कुरालाई लिएर अबका छोरीहरूले हिजो आमाहरूले भोगेको समस्या भोग्न नपरोस् भन्नु मर्यादित महिनावारीको उद्देश्य हो। सुविधासम्पन्न घरको एउटा कुनामा भोक प्यासले छटपटिएर बस्नुपर्ने बाध्यता छ। भोक लागेका वेलामा भान्सामा गएर खाना पस्केर वा बनाएर खान पाउँदिन र तिर्खा लागेको वेला पानी पिउन सक्दिनँ भने त्यो अवस्था मर्यादित महिनावारी हुनै सक्दैन।

प्रथम र दोस्रो महिनावारीको समयमा आफ्नो घरमा बस्न नहुने। बाबा, दाइ, भाइ, काकालाई हेर्नसमेत नहुने र पुरुषलाई छुने नहुने यदि झुक्किएर छोइएमा गाली गर्दै नुहाएर जनै फेर्नुपर्ने चलन बलासियो। त्यतिखेर प्रत्येक छोरीचेलीले आफू महिला हुनुमा हीनता र ग्लानीबोध गर्नु स्वाभाविक हुन्थ्यो र अझै पनि धेरै ठाउँमा यो अनुशासन पालना गर्नुपर्छ। घरको धुरी हेरे पाप लाग्छ भन्ने संस्कारलाई हामी आफैंले भोगेर आएका हौं। एकातिर अस्वस्थता अर्कोतिर अरूको घरको एक अँध्यारो कुनामा गएर उनीहरूको खटनमा बस्नुपर्ने बाध्यता। पर्याप्त मात्रामा फेर्ने कपडा र प्याडका लागि प्रयोग गरिने पुराना कपडाको अभाव हुन्थ्यो। पिउने र सफा गर्ने पानी पनि अरूसँग माग्नुपर्थो। धारा, पँधेरा, पानीको मुहान, पानी राख्ने भाँडा केही छुन मिल्दैनथ्यो। यस्तो असहज अवस्थामा सफासुग्घर हुन, दिनकै नुहाउन र कपडा धुन कति समस्या हुन्थ्यो एकपटक आफ्नो विगतलाई फर्केर हेर्नुभए हुन्छ ती कठोर दिनलाई परम्परामा धानेका आमाहरूले।

कहिले घर छोडेर नबसेकी आफ्नी छोरीलाई महिनावारीको समयमा अरूको घरमा बस्न जाँदा दाल, चामल र तरकारीको व्यवस्थासहित पन्छाइन्थ्यो भने असल र खानदानी परिवार परे भइगो पर्दैन हामी जे खान्छौं त्यही खुवाउँछौं ल्याउनुपर्दैन भनेर सहयोगी भाव देखाइन्थ्यो। हाम्रो समाज यति धेरै अन्धविश्वास र कुसंस्कारमा जकडिएको छ जसको घेराबाट आजका किशोरीहरूलाई निकाल्नु आवश्यक छ।

हाम्रो समाजमा महिनावारी दुखाइको सामाजिकीकरण गलत छ। यसले महिलालाई कमजोर छु भन्ने भाव पैदा गरेको छ। लुम्बिनी प्रदेश सरकारले महिनावारीका समयमा एक दिन बिदा दिने विधेयक पारित गरेको छ जुन सरकारको असफल अभ्यास मान्न सकिन्छ। आज हुकैंदै गरेका किशोरीलाई हामी कमजोर छौं भन्ने भाष्य स्थापित गर्न यो निर्णयले थप सहयोग गरेको महसुस हुन्छ। १०० जना महिलामा पाँचजनालाई महिनावारीको समयमा धेरै गाह्रो होला जसलाई बढी समस्या हुन्छ तिनीहरूलाई उपचारमा समन्वय गर्ने, काममा सहयोग गर्ने र कार्यालयमा आराम गर्न सकिने वातावरणको सिर्जना गर्नुको सट्टा महिनावारी बिदा दिनुले महिलालाई झनै कमजोर बनाउने र विभेदको खाडललाई गहिराउने देखिन्छ।

छाउपडीका नाममा गोठहरू नबन्नुपर्ने थियो। बनिसकेपछि भत्काउनु हुँदैनथ्यो। पहिला मानिसहरूको अन्धविश्वास र कुसंस्कारले बनेको मनभित्रको मक्किएको गोठ भत्काउनु पर्छ। किशोरीहरूको आत्मविश्वास बढाउनुपर्छ। गोठलाई त वैकल्पिक रूपमा पनि प्रयोग गर्न सकिन्छ। छाउगोठ भत्किए, तर महिलाहरू नयाँ गोठ बनाउन लागे, पिँढीमा सुत्न लागे, त्रिपालमा बस्न लागे, एउटै कोठामा कार्पेट पल्टाएर बस्न लागे, दालमोठ चिउरा चपाएर छाक टार्न थाले, किचेन छुन नहुने परम्परा धान्दै भोकै सुत्न लागे। गोठको स्वरूप भत्कियो, तर समाजको सोचाइको दायरा भत्किएन। परम्पराको आधार भत्किएन। अन्धविश्वासको मुकुन्डो उघ्रिएन। अमर्यादित चार दिन मर्यादित कहिल्यै बन्न सकेन। आजका किशोरीहरूबाट मात्र महिनाका यी दिनहरूलाई मर्यादित बनाउन सम्भव छ। स्वास्थ्य र सुरक्षाको ख्याल गर्दै नितान्त व्यक्तिगत कुरालाई परम्पराको नाम दिएर सार्वजनिक गरिरहनु आवश्यक छैन। सबैले एकपटक सोच्ने वेला आएको छ।



हुन्। नेपाल आउनुअघि उनी चीनको हुवेई प्रान्तको प्रथम पिपल्स हस्पिटलको युरोलोजी विभागमा कार्यरत थिए। चीनमा प्राप्त ज्ञान र अनुभवले नेपालका बिरामी निको बनाउन उपयोग गरिरहेका छन्।

भरतपुरको बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा कार्यरत उनी युरोलोजीको क्षेत्रमा भएको पछिल्लो प्रगतिबारे चीन र नेपालका युरोलोजिस्टलाई नियमित परामर्श दिइरहेका छन्। उनी परामर्श दिँदै शल्यक्रिया सेवामा पनि व्यस्त छन्। बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालको तथ्यांकअनुसार पिसाब थैलीको क्यान्सर युरोलोजिकल क्यान्सरमध्येमा सबैभन्दा धेरै देखिने क्यान्सर हो। यो क्यान्सरको समयमै उपचार हुन सके पूर्ण रूपमा निको हुन्छ। डा.डोङ पिसाब थैलीको क्यान्सर निको पार्ने क्षेत्रमा विशेष दखल राख्छन्।

डा. दोङले चीनमा प्रयोग भएको साना रोग पत्ता लगाउने र जरैदेखि निर्मूल पार्ने प्रविधि नेपाली चिकित्सकहरूलाई सिकाइरहेका छन्।

यो प्रविधिको प्रयोगले ब्लाडर क्यान्सरका बिरामीमा थप राम्रो नतिजा देखिने आशा उनको छ। उनले भने, 'स्वास्थ्य क्षेत्रमा भएको यो सहकार्यले दुवै देशका चिकित्सकबीच बलियो मित्रतापूर्ण सम्बन्ध गाँसिएको छ।'

मिजासिला डा.डोङ बिरामीहरूको बीचमा पनि प्रिय छन्। बिरामीको उपचारकै क्रममा उनले केही नेपाली भाषा पनि सिकेका छन्। उनका बुबा आमा चीन सरकारकै जागिरे हुन्। उनलाई नेपालको प्राकृतिक सुन्दरता र नेपालीको आत्मीय व्यवहार खुब मन पर्छ। त्यसैले उनी नेपाललाई आफ्नो दोस्रो घर मान्छन्। नेपालका चिकित्सकसँगको सहकार्य उपलब्धिमूलक रहेको सुनाउँछन्। २४ वर्ष पुरानो भरतपुरको बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा चीन सरकारले हरेक वर्ष उच्चस्तरको विशेषज्ञ टोली पठाउने गरेको छ। डा. डोङ १५औं चिनियाँ विशेषज्ञ टोलीको एक सदस्य हुन्।

उनीसँगै कार्यरत अस्पतालका निर्वतमान अध्यक्ष डा. निर्मलप्रसाद लामिछाने चीनले युरोलोजीको उपचारमा गरेको द्रुत प्रगति, प्रक्रिया र प्रविधि यहाँका लागि उपयोगी रहेको बताउँछन्। डा. डोङको विज्ञता र अनुभवको उनी प्रशंसा गर्छन्। चीनबाट आउने चिकित्सकहरूको अध्ययन र प्रविधि नेपाली जुनियर चिकित्सकका लागि निकै उपयुक्त भएको डा. लामिछाने मान्छन्। डा. लामिछाने भन्छन्, 'म विगत १० महिनादेखि डा. डोङसँगै कार्यरत छु। उनीसहित चिनियाँ डाक्टरले बिरामीप्रति देखाउने सहानुभूति र केयर लोभलाग्दो हुन्छ।'

भ्याप्पै !



रवि मिश्र
@rabimishra



संसद् अनुभूति

सन्तोष परियार
प्रमुख सचेत रास्वपा नेपाल



संसद् : राजनीति बुझ्ने विश्वविद्यालय

तस्बिर : **ज्ञानेन्द्र कार्की**

राष्ट्रिय स्वतन्त्र पार्टीबाट सांसद भएपछि पार्टीले मलाई प्रमुख सचेतकको जिम्मेवारी दिए हुन्थ्यो भन्ने लागेको थियो । किनभने मलाई संसदीय प्रक्रिया गहिरोसँग बुझ्नु थियो । पार्टीले विश्वास गरेर प्रमुख सचेतकको जिम्मेवारी दिएपछि धेरै विषय जान्ने मौका मिल्यो । सुरुवाती दिनमा पूर्वसभामुख सुवास नेम्वाङ र काग्रेसका सचेतक रमेश लेखकबाट संसदीय प्रक्रिया जान्ने मौका मिल्यो । उहाँहरू फरक पार्टीको भए पनि अनुभव बाँड्न कहिल्यै कन्जुस्याइँ गर्नुभएन । अहिले सदनमा केही काम-कारबाही गर्नुपर्‍यो भने सम्माननीय सभामुखज्युले मलाई पनि सोध्नुहुन्छ । मैले राखेका कतिपय मत निर्णायक हुने गरेका छन् ।

विश्वविद्यालय

विश्वविद्यालयमा राजनीतिशास्त्र पढाउँदै सडक आन्दोलनमा पनि सक्रिय थिएँ । विश्वविद्यालयमा पढाएका विषय सदनमा परीक्षण गर्ने मौका पनि पाएँ । हरेक दिन सदनको रोस्ट्रममा बोल्ने, विधेयकमाथि छलफल गर्ने क्रम चलिरहन्छ । नयाँ विधेयक ल्याउन सैद्धान्तिक छलफल गरिन्छ, अध्ययन गरिन्छ । सदनमा तर्क-वितर्क गरिन्छ । यी दृश्य हेर्दा विश्वविद्यालयका दिनको सम्झना आउँछ । जनप्रतिनिधि भएर सदनमा होइन, वास्तविक राजनीति बुझ्न विद्यार्थीको रूपमा विश्वविद्यालयमा छु जस्तो महसुस हुन्छ । वर्षौं राजनीतिशास्त्र पढैं, पढाएँ । तर, सदनमा प्रवेश गरेको यो १५ महिनामा राजनीति धेरै बुझ्ँ । सदनमा पुगेपछि पार्टीको सीमितता के हो ? राज्य कति रुपान्तरित भयो ? आन्दोलनबाट जनताले के-कति पाए ? कुन पार्टीले कहाँसम्म अग्रगमनकारी झन्डा बोकिरहन्छ र कहाँ पुगेपछि अलपत्र फालिदिन्छ ? नेताहरूको खास कमजोरी के हो ? नेपालको संसद्को शक्ति र सीमा के हो ? सबै बुझ्ने रहेछ । त्यसकारण संसद् मेरा लागि राजनीति बुझ्ने विश्वविद्यालय बनेको छ ।

आदर्श र व्यवहारको बेमेल

संसद्को अनुभवले कुरा के सिकायो भने नेताहरूको आदर्श र व्यवहारबीच बेमेल भएका कारण हामीले दुःख पाएका रहेछौं । आदर्शसँग व्यवहार मिल्नुपर्ने रहेछ । तपाईंको आदर्श लोकतन्त्र हो भने तपाईंको व्यवहार लोकतान्त्रिक हुनुपर्छ । तर, नेताहरूले लोकतन्त्रलाई भाषणमा मात्रै आदर्श ठाने, तर व्यवहार लोकतान्त्रिक पटक्कै बनाएनन् । पुरातनपन्थ र सामान्तवादविरुद्ध त्यस्तो घनघोर संघर्ष गरेका पार्टीहरू र तिनका नेता जब राज्य सञ्चालन गर्ने ठाउँमा पुगे, अन्ततः उनीहरू पनि व्यवहारमा पुरातनवादी, पितृसत्तावादी, धर्मसापेक्ष र सामान्तवादीसमेत बने । आदर्श र व्यवहारको बीचमा तादम्य नमिलेकै कारण सदनले जनताको पक्षमा जति गर्न सक्थ्यो, त्यति गर्न सकेको छैन ।

संविधान भनेको कागजको थुप्रो मात्रै होइन । संविधान त्यो देशको जीवन हो, सोच्ने पद्धति हो, व्यवहार हो । तर, पुराना राजनीतिक पार्टीले आफैंले बनाएको संविधानलाई आफ्नै जीवनमा उतार्न सकेनन् । संविधानप्रति जुन तहको विश्वास र सम्मान हुनुपर्ने हो, त्यो भएको छैन । किनकि, यो संविधान तुलनात्मक रूपमा उत्पीडित र विभेदमा पारिएकाहरूको पक्षमा छ । उनीहरूको ध्यान संविधानलाई जीवनमा उतार्नुपर्छ भन्नेतिर पुगेकै देखिन्न ।

पार्टीको नियन्त्रणमा सांसद

संसद्मा पुगेपछि जनप्रतिनिधिको हैसियतमा सांसदले धेरै काम गर्नुपर्छ । तर, संसद्मा राजनीतिक पार्टी हाबी हुन्छ । दलीय व्यवस्थामा पार्टी हाबी हुने नै भयो । तर, धेरै कुरामा पार्टी हाबी नभइदिए हुन्थ्यो । सांसदको सार्वभौमिकतालाई पार्टीले बुझिदिएहुन्थ्यो । पार्टीले सांसदलाई हस्तक्षेप नगरे सदनबाट धेरै काम गर्न सकिन्थ्यो । यहाँनेर मैले पार्टी हाबी भनेको अमुक नेताहरू भन्न खोजेको, किनकि प्रायः सबै पार्टी नेताको कब्जामा छन् । त्यसो नभए सांसदहरूले बहसलाई अझै जीवन्त बनाउँथे । उत्पीडित र विभेदमा परेकाहरूको पक्षमा संसद्मा झनै बहस गर्न सकिन्थ्यो ।

अहिले संसद् पुराना पार्टीहरूको नियन्त्रणमा छ । ठूला पार्टीले संसद्लाई नियन्त्रण गरेपछि जति गर्न सकिन्थ्यो, त्यति गर्न नसकिने रहेछ । अब राजनीतिक पार्टीहरू संविधानअनुसार चल्नुपर्छ । तर विडम्बना, पुराना पार्टीका लागि हिजोको संसद् र आजको संसद्मा केही फरक छैन । उनीहरूले हिजो जे गरे, आज त्यही गरिरहेका छन् । आजको संघीय संसद्को प्रक्रिया र हिजोको एकात्मक राज्य प्रणालीको संसद्को प्रक्रियामा केही भिन्नता देख्दिनँ । यसले गर्दा संविधानले कल्पना गरेजस्तो समाजवादउन्मुख समावेशी समाज निर्माण गर्न सकिरहेका छैनौं ।

समावेशी समाज, असमावेशी सरकार

नेताहरूले विविधतायुक्त समाजमा समावेशिताको महत्त्व बुझ्नै चाहेनन् । यसको अन्तर्यको कारण राजनीतिक पार्टीको शीर्ष स्थानमा कुन जाति/समूहका नेताको वर्चस्व छ भन्ने कुराले धेरै ठूलो अर्थ राख्दो रहेछ । पार्टी फरक भए पनि जातीय रूपमा उहाँहरूको विचार सायद मिल्छ । त्यसैले त उहाँहरू एकै ठाउँमा सधैं हुनुहुन्छ । एकै ठाउँमा भएपछि उहाँहरूको अनुभव र अनुभूति एउटै हुने नै भयो । अनुभूति एउटै भएपछि 'हिजोदेखि रजगज हामीले नै गर्दै आएको हो, अब पनि गर्ने हामी हौं' भन्ने लाग्नु स्वाभाविक भयो ।

राजनीतिक पार्टीको नेतृत्वमा फरक-फरक समुदायका नेता भइदिए विविधता आउँथ्यो । सत्तामा दलित, महिला, मधेसी, जनजाति सबै भइदिएको भए देश धेरै अघि बढ्थ्यो । सुरुसुरुमा एकजुट हुन कठिन भए पनि सबैले अपनत्व महसुस गरेपछि देशलाई धेरै राम्रो हुन्थ्यो । विविधतायुक्त प्रतिनिधित्व भएको संसद् साँच्चै जनताको पक्षमा हुन्थ्यो । पहाडका दलित, मधेशका मुसहर, तामाङलगायतलाई टेबलमा राखेर राष्ट्रिय सहमति गर्दा कति सुन्दर हुन्थ्यो ।

राजनीतिक पार्टीको नेतृत्वमा उच्च जातीय पुरुषहरूको एकलौटी वर्चस्व छ । आपसमा उनीहरूको मन र स्वार्थ मिलेपछि सत्ता सधैं उनीहरूकै हुने नै भयो । तर, हाम्रो समाज मिलेको छैन । मान्छेहरूका दुःख मिलेका छैनन् । यसकारण हामीले समावेशिता महत्त्वपूर्ण छ भनिरहेका छौं । फरक जाति, समुदाय, संस्कृतिका मान्छे राज्य सञ्चालन गर्ने ठाउँमा आउनुपर्छ ।

हामीलाई थाहा छ, देशमा प्रधानमन्त्री उही एउटै समुदाय र लिंगको हुने हो । र पनि हामी सातौंपटक प्रधानमन्त्री को बन्दै छ भनेर कुरेर बस्ने देशका नागरिक भयौं । हामी कहिलेसम्म चौथो, पाँचौं, छैटौं र सातौंपटक प्रधानमन्त्री को बन्ला भनेर कुरेर बस्ने ? यो कस्तो लोकतन्त्र हो ? अब यस्ता गलत परम्परालाई हामीले बदल्नुपर्छ । साँच्चै संविधानअनुसार जनताको पक्षमा काम गर्ने हो भने पार्टी र सरकार सञ्चालन गर्न निश्चित समय तोक्नुपर्छ । पार्टीमा दुई कार्यकालभन्दा बढी नेतृत्व गर्न नपाउने व्यवस्था गरौं । प्रधानमन्त्रीको कार्यकारी पदलाई दुई कार्यकालभन्दा बढी बस्न नमिल्ने बनाऔं । यसमा सबै पार्टी मिलेर राष्ट्रिय सहमति गरौं । तर, यसमा बहस गरिँदैन ।

फरक स्वरूपमा राजतन्त्रको निरन्तरता

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई अरू राजनीतिक पार्टीबाट वितृष्णा भएर जन्मिएको पार्टी भनेको सुनिन्छ । यो केही हदसम्म सत्य हो । तर, राजनीतिप्रति वितृष्णा हुनु राम्रो होइन । यसले कालान्तरमा समाजलाई राम्रो गर्दैन । राजनीतिप्रति वितृष्णा बढ्दै गयो भने समाज फासीवादतिर पुग्छ । त्यसपछि हाम्रो लोकतन्त्र धरापमा पर्छ । यो वितृष्णा नेताहरूको कारणले गर्दा भएको हो ।

संसद् पुगेपछि गहिरोसँग अनुभूत गरौं, पार्टीको नेतृत्व गर्ने नेता पदमा पुगेपछि देश र जनताका लागि होइन, आफ्नै स्वार्थका लागि काम गर्ने रहेछन् । नेता देशको नेतृत्वमा पुगेपछि पार्टीको संरचना जनताको हितमा होइन, आफ्नै हितमा प्रयोग गर्दा रहेछन् । त्यसपछि पार्टीका शीर्ष नेताहरूलाई कसले हराउने ? नेताको आलोचना गर्ने आँट कसले गर्ने ? एउटा सिंगो पार्टी व्यक्तिले कब्जा गर्छ भने पार्टी कसरी विधिमा चल्छ ? त्यसरी त व्यक्तिबाट चल्ने भयो नि ! यो कानुनी शासन होइन, कानुन बनाएर शासन गर्ने विधि भयो । यसलाई कसरी विधिको शासन भन्न मिल्छ र ? यो विधि बनाएर शासन गर्ने कानुन भयो । त्यसैले मेरो अनुभवमा अहिले फरक स्वरूपमा राजतन्त्रको निरन्तरता भइरहेको छ ।

लोकतन्त्रको सीमा र शक्ति

संसद्मा पुगेपछि महसुस भयो, लोकतन्त्रको सीमा भन्नु नै बहुमत र अल्पमतको अंकगणित रहेछ । लोकतन्त्रको नाममा खतरनाक तरिकाले अंकगणित प्रयोग भइरहेको देखेँ । संविधानमा जे भनियो, त्यो लागू गर्न नम्बरले कुनै अर्थ राख्छ र ? नम्बर त प्राविधिक पक्ष मात्रै हुनुपर्ने हो । तर, संविधानमा उल्लेख भएको विषय लागू गर्न पनि हामीले अंकगणितलाई मुख्य हतियार बनायौं । हामीले संख्यालाई काम गर्न होइन, नगर्नलाई प्रयोग गर्‍यौं । लोकतन्त्रका नाममा अल्पमत र बहुमतको जोडघटाउ हुँदा संविधानमा उल्लेख भएर पनि सीमान्त मान्छेहरूले केही पाएनन् ।

लोकतन्त्रलाई बहुमत-अल्पमतको खेलका रूपमा मात्र बुझ्दा जनताको बलिदानीबाट स्थापित व्यवस्थामा संसद्, संविधान र व्यवस्था विरोधीहरू पनि ठुल्ठूला स्वरमा कराउन सक्ने भएका छन् । यसरी सदनमा पहिलेदेखि निरन्तर त्यही जाति समूह हाबी छ । हिजो राणाकालमा, पञ्चायतकालमा खास-खास जाति र समूहका मान्छे संसद्मा पुग्थे, लोकतन्त्रपछि पनि फरक स्वरूपमा त्यही मान्छे संसद्मा पुगे । यसको अर्थ आखिरमा जुन व्यवस्था भए पनि मुलभूत रूपमा नेपालको राजनीतिमा त्यही जाति र समुदायको हालिमुहाली हुने रहेछ । राजनीतिक व्यवस्था परिवर्तनसँगै सत्ता र शक्ति संरचनामा परिवर्तन आउन नसक्नु ठूलो गडबडी हो । यसले हाम्रो समाजलाई रूपान्तरण गर्दैन ।

राज्यहीनताको महसुस

केही समयअघि विभिन्न जिल्लामा पुगेँ । ती जिल्ला पुग्दा विशेषगरी दलित समुदायका मान्छेले मेरो हात समाउँदै भने, 'तपाईंलाई रोस्टममा देख्दा यो संसद् हाम्रो पनि हो जस्तो महसुस हुन्छ ।' यो कुराले मलाई भावुक बनायो । उहाँहरूलाई संसद्मा म देख्दा मात्रै पनि खुसी लाग्दो रहेछ । यसबाट समुदायको प्रतिनिधित्व कति महत्त्वपूर्ण रहेछ भन्ने थाहा हुन्छ ।

मान्छेलाई जब राज्यविहीनताको महसुस हुन्छ, त्यसवेला पार्टी ठूलो कुरा नलाग्ने रहेछ । म पनि कुन मान्छे कुन पार्टी हो भन्ने सरोकार राख्दिनँ । हिजो मलाई राज्यविहीनताको महसुस हुन्थ्यो, तर अहिले हुँदैन । हिजो मेरा लागि राज्य होइन जस्तो लाग्थ्यो । आज राज्यको प्रमुख ठाउँमा छु । आज मलाई राज्य हाम्रो पनि हो भन्ने लाग्न थालेको छ । तर, अझै हाम्रो बन्न सकिरहेको छैन ।

दलितलाई थपना

काग्रेस, एमाले, माओवादीलगायतले दलित समुदायलाई एउटा थपनाका रूपमा राख्दै आइरहेको छ । समुदायको भित्री पीडालाई महसुस गरेरभन्दा समुदायलाई भोट बैंकको रूपमा लिइयो । हिजो दरबारले पनि समुदायलाई प्रयोग गर्थ्यो । अहिले पनि ठूला पार्टीमा घुसाएर समुदायमाथि शासन गर्ने टुल्सको रूपमा प्रयोग गर्ने परम्परा छ ।

मानवशास्त्रीय दृष्टिले हेर्दा पहाडिया दलित र क्षेत्री-बाहुनबीच संस्कार मिल्छ । उनीहरूको जीवन, संस्कृति र कर्म पनि मिल्छ । त्यसैले उनीहरू क्षेत्री-बाहुनबाट त्यति सजिलै छुट्टिन पनि सक्दैन । छुट्टिन नचाहनु भनेको जोडिन खोजेको हो । तर, उनीहरूले त्यसलाई कमजोरीको रूपमा लिए । यो छुट्टिन नसक्नु कथित उच्च जातिले कहिल्यै महसुस गरेनन् । यसले केही गर्न सक्दैन भनेर कथित उच्च भनिएकाहरूले बुझे ।

विगतदेखि नै राजनीतिक पार्टीले दलित समुदायको एकाध मान्छेलाई टिपेर भोट बैंकको रूपमा प्रयोग गरिरह्यो । म पनि राजनीतिक पार्टीभित्र पुगेँ । तर मलाई थाहा छ, म एकजना मात्रै पुगेर सिंगो दलित समुदायलाई केही हुनेछैन । एकाध मान्छेहरू बन्लान् । तर, समुदाय र समाज बन्दैन । समुदाय बन्न हाम्रो समाजले हेर्ने र राजनीतिक नेतृत्वको बुझाइ फराकिलो हुनुपर्छ ।

विद्रोहको बीज

राज्य द्वन्द्वको कारण पनि र द्वन्द्वको निवारण पनि हो । भइरहेको द्वन्द्वलाई राज्यले न्याय दिएर समधान पनि गर्छ । अहिले दलित समुदायभित्र ठूलो डिस्कोर्स भइरहेको छ । दलित समुदायमा पढेलेखेका मान्छेहरू आउन थालेका छन् । दलितहरूलाई ठूलो अन्याय महसुस भएको छ । सबै दलित अहिले एकै ठाउँमा आएका छन् ।

राज्यले दलितप्रति गम्भीर भएर चिन्तन गरेन र दलित समुदायको जीवन संरक्षण र अधिकार तदुतद् ठाउँमा पुऱ्याएन भने ढिलोचाँडो विद्रोह हुन्छ । अपमान र विभेदलाई राज्यले तत्काल यथोचित सम्बोधन गरेन भने अन्ततः त्यसले विद्रोह नै जन्माउने हो । मधेश र पहाडका दलित एकै ठाउँमा बसेर चिच्याए भने के हुन्छ ? उनीहरूलाई चिच्याउन नदिऔं । न्याय र आत्मसम्मानको अनुभूति गर्न दिऊँ । यसो गर्ने क्रममा, हजारौं वर्षदेखि उनीहरूमाथि भएको विभेद र उत्पीडनको सट्टामा उनीहरूलाई क्षतिपूर्ति दिनुपर्छ । अहिले दलितहरूको भएको कोटा हुनुहुँदैन पनि भन्न थालिसके । यसले फेरि विद्रोह निम्याउँछ । राज्यले आन्दोलन नहुने वातारण बनाइदिनुपर्छ । हिजो राजनीतिक पार्टीले दलितहरूलाई जसरी प्रयोग गरे, आज पनि त्यही निरन्तरता भयो भने विद्रोहले अर्को रूप लिन्छ ।

*(परियारसँग **पवन बराइली** र **राजु स्याङ्तान**ले गरेको कुराकानीमा आधारित)*

वर्षौं राजनीतिशास्त्र पढैं, पढाएँ । तर, सदनमा प्रवेश गरेको यो १५ महिनामा राजनीति धेरै बुझ्ँ । राज्य कति रूपान्तरित भयो ? कुन पार्टीले कहाँसम्म अग्रगमनकारी झन्डा बोकिरहन्छ र कहाँ पुगेपछि अलपत्र फालिदिन्छ ? सबै बुझ्ने रहेछ । त्यसकारण संसद् मेरा लागि राजनीति बुझ्ने विश्वविद्यालय हो ।

...त्यसपछि टिकटक प्रयोगकर्तालाई भाजपाले भेट्यो

भारतले प्रतिबन्धित गरेका चिनियाँ एपहरूको सूची बढ्दै गएको छ, अहिलेसम्म नयाँदिल्लीले ५०९ एप प्रतिबन्ध लगाएको छ



● **सुहासिनी राज**



● **एलेक्स ट्राभली**



करिब एक अर्ब ४० करोड जनसंख्या भएको देश हो भारत । टिकटकलाई त्यहाँ २० करोड प्रयोगकर्ता बनाउन केवल केही वर्ष मात्र लाग्यो । भारत टिकटकको सबैभन्दा ठूलो बजार थियो । भारत र चीनबीचको द्वन्द्वमा दुई देशबीचको सीमामा हिंसा भड्कियो । यसैलाई निहुँ बनाएर अन्ततः सन् २०२० को जुन २९ मा भारत सरकारले टिकटकमाथि प्रतिबन्ध लगायो । त्यसपछि राजनीतिक बहसको विषय नबनेको मनोरञ्जनको एउटा लोकप्रिय माध्यम टिकटक रातारात गायब भयो ।

> बिस्तारै शान्त बन्दै गएको भारत-चीन द्वन्द्व सन् २०२० मा पुनः चर्कियो । क्रूर लडाइँको एक रातमा कम्तीमा चार चिनियाँसहित २० भारतीय सैनिक मारिए । अन्ततः त्यसको दुई सातापछि भारतले टिकटक बन्द गऱ्यो ।

बेइजिङमा बाइटडान्सको स्वामित्वमा रहेको टिकटक सन् २०१७ मा देशका दर्जनौं भाषामा फराकिलो आधार बनाउँदै भारत पस्यो । यसको सामग्री (छोटो भिडियो) घरेलु र धेरै सानो भौगोलिक समुदायमा केन्द्रित हुनथाल्यो । घरेलु उत्पादनको एक अन्तहीन स्क्रोललले संसारको सबैभन्दा सस्तो र द्रुत रूपमा बढ्दो मोबाइल-डेटा नेटवर्कमा फुर्सदको समयमा आनन्दले समय कटाउन सहयोग गऱ्यो । अमेरिकामाजस्तै भारतमा टिकटक उद्यमशील बहिर्मुखीका लागि व्यवसाय निर्माण गर्ने एउटा महत्त्वपूर्ण मञ्च बन्यो ।

टिकटक बन्द हुँदा वीर शर्मा २६ वर्षका थिए । टिकटकमा उनका ७० लाख फलोअर्स थिए, जहाँ उनले आफू र साथीका लिपसिङ गर्ने (रेकर्ड गरिएको गीतमा चुपचाप ओठ चलाउने) र हिन्दी फिल्मका गीतमा ठट्टा गर्ने भिडियो पोस्ट गरे । उनी मध्यभारतीय सहर इन्दौरमा जागिरबाट बर्खास्त गरिएका एक मजदुरका छोरा थिए । उनले मुस्किलले औपचारिक विद्यालयको शिक्षा पूरा गरेका थिए । उनको टिकटक उपलब्धिले उनलाई गौरवान्वित महसुस गराइदियो । मानिसहरूले उनलाई सडकमा चिनेपछि उनले 'अत्यधिक आनन्द' अनुभूति गर्न थाले ।

वीरको भिडियो देखेर उनका फलोअर्स पनि ज्यादै खुसी भए । उनले भनेका थिए,'एउटा वृद्धदम्पतीले मलाई भेटेका थिए । सुतुअघि हाँस्नकै लागि भए पनि उनीहरूले मेरो कार्यक्रम हेर्दारहेछन् ।' भेटका क्रममा उनीहरूले वीरको प्रस्तुति उनीहरूको दैनिक जीवनको कठिनाइबाट बाहिर निस्कने एक माध्यम भएको बताएका थिए ।

आफ्नो नयाँ स्टारडमका साथ वीरले प्रतिमहिना एक लाख भारु (करिब १२ सय अमेरिकी डलर) कमाउँदै थिए । उनले मर्सिडिज कार किने । सन् २०२० मा टिकटक प्रतिबन्धअघि आफ्ना प्रशंसकका लागि एउटा अन्तिम भिडियो बनाउन उनीसँगै विरलै समय थियो । सो अवसरमा उनले आफ्ना फलोअर्ससँग गहिरो दुःखेसो पोखेका थिए । 'हामीबीच रमाइलो गर्ने समय चाँडै समाप्त हुँदै छ । मलाई थाहा छैन कि अब हामी कसरी र कहिले भेट्न सक्नेछौं,' उनले भनेका थिए । प्रतिबन्धपछि उनी धेरै रोए । उनी त प्रतिनिधि पात्र मात्र थिए । वीरजस्ता कैयौं व्यक्ति प्रतिबन्धबाट आहत बने ।

तथापि केही छोटा भिडियो (जसमध्ये धेरै टिकटकबाट बचेका र प्रतिबन्ध नगरिएका अन्य साइटमा अपलोड गरिएका छन्)ले भारतीयलाई निरन्तर आकर्षित गरिरहेका छन् । भारतको अनलाइन जीवन चाँडै टिकटकको अनुपस्थितिमा पनि अनुकूल (एडजस्ट) भयो । टिकटकजस्ता उत्पादन जस्तैः मेटाको इन्स्टाग्रामले यसको रिल्स र अल्फाबेटको युट्युबले बजार कब्जा गऱ्यो । सेवा लोकप्रिय थिए ।

'तर बाटोमा केही हरायो,' विज्ञहरू भन्छन् ।

धेरै भारतीय कम्पनीले चिनियाँ प्रतिस्पर्धा हराएको कारण रिक्त खाडलमा संलग्न हुन खोजे । तर, आफ्नो विस्तारित विश्वव्यापी दर्शकका साथ अमेरिकाका टेक दिग्गज भारतमा हाबी हुन आए । संयुक्तराज्य अमेरिकामा भएका प्रयोगकर्ताभन्दा झन्डै दोब्बर प्रयोगकर्ताका साथ युट्युब (लगभग ५०० मिलियन मासिक प्रयोगकर्ता) र इन्स्टाग्राम (३६२ मिलियन) दुवैका लागि भारत अहिले सबैभन्दा ठूलो बजार हो, यद्यपि तिनीहरूले प्रतिउपभोक्ता निकै कम आम्दानी गर्छन् ।

टिकटकबाट आफ्नो जनसंख्या कटौती गर्ने भारतीय निर्णय अमेरिकी प्रयत्नजस्तै अकस्मात र लामो थियो । तर, प्रेरणा भने समान थियो र अझ नाटकीय । एकातिर अमेरिका र चीन आर्थिक वर्चस्वलाई लिएर नयाँ किसिमको शीतयुद्धको अवस्थामा छन् । अर्कोतर्फ, भारत र चीनले सन् १९६२ देखि आफ्नो सिमानामा सेना तैनाथ गर्दै आएका छन् । बिस्तारै शान्त बन्दै गएको त्यो द्वन्द्व सन् २०२० मा चर्कियो । आमने-सामने लडाइँको एक रातमा कम्तीमा चार चिनियाँसहित २० भारतीय सैनिक मारिए, जसलाई चीनले आधिकारिक रूपमा पुष्टि गरेको छैन ।

अन्ततः त्यसको दुई सातापछि भारतले टिकटक बन्द गऱ्यो । उक्त एप गुगल र एप्पल स्टोरबाट गायब भयो र यसको वेबसाइट ब्लक गरियो । त्यतिन्जेलसम्म भारतले सार्वजनिक व्यवस्था कायम गर्ने नाममा आपत्तिजनक वेबसाइट ब्लक गर्ने र सम्पूर्ण क्षेत्रमा मोबाइल डाटा बन्द गर्ने राम्रो अभ्यास गरेको थियो । भारतले चीनविरुद्ध बदला लिने अन्य केही संकेत पनि थिए, तर यो एउटै कार्यले जनताको ध्यानाकर्षण गरायो । नयाँदिल्लीका डिजिटल नीति विश्लेषक निखिल पाहवाका अनुसार भारतले प्रतिबन्धित गरेका चिनियाँ एपहरूको सूची बढ्दै गएको छ । अहिलेसम्म नयाँदिल्लीले ५०९ एप प्रतिबन्ध लगाएको छ ।

त्यसवेलासम्म भारतको इन्टरनेटले चीनलाई खुला बजार प्रस्तुत गरिसकेको थियो । भारतको घरेलु मिडिया कम्पनीकाविपरीत नयाँ प्राविधिक कम्पनी चीन र अन्य देशबाट लगानी लिन स्वतन्त्र थिए । भारतीयलाई अनलाइन वितरण गरिएका दर्जनौं चिनियाँ स्वामित्वका खेल र सेवामध्ये टिकटक सबैभन्दा लोकप्रिय थियो ।

सीमा झडपपछि सन् २०१७ देखि चिनियाँ उपभोक्ता प्रविधिले भारतको सार्वभौमसत्तालाई जोखिममा पार्ने सम्भावना राष्ट्रिय सुरक्षा वृत्तमा घुमिरहेको थियो । चिनियाँ स्वामित्वमा रहेका एपले बेइजिङलाई भारतको कर्कस मिडिया वातावरणमा एक शक्तिशाली सन्देश उपकरण प्रदान गर्न सक्छ भन्ने भारतीय अधिकारीले चिन्ता व्यक्त गरेका थिए । टिकटक प्रतिबन्धको दुई महिनाअघि भारतले 'भारतसँग स्थलगत सिमाना जोडिएका' कुनै पनि देशबाट हुने लगानीमा नयाँ प्रतिबन्धको घोषणा गऱ्यो । प्राविधिक रूपमा यो बंगलादेश, भुटान, नेपाल र पाकिस्तानमा लागू हुन्छ । तर, चीनलाई वास्तविक निसाना बनाइएको थियो ।

सन् २०२० को जुन २९ मा आधिकारिक आदेश (जसले टिकटक र दर्जनौं कम नाम सुनिएका चिनियाँ सेवामा प्रतिबन्ध लगायो) ले न त चीनलाई स्पष्ट रूपमा उल्लेख गऱ्यो न त सीमामा रक्तपातपूर्ण लडाइँ । यसको सट्टा सरकारी कदमलाई 'भारतको राष्ट्रिय सुरक्षा र रक्षाको विरोधी तत्त्व'बाट भारतीय नागरिकको 'तथ्यांक र गोपनीयताको सुरक्षा'को रूपमा वर्णन गरिएको थियो ।

पछिल्ला वर्षमा भारत सरकारले 'भारतीय साइबर स्पेसको सुरक्षा र सार्वभौमसत्ता' कायम राख्ने सिद्धान्तलाई अमेरिकी प्राविधिक कम्पनीलाईसमेत सर्त लगाउन प्रयोग गरेको छ । तर, सरकारले टिकटकका प्रभावकारी प्रयोगकर्ताविरुद्ध कुनै गुनासो गरेन । प्रतिबन्ध लागू भएपछि भाजपाले पीडित वीर शर्मासँग सम्पर्क गऱ्यो । उनले टिकटक बन्दपछि आफू डिप्रेसनमा पुगेको बताए । आफ्नो आम्दानी र प्रसिद्धि गुमेसँगै आफ्नो संसार नै ध्वस्त भएको महसुस गरे ।

राज्यका मुख्यमन्त्रीसँग भिडियो क्लिप पोस्ट र भाजपाका अन्य नेतासँग प्रचार भिडियो बनाउन थालेपछि शर्माको गुमेको करियर र आम्दानी पुन प्राप्त भयो । मोदीको राजनीतिक एजेन्डालाई अगाडि बढाउन मद्दत गर्न पाउँदा उनी अहिले गर्व महसुस गर्छन् ।

प्रतिबन्धले मुटु नै छियाछिया भएका अर्का टिकटकर हुन् मुम्बईका ४४ वर्षीय उल्हास कामथे । रातारात आफ्ना झन्डै ७० लाख टिकटक फलोअर्स गुमाएपछि निकै दुःखित बनेका उनी युट्युबमा ५० लाख, इन्स्टाग्राममा ४० लाख र फेसबुकमा तीन लाखसँग पुनः जोडिएका छन् ।

*(राज र ट्राभली नयाँदिल्लीस्थित द टाइम्सका संवाददाता हुन् । न्युयोर्क टाइम्सबाट **सुभाष शर्मा**को अनुवाद ।)*

अर्थ पत्रिका

नयाँ पत्रिका
शनिबार ५ जेठ ०८१

■ मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा

बैंकिङ क्षेत्रलाई बलियो बनाउन पहल

मिलन विश्वकर्मा/नयाँ पत्रिका

आर्थिक शिथिलताबाट प्रभावित बैंकिङ क्षेत्रलाई राहत हुने गरी नेपाल राष्ट्र बैंकले चालू आर्थिक वर्ष ०८०/८१ को मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा गरेको छ। नेपाल राष्ट्र बैंकले शुक्रबार मौद्रिक नीतिको समीक्षा गर्दै सुस्त बनेको कर्जा लगानी बढाउन खुकुलो नीति लिएको छ। राष्ट्र बैंकले हायर पर्चेज कर्जाको जोखिमभार घटाउनेदेखि घरजग्गा खरिदमा प्रवाह हुने ऋणमा समेत खुकुलो नीति लिएको हो।

सुस्तिएको कर्जाको माग बढाउने र आर्थिक शिथिलताबाट प्रभावित बैंकहरूलाई राहत हुने गरी मौद्रिक नीतिको समीक्षा गरिएको राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले बताए। पछिल्लो समय बैंकहरूको खुद नाफा घट्नुका साथै बढ्दो निष्क्रिय कर्जा अनुपातका कारण बैंकहरूको वितरणयोग्य नाफामा समेत असर परेको छ। बैंकमा निक्षेप थुप्रिने, तर कर्जा प्रवाह नबढ्दा आम्दानी खुम्चिएको छ।

मौद्रिक नीति समीक्षामार्फत असल वर्गको कर्जामा राख्नुपर्ने कर्जा नोक्सानी (प्रोभिजनिङ) १.२५ प्रतिशतबाट झार्रेर १.२० प्रतिशतमा कायम गर्ने नीति लिइएको छ। अहिले बैंक तथा वित्तीय संस्थाहरूमा असल कर्जा ४७ खर्ब रुपैयाँ हाराहारी छ। त्यसमा १.२५ प्रतिशतबाट १.२ प्रतिशतको दरमा प्रोभिजनिङ कायम गर्दा दुई अर्ब ३० करोड रुपैयाँ राइटब्याक हुने (कर्जा नोक्सानी घट्ने) नबिल बैंकका नायब प्रमुख कार्यकारी अधिकृत मनोज ज्ञवालीले बताए।

यस्तै, हायर पर्चेज प्रकृतिको सवारी कर्जामा राख्नुपर्ने जोखिमभार पनि १२५ प्रतिशतबाट घटाएर शतप्रतिशत कायम गरिने भएको छ। जोखिमभार २५ प्रतिशत विन्दुले कम हुँदा सवारीसाधनमा प्रवाह हुने कर्जा बढ्ने अपेक्षा गरिएको छ। असल कर्जाको प्रोभिजनिङ दर र सवारी कर्जाको जोखिमभार घटाउँदा बैंकको नाफामा सकारात्मक प्रभाव पर्ने राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले बताए।

मौद्रिक नीतिको समीक्षामार्फत बैंकहरूलाई सेयर बजारमा लगानी गर्न प्रोत्साहन गर्ने नीति लिइएको छ। बैंकहरूको एक वर्ष व्यतीत भइसकेका लगानीमध्येबाट एक आर्थिक वर्षमा प्राथमिक पुँजीको २० प्रतिशतसम्म लगानी बिक्री गर्न पाउने व्यवस्था ल्याइने भएको हो।



राष्ट्र बैंकका प्रवक्ता डा. गुणाकर भट्ट भन्छन्- आर्थिक र वित्तीय स्थायित्वलाई प्रवर्द्धन गर्ने गरी मौद्रिक नीतिको समीक्षा गरिएको छ। यसले आर्थिक क्रियाकलाप बढाउन सहयोग पुग्ने अपेक्षा छ। यसको नतिजा केही समयमा देखिनेछ।

मौद्रिक समीक्षामार्फत घरजग्गा कर्जाको माग बढाउने नीति लिइएको छ। राष्ट्र बैंकले घरजग्गा खरिद गर्ने कर्जाको ऋण भुक्तानी आम्दानी अनुपात ५० प्रतिशतबाट बढाएर ७० प्रतिशत पुऱ्याउने भएको छ। यसले घरजग्गा किन्ने व्यक्तिगत ऋणलाई सहजता प्रदान गर्ने राष्ट्र बैंकका कार्यकारी निर्देशक श्रेष्ठको भनाइ छ।

ब्याजदर करिडोरलाई प्रभावकारी बनाउन स्थायी निक्षेप सुविधा (एसडिएफ)सम्बन्धी व्यवस्था पुनरावलोकन गर्ने नीति पनि राष्ट्र बैंकले ल्याएको छ। राष्ट्र बैंकले फागुन १ गतेबाट एसडिएफ कार्यान्वयनमा ल्याएको थियो। त्यसलाई अझै प्रभावकारी बनाउने गरी आवश्यक पुनरावलोकन गर्न लागिएको कार्यकारी निर्देशक श्रेष्ठले बताए। 'यसलाई अझ प्रभावकारी बनाउन केही सर्तहरू हटाउने योजनामा छौं,' उनले भने, 'हप्तामा कति दिन यस्तो सुविधा दिने भन्ने विषयमा पनि पुनर्विचार गर्दै छौं।' अहिले राष्ट्र बैंकले हप्तामा दुई दिन (आइतबार र बुधबार) यस्तो सुविधा दिँदै आएको छ।

राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक थापाले समग्रमा घरजग्गासम्बन्धी कर्जा, सेयर बजार, हायर पर्चेज सवारी कर्जा र बैंकहरूलाई राहत हुने गरी मौद्रिक नीतिको समीक्षा भएको बताउँछन्। यद्यपि, वित्तीय क्षेत्र र अर्थतन्त्रमा देखिएको समस्यालाई दीर्घकालीन रूपमा समाधान गर्ने गरी सम्बोधन नभएको उनको भनाइ छ। 'घरजग्गा र हायर पर्चेज कर्जालाई प्रोत्साहन गरिएको छ। बैंकहरूलाई सेयर बजारमा लगानी प्रोत्साहन गर्दा सेयर बजारमा पनि राम्रो प्रभाव पर्छ,' उनले भने, 'तर, वर्तमान आर्थिक शिथिलतालाई चलायमान बनाउने खालको मौद्रिक नीति समीक्षा आएको देखिएन।'

नयाँ व्यवस्थाहरू

- असल कर्जाको प्रोभिजनिङ ०.०५% विन्दु र हायर पर्चेज सवारी कर्जाको जोखिमभार पनि २५% विन्दुले घटाइने
- बैंकहरूलाई सेयर खरिद-बिक्रीमा प्रोत्साहन
- स्थानीय निक्षेप सुविधालाई थप लचिलो बनाइने
- चाँदी आयातको कोटा बढाइने, डलर सटहीको सीमा वृद्धि
- पुँजीकोष सुदृढ बनाउन अतिरिक्त उपकरणहरू प्रयोगमा ल्याइने, बैंकहरूको पुँजीकोष व्यवस्थापनमा सहज हुने
- घरजग्गा खरिद प्रयोजनका लागि ऋण भुक्तानी आम्दानी अनुपातलाई कर चुक्ता प्रमाण पेस गरेका आधारमा विद्यमान ५० प्रतिशतबाट ७० प्रतिशत कायम गरिने

सबैका लागि बैंक

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit इजीमेल ट्रान्सिट

■ चाँदी आयातमा सहजीकरण गरिने

राष्ट्र बैंकले चाँदी आयात पनि सहजीकरण गर्ने नीति ल्याउने बताएको छ। चाँदी आयात गर्दा दिइने विदेशी मुद्रा सटही र प्रतीतपत्र (एलसी)को सीमा बढाउने राष्ट्र बैंकका कार्यकारी निर्देशक तुलसी घिमिरेले बताए। उनले भने, 'अहिले नेपाली हस्तकला क्षेत्रमा चाँदीको अभाव भइरहेको जानकारीमा छ। यसमा सहजीकरण गर्ने नीति ल्याउँदै छौं।' यसैगरी, बैंकहरूको पुँजीकोष थप सुदृढ गर्ने सम्बन्धमा अतिरिक्त उपकरणहरू प्रयोगमा ल्याइने पनि मौद्रिक नीतिमा उल्लेख छ। यो नीतिले बैंकहरूलाई व्यवसाय वृद्धि गर्न पुँजीकोष व्यवस्थापन सहज हुने नबिल बैंकका नायब सिइओ मनोज ज्ञवालीले बताए।

सातको बजार

सुनको मूल्यमा उतारचढाव



बिहीबार नयाँ रेकर्ड बनाउँदै प्रतितोला एक लाख ४० हजार रुपैयाँमा कारोबार

काठमाडौं/ यो साता विश्व बजारमा सुन-चाँदीको मूल्यमा उतारचढाव भएको छ। अमेरिकी रिजर्भ बैंक (फेड)ले लिएको नीतिगत कारणले गर्दा मूल्यमा चाप परेको विश्लेषकहरूले तर्क गरेका छन्। बिहीबार हालसम्मकै उचाइमा पुगेको मूल्य शुक्रबार भने केही तल झरेको छ।

नेपाल सुन-चाँदी व्यवसायी महासंघका अनुसार यो साताको पहिलो दिन आइतबार सुन प्रतितोला एक लाख ३८ हजार चार सय रुपैयाँमा किनबेच भएको थियो। सोमबार र मंगलबार मूल्य सामान्य घटे पनि बुधबार र बिहीबार भने निरन्तर उकालो लागेको थियो। बिहीबार सुनको मूल्यले नयाँ रेकर्ड बनाउँदै प्रतितोला एक लाख ४० हजार रुपैयाँमा किनबेच भएको थियो। शुक्रबार भने सुनको मूल्य सामान्य घटेर प्रतितोला एक लाख ३९ हजार तीन सय रुपैयाँमा किनबेच भयो।

५२.५३ अंकले बढ्यो नेप्से



साताभरमा १८ अर्बको कारोबार

काठमाडौं/ एएको साता सेयर बजारका लागि सुखद बनेको छ। साताभर नेप्से परिसूचक ५२.५३ विन्दुले बढेर दुई हजार १८ दशमलव ७६ अंकमा पुगेको छ। साताका पाँच कारोबार दिनमध्ये बुधबारबाहेक अरू दिन नेप्से परिसूचक बढेको देखियो।

नेप्से परिसूचकसँगै कारोबार रकम पनि बढेको छ। साताभर कुल १७ अर्ब ९८ करोड रुपैयाँबराबरको सेयर किनबेच भएको देखिन्छ। नेप्सेमा आइतबार तीन अर्ब १२ करोड, सोमबार दुई अर्ब ९६ करोड, मंगलबार चार अर्ब, बुधबार तीन अर्ब ६९ करोड र बिहीबार चार अर्ब १९ करोड रुपैयाँको सेयर किनबेच भएको छ। गत साता लामो समयदेखि बढ्न नसकेको बैंकिङ क्षेत्रको कारोबार सामान्य बढेको थियो।

'वातावरण जोगाउन विद्युतीय गाडी'

काठमाडौं/ ऊर्जामन्त्री शक्तिबहादुर बस्नेतले पर्यावरण बचाउन र डिजेल तथा पेट्रोलमा हुने खर्च कटौती गर्नका लागि विद्युतीय सवारीसाधनको प्रयोगलाई बढावा दिने नीति लिनुपर्ने बताएका छन्। शुक्रबार स्पार्क कारले आयोजना गरेको कार्यक्रममा बोल्दै उनले विद्युतीय सवारीसाधनको प्रयोग बढाउन आवश्यक चार्जिङ स्टेसनहरू विस्तार कार्य तीव्र गतिमा भइरहेको बताए।

'पेट्रोल किनेर गाडी चलाउनुभन्दा स्वदेशमै उत्पादित बिजुली प्रयोग गरेर गाडी चलाउन लागत कम पर्छ,' मन्त्री बस्नेतले भने, 'बिजुली गाडीलाई बढावा दिँदै विद्युत् प्राधिकरणले नै ५१ वटा चार्जिङ स्टेसन सञ्चालन खडा गरिरहेको छ।' पर्यटनमन्त्री हितबहादुर तामाङले पर्यटकीय पूर्वाधारको राम्रो विकास नहुँदा पर्यटकको आवागमन बढाउन नसकिएको बताए। उनले आगामी दिनमा वातावरणमैत्री पर्यटकीय पूर्वाधार निर्माणमा जोड दिने मन्त्रालयको नीति रहेको जानकारी गराए।

गभर्नर महाप्रसाद अधिकारीले ग्रिन बैंकिङमार्फत नेपालमा अभ्यास भइरहेको बताए। उनले राष्ट्र बैंकले वातावरणीय तथा सामाजिक जोखिम व्यवस्थापन गाइडलाइन बैंक-वित्तीय संस्थालाई जारी गरेको जानकारी गराए। शुक्रबार मात्रै जारी भएको मौद्रिक नीतिको तेस्रो त्रैमासको समीक्षामार्फत विद्युतीय गाडी खरिदमा लिने कर्जाको जोखिमभार १२५ प्रतिशतबाट घटाएर शतप्रतिशत कायम गरिएको उनको भनाइ थियो।

विद्युत् महसुल विवादबारे लाल आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने सरकारको निर्णय

०७२ माघदेखि ०७५ वैशाखसम्मको मात्रै महसुल उठाउन सुझाव

नयाँ पत्रिका

मन्त्रिपरिषद्ले डेडिकेटेड फिडर र ट्रंकलाइन विद्युत् महसुल विवाद सम्बन्धमा 'विद्युत् महसुल विवाद समाधान आयोग, २०८०' को प्रतिवेदन कार्यान्वयन गर्न ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई पत्र पठाएको छ। मन्त्रिपरिषद्ले शुक्रबार उक्त पत्र मन्त्रालयलाई पठाएको हो।

गत २४ पुसमा पूर्वन्यायाधीश गिरीशचन्द्र लालको अध्यक्षतामा गठन भएको आयोगले गत २३ वैशाखमा मन्त्रालयलाई प्रतिवेदन बुझाएको थियो। त्यसपछि मन्त्रालयले स्वीकृतका लागि मन्त्रिपरिषद् पठाएको थियो। मन्त्रिपरिषद्बाट स्वीकृत भएर शुक्रबार कार्यान्वयनका लागि पत्र प्राप्त भएको ऊर्जासचिव सुशीलचन्द्र तिवारीले बताए।

'हामीलाई प्रतिवेदन कार्यान्वयन गर्न मन्त्रिपरिषद्बाट पत्र प्राप्त भएको छ। अब छिट्टै कार्यान्वयनका लागि नेपाल विद्युत् प्राधिकरणलगायत निकायलाई निर्देशन जारी गर्नेछौं,' उनले बताए। यद्यपि, सरकारी सम्पत्तिसम्बन्धी यति महत्त्वपूर्ण प्रतिवेदन सरकारले सार्वजनिक गर्न अझै आनाकानी गरेको छ। स्रोतका अनुसार आयोगको प्रतिवेदन मन्त्रिपरिषद्ले जस्ताको त्यस्तै स्वीकृत गरेर कार्यान्वयनका लागि पठाएको छ।

स्रोतका अनुसार उद्योगीबाट ०७२ माघदेखि ०७५ वैशाखसम्मको अवधिको महसुल मात्र उठाउन सिफारिस गरिएको छ। ०७२ साउनदेखि पुससम्म र ०७५ जेठदेखि ०७७ जेठसम्मको गरेर दुई अवधिको महसुल उठाउन उपयुक्त नहुने राय तथा सुझाव आयोगको प्रतिवेदनमा उल्लेख छ। अब सोहीअनुसार प्रतिवेदन कार्यान्वयनमा जाने मन्त्रालयका एक उच्च अधिकारीले बताए।

०७२ माघदेखि ०७५ वैशाखसम्मको अवधिको बक्यौता महसुल ६ अर्ब ४१ लाख रुपैयाँ रहेको छ। यसमा ब्याज र २५ प्रतिशत जरिवाना लाग्नेछ।

छुट दिन सिफारिस गरिएको ०७२ साउनदेखि ०७२ पुससम्मको ९७ करोड ४३ लाख रुपैयाँ र ०७५ जेठदेखि ०७७ जेठसम्मको आठ अर्ब ४४ करोड ९६ लाख रुपैयाँ साँवा बक्यौता छ। आयोगको सिफारिस कार्यान्वयनमा आएमा प्राधिकरणले त्यो महुसल उठाउन पाउनेछैन।

आयोगले यो विवादलाई तीन भागमा विभाजन गरेर व्याख्या गरेको स्रोतको भनाइ छ। आयोगले ०७२ साउनदेखि पुससम्म उद्योगलाई डेडिकेटेड



ऊर्जामन्त्री शक्तिबहादुर बस्नेतलाई प्रतिवेदन बुझाउँदै आयोगका अध्यक्ष गिरीशचन्द्र लाल। फाइल तस्बिर

र ट्रंकलाइनमार्फत विद्युत् आपूर्ति गरे तापनि तत्कालीन महसुल निर्धारण आयोगबाट महसुल निर्धारण नभएको अवधि भनेर व्याख्या गरेको छ। त्यो अवस्थामा महसुल लिन उपयुक्त नहुने राय प्रतिवेदनमा रहेको स्रोतले बतायो।

यसैगरी, ०७२ माघदेखि ०७५ वैशाखसम्म तत्कालीन आयोगबाट महसुल निर्धारण भइसकेको अवधि भनेर तोकेको छ। त्यस अवधिमा कानुन र लोडसेडिङ दुवै भएकाले महसुल उठाउनुपर्ने सुझाव आयोगको प्रतिवेदनमा भएको स्रोतले बतायो। त्यसपछि अर्थात्, ०७५ जेठदेखि ०७७ जेठसम्मको अवधिमा नेपाल विद्युत् प्राधिकरणको सूचनाअनुसार नै लोडसेडिङ अन्त्य भएको अवधि भनेर व्याख्या गरिएको छ। त्यो अवधिमा कानुन भए पनि लोडसेडिङ नभएकाले महसुल उठाउन नहुने राय आयोगको छ। ०७७ असारयता भने नयाँ महसुल दर जारी गर्दै डेडिकेटेड फिडर र ट्रंकलाइनसम्बन्धी महसुल दर हटाइएको थियो।

'आयोगको प्रतिवेदनमा महसुल निर्धारण नभएको अवधि (०७२ साउनदेखि पुससम्म) र लोडसेडिङ अन्त्य भएपछिको अवधि (०७५ जेठदेखि ०७७ असारसम्म)को महसुल लिन नहुने राय तथा सुझाव छ। लोडसेडिङ र महसुल दर भएको अवधि अर्थात् ०७२ माघदेखि ०७५ वैशाखसम्मको बक्यौता भने बिलअनुसार उठाउन सिफारिस गरिएको छ,' स्रोतले भन्यो, 'अब सोहीअनुसार यो कार्यान्वयनमा जान्छ।'

यसअघि प्राधिकरणका सञ्चालक भक्तबहादुर पुन र तत्कालीन ऊर्जासचिव दिनेश घिमिरेको संयोजकत्वमा समिति बनेको थियो।

उद्योगी र प्राधिकरणबीच के थियो विवाद ?

लोडसेडिङक वेला नेपाल विद्युत् प्राधिकरणले ०७२ साउनदेखि उद्योगहरूलाई ६५ प्रतिशत प्रिमियम शुल्कमा २४ घण्टासम्म विद्युत् उपलब्ध गराएको थियो। तर, त्यसको प्रिमियम महसुलपछि विवादमा परेको थियो।

प्राधिकरणले ०७२ साउनदेखि उद्योगहरूमा डेडिकेटेड र ट्रंकलाइनमार्फत बिजुली दिन सुरु गरे तापनि त्यसको प्रिमियम महसुलदर भने ०७२ पुसमा मात्रै तत्कालीन विद्युत् महसुल निर्धारण आयोगले अनुमोदन गरेको थियो। ०७५ वैशाख ३१ मा लोडसेडिङ अन्त्य भए पनि प्राधिकरणले डेडिकेटेड र ट्रंकलाइनको विद्युत् महसुल दर खारेज नभएको भन्दै ०७७ जेठसम्म उद्योगीहरूलाई प्रिमियमसहितको बिल पठाएको थियो। ०७७ असारयता प्रिमियम महसुल खारेज गरिएको थियो।

त्यसमा तत्कालीन आयोगले अनुमोदन गरेको मितिभन्दा अघि र लोडसेडिङ अन्त्य भएपछि अवधिको बक्यौता नतिर्ने उद्योगीहरूको अडान छ। यदि प्रमाण भएको अवस्थामा ०७२ माघदेखि ०७५ वैशाखसम्मको बक्यौता भने तिर्ने उद्योगीले बताउँदै आएका थिए। तर, प्राधिकरण भने सबै अवधिको महसुल उठाउने अडानमा थियो। पटक-पटक प्रयास गर्दा पनि प्राधिकरण र उद्योगीबीच कुनै ठोस सहमति हुन सकेको थिएन।

त्यसपछि प्राधिकरणले ६ पुसदेखि २३ पुससम्म विभिन्न २३ उद्योगमा विद्युत् कटौती गरिरहेको थियो। त्यसपछि सरकारले २४ पुसमा उद्योगमा लाइन जोड्न विद्युत् प्राधिकरणलाई निर्देशन दिँदै यसबारे अध्ययन गर्न आयोग गठन गरेको थियो। यसअन्तर्गत ५९ उद्योगले विद्युत् प्राधिकरणलाई २२ अर्ब २४ करोड रुपैयाँ महसुल तिर्न बाँकी छ। त्यसमा रोल्पा सिमेन्ट, हिमालन आइरनलगायत उद्योगले किस्तामा बक्यौता तिर्ने गरी पहिले नै प्रक्रिया अघि बढाएका थिए।

भारतबाट गहुँ तस्करी, ३६१ बोरा सशस्त्रद्वारा बरामद

कञ्चनपुरमा **मोहन विष्ट**

भारतबाट गहुँसमेत तस्करी भएर भित्रिरहेको भेटिएको छ। कञ्चनपुरको दक्षिणी नाका बेलौरी बेलडाँडी नाकाबाट अहिले गहुँ तस्करी भइरहेको हो।

तस्कर समूहहरूले भारतमा उत्पादन भएको गहुँ नेपालमा भित्र्याइरहेका हुन्। तस्कर समूहले तस्करीको शैली फेरेर गहुँ तस्करी थालेको हो। गत वैशाखमा प्रहरीको बेलौरीको पहुँचबाट सयौं क्विन्टल गहुँ बरामद गरेको महिना दिन पनि बित्न नपाउँदै फेरि सशस्त्र प्रहरीले जेठ पहिलो साता तीन सय ६१ बोरा गहुँ बरामद गरेको छ।

सशस्त्र प्रहरी बल ३५ नम्बर गणका गणपति सशस्त्र प्रहरी उपरीक्षक खगेन्द्रबहादुर चन्दले भारतबाट अवैध रूपमा नेपाल भित्रिरहेको गहुँ बरामद गरेको बताए। तस्कर समूहले ल्याएको अवैध गहुँदेखि व्यावसायिक सामान सशस्त्र प्रहरीले बरामद गरेर भन्सारलाई बुझाइदिएको छ। स्थानीयले तस्करी गरेर राज्यलाई राजस्व छली गर्नुभन्दा स्वाभिमानका साथ भन्सार राजस्व काटेर व्यवसाय गर्न अनुरोध गरेका छन्।



भारतबाट तस्करी हुँदै आयात भएको गहुँसहितका सामान त्रिनगर भन्सार पुऱ्याउँदै सशस्त्र प्रहरी।

नेपाल खुला विश्वविद्यालय
केन्द्रीय कार्यालय
मानभवन, ललितपुर।

फोन नं.: ०१-५९१३९५०,
www.nou.edu.np

Similarity Checking Software सब्सक्रिप्सनका लागि शिलवन्दी दरभाउपत्र आव्हानको सूचना।

(वेवसाईटमा प्रथम पटक प्रकाशित मितिः २०८१।०२।०४ गते)

उपरोक्त सम्बन्धमा यस विश्वविद्यालयको लागि बौद्धिक समानता परिक्षण प्रणाली सम्बन्धी सफ्टवेयर (Similarity Checking Software) को सब्सक्रिप्सन उपलब्ध गराउनका लागि इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनीले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. सिलबन्दी दरभाउपत्र फारम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५औं दिनको कार्यालय समयसम्ममा फर्म/संस्था/कम्पनीको लिखित निवेदन (फर्म दर्ता, भ्याट/प्यान दर्ता र आ.व.२०७९/८० को करचुक्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपि संलग्न गरी) पेश गरी यस विश्वविद्यालयबाट तपसिल बमोजिमको दस्तुर बुझाई खरिद गर्न सकिने छ। विदेशी आपूर्तिकर्ताको हकमा नेपाल खुला विश्वविद्यालयको वेवसाईटबाट दरभाउपत्र डाउनलोडगरी दरभाउपत्र फाराम भरेर खाम भित्र राखेर शिलबन्दी गरी तोकिएको म्याद भित्र विश्वविद्यालयमा आईपुग्नेगरी नेपाल खुला विश्वविद्यालय, मानभवन, ललितपुर (Nepal Open University, Manbhawan, Lalitpur) को ठेगानामा हुलाक वा कुरियर वा bid@nou.edu.np मा इमेल विधिबाट पठाउन सकिनेछ।

दरभाउपत्र/ठेक्का नं.	विवरण	दरभाउपत्र फारम दस्तुर रु.	दरभाउपत्र जमानत रकम रु.	दरभाउपत्र दाखिला गर्ने माध्यम
01/080-81	Supply of Annual Subscription service for Similarity Checking Software	रु.५०० ।-	०	सिलबन्दी दर्ता/इमेल

२. दरभाउपत्र वापत माथि उल्लेखित रकम बराबर यस नेपाल खुला विश्वविद्यालयको नाममा जारी भएको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, सानोठिमी शाखामा रहेको खाता नं. १७३०१०००२६६०००१ मा रकम जम्मा गरेको सक्कलै बैंक भौचर/ वा सोको प्रतिलिपि संलग्न गर्नु पर्नेछ।

३. विस्तृत विवरण तथा अन्य शर्तहरु विश्वविद्यालयको वेवसाईट www.nou.edu.np मा हेर्न सकिने छ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
हुलाकी राजमार्ग निर्देशनालय
योजना कार्यालय जनकपुर
मुजेलिया, धनुषा

ठेक्का किन नतोड्ने ? सम्बन्धि अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८१/०२/०५)

यस योजना कार्यालय अन्तर्गत तपशिलका योजनाहरुको निर्माण कार्य सम्पन्न गर्नको लागि बारम्बार मौखिक तथा लिखित ताकेता भएको तथा जनप्रतिनिधि र स्थानीयवासीहरुले पनि बारम्बार यस योजना कार्यालयमा समय भित्र निर्माण कार्य गर्न गराउन ताकेता गरि अल्टिमेटम समेत दिएकोमा खरिद सम्झौताको Scope बमोजिमका काम नगरी ठेक्का अलपत्र छोडेको अवस्था छ। ठेक्काहरुको पटक पटक म्याद थप भएपनि समयमा निर्माण कार्य सम्पन्न गर्ने तर्फ निर्माण व्यवसायीबाट कुनै चासो नदेखाइएको/ प्रयास नगरेको देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ को उपनियम (२) को खण्ड (घ) र तालिकामा उल्लेखित ठेक्का सम्झौताको GCC clause मा प्रावधान भए बमोजिम ठेक्का सम्झौता किन नतोड्ने ? ठेक्का नतोड्नु पर्ने कुनै मनासिब कारण भएमा सात (७) दिन भित्र विश्वनीय स्पष्टिकरण सहित यस कार्यालयमा उपस्थित हुन अनुरोध गरिन्छ। अन्यथा यस सूचनालाई अन्तिम ताकेता मानी ठेक्का सम्झौताका शर्तहरु, प्रचलित ऐन नियम कानुन बमोजिम ठेक्का तोडी कालोसुचीमा राख्ने तथा नियमानुसार कार्यसम्पादन जमानत, अग्रिम भुक्तानी जमानत तथा धरौटी वापतको रकम जफत गर्नुको साथै बाँकी कार्य गर्न लाग्ने खर्च सरकारी बाँकी सरह मानी असुल उपर गर्ने तर्फ कारवाही अघि बढाइने जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिल

सि.नं	ठेक्का नं	कामको विवरण	निर्माण व्यवसायीको नाम	GCC Clause
1	HRP/337011284/078-79/BC-017	Construction of Jallad Khola Multicell Box Culvert along Janakpur-Yadukuha Road.	M/S Sugam Nirman Sewa Pvt. Ltd., Mahendranagar-1, Dhanusha	GCC Clause 72.1 (b,c), 72.3 (a, b)
2	DROCNP/337355/4/072/73-62	Construction of Sitalpur-Malangawa-Kharaiya tol Road, Sarlahi Package I (Ch:0+000 to 15+000)	M/S Himdung and Thokar/ Hira & Namita JV, Tinthana, Kathmandu	GCC Clause 57.2 (a) , 59.1

योजना प्रमुख

शनिबार ५ जेठ ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

‘कोलम्बो सागमा जुरीको सिकार भएँ’

सन् २००६ को श्रीलंकामा भएको १०औँ दक्षिण एसियाली खेलकुद (साग)मा दीपक विष्ट, संगिना वैद्य र दीपक श्रेष्ठले लगातार तेस्रो स्वर्ण जित्ने लक्ष्यका साथ प्रतिस्पर्धा गरेका थिए । यसमा विष्ट मात्र सफल भए । वैद्य र श्रेष्ठ भने पहिलो चरणबाटै बाहिरिए । श्रेष्ठले पहिलो चरणमा श्रीलंकाली खेलाडीविरुद्ध प्रतिस्पर्धा गरेका थिए । श्रीलंकाली खेलाडीले सामान्य मुक्का प्रहार गर्दा पनि अंक पाउँथे । तर, श्रेष्ठले जति राम्रो प्रहार गरे पनि जुरी सदस्यले अंक दिँदैनथे । खेल सकिन १० सेकेन्डअगाडि उनले रिङमै विद्रोह गरे । तर, नेपाली टोलीका सदस्यकै असहयोगका कारण ‘प्रोटेस्ट’ राखिएन र श्रीलंकाली खेलाडी विजयी भए । उनले उनै विपक्षी खेलाडीलाई आठौँ र नवौँ साफ खेलमा स्वर्ण जित्ने क्रममा नमज्जाले हराएका थिए । १०औँ सागमा जुरी सदस्यहरूको बदमासी र आफ्नै टोलीबाट असहयोग हुँदा तेस्रोपटक स्वर्ण जित्न वञ्चित भएको उनको निष्कर्ष छ । यस दिनलाई उनले करिअरकै कालो दिनका रूपमा लिन्छन् । ‘नियोजित’ रूपमा हराइएको खेलको स्मरण उनै दीपक श्रेष्ठले नयाँ पत्रिकाका **श्रीलोचन राजोपाध्याय**सँग यसरी सुनाए ।



१०औँ कोलम्बो साग नेपाली खेलकुदको नजरमा ऐतिहासिक थियो । तीन नेपाली खेलाडीले कोलम्बोमा स्वर्णमाथि ह्याट्रिक अभियानसाथ निस्किएका थिए । १२ वर्षअघि तेक्वान्दोका दीपक विष्ट, संगिना वैद्य तथा कराँतेका दीपक श्रेष्ठले कोलम्बोमा स्वर्णमाथि ह्याट्रिक लगाउने दाउसाथ प्रतिस्पर्धा गरेका थिए । तर, दुर्भाग्यवश कीर्तिमान केवल तेक्वान्दोका दीपकले मात्र रचे । संगिना र दीपक श्रेष्ठ भने पहिलो चरणबाटै अप्रत्याशित रूपमा बाहिरिँदा जीवनकै सुन्दर सपना साकार पार्न सकेनन् ।

कोलम्बोमा आयोजना भएको १०औँ दक्षिण एसियाली खेलकुद प्रतियोगिताको नाम (साफ) थियो । सन् २००४ मा पाकिस्तानको इस्लामाबादमा भएको साफले आगामी संस्करणको नाममा साग राख्यो । अफगानिस्तानसमेत दक्षिण एसियाली खेलकुदमा सहभागी हुने भएपछि साग नामकरण भएको हो । मैले आठौँ र नवौँ साफमा दुई स्वर्ण जितेको थिएँ । सन् २००६ मा श्रीलंकाले सागको आयोजना गऱ्यो । कोलम्बो सहरमा भएको प्रतियोगितामा मलगायत दीपक विष्ट र संगिना वैद्यलाई इतिहास रच्ने सुनौलो अवसर थियो । हामी तीनजना खेलाडी नै एकैपटक लगातार सागमा तीन स्वर्ण जित्न रेकर्ड राख्ने संघारमा थियौँ ।

यसअघि म्याराथनका वैकुण्ठ मानन्धर दाइले लगातार तीन साफमा स्वर्ण पदक जित्नुभएको थियो । उहाँको रेकर्ड बराबरी गर्ने उद्देश्यका साथ प्रशिक्षण भएको थियो । तर, कोलम्बोमा सोचेजस्तो नतिजा आएन । संगिना पनि कांस्य पदकमै सीमित भइन् । तेक्वान्दोका दीपकले मात्र तेहरो स्वर्ण जिते । मेरो स्पर्धा सुरु हुनुअघि नै आयोजकले धेरैभन्दा धेरै स्वर्ण जित्ने चलखेल सुरु गरिसकेको थियो । मेरो इभेन्ट्सको अघिल्लो दिन संगिनाको खेल थियो ।

त्यो समयमा संगिना उत्कृष्ट फर्ममा थिइन् । तर, कसैले नसोचेको नतिजाअनुरूप संगिना भुटानी खेलाडीसँग पहिलो चरणमै पराजित भइन् । खेलस्थलमा सबैले एक-आपसमा कुराकानी गर्न थाले । कोलम्बोमा के भइरहेको छ ? स्वर्ण पदकको प्रमुख दाबेदार खेलाडी नै पहिलो चरणबाटै बाहिरियो नि । त्यो सुन्दा मेरो दिमागले काम गर्न छाड्यो । एक किसिमले म झस्किसकेको थिएँ । ‘यो के भएको ? आफूमाथि नै प्रश्न गरेँ । यद्यपि, संगिना र भुटानी खेलाडीबीचको खेल १९-२० को थियो ।

श्रीलंकाली खेलाडीसँग भिड्नुनपरोस् भनेर कामना

संयोग कस्तो छ भने मैले आठौँ र नवौँ साफमा श्रीलंकाली खेलाडीलाई नै हराउँदै स्वर्ण जितेको थिएँ । टाइसिट डू हुँदा घरेलु खेलाडी श्रीलंकालाई नै पाएँ । कोलम्बोको माहोलअनुसार मैले पहिलो चरणमै श्रीलंकाली खेलाडीसँग भिड्न नपाए हुन्थ्यो भन्ने कामना गरेको थिएँ । अक्सर खेलमा आयोजक राष्ट्रका खेलाडीलाई फाइदा हुन्छ । श्रीलंकाली खेलाडीले होम एड्भान्टेज लिन सक्ने अनुमान लगाएको थिएँ । तर, जोसँग प्रतिस्पर्धा गर्न नचाहेको थिएँ, उसैसँग भिड्नुपऱ्यो । तर, मैले उसका अघिल्ला खेलका रेकर्ड राम्रोसँग निकालेको थिएँ । उसको स्किल हेर्दा सहजै हराउन सक्ने महसुस भएको थियो । धेरैपटक उसले अभ्यास गरेको खेल भिडियोमा हेर्ँे । सबै कमजोरी थाहा पाइसकेको थिएँ । यस कारणले पनि आरामदायी रूपले दोस्रो चरण पुग्ने हिम्मत जागेको थियो । वास्तवमा ती खेलाडी औसत मात्र थिए । रिङमा पाइला टेक्दासम्म र विपक्षीविरुद्ध प्रतिस्पर्धा गर्नुअघिसम्म म पराजित पनि पहिलो चरणबाटै बाहिरिन्छु भन्ने कसैले कल्पना नै गरेनन् । तर, खेलको अन्तिम नतिजा उल्टो आयो ।



> जति गरे पनि नजित्ने भएपछि खेल सकिन १० सेकेन्डअगाडि रिङमै विरोध गर्ँे । सबै घरेलु श्रीलंकाली खेलाडीलाई नै जिताउन लागेपछि किन बाँकी समय खेल्ने भन्दै विरोधमा उत्रिएँ । यस हर्कतले हलमा ठूलै हलचल मच्चियो ।

घरेलु खेलाडीलाई जिताउने चलखेल

खेल सुरु भएदेखि रिङमा मैले फरक अनुभव गर्ँे । श्रीलंकाली खेलाडीमाथि जति प्रहार गरे पनि जुरीमा बसेका रेफ्रीहरूले अंक नै दिएनन् । यसविपरीत श्रीलंकाली खेलाडीको हल्का प्रहारमा पनि रेफ्रीले अंक दिन्थे । अंक प्राप्त गर्न मैले यति कोसिस गर्ँे कि सम्भवतः यसभन्दा अगाडिका खेलाडीले यसरी प्रहार गरेका थिएनन् । हामीलाई थाहा छ कि कुन शरीरको कुन भागमा प्रहार गर्दा तीन अंक आउँछ । स्पष्ट तीन अंक आउने गरी मुक्का र किक प्रहार गर्दा पनि जुरीहरूले मलाई शून्य अंक दिन्थे । यसविपरीत विपक्षी खेलाडीले हल्काफुल्का काउन्टर प्रहार गर्दा स्कोर बोर्डमा अंकमाथि अंक चढिरहेको देख्ँे । त्यही वेला थाहा भयो कि यहाँ उपस्थित सबै जुरी अफिसियल श्रीलंकाली खेलाडीलाई जिताउन चलखेल गरिरहेका छन् । एक किसिमले सबै जुरीका अफिसियलहरू मलाई हराउने पक्षमा थिए । यति निश्चित भइसकेको थियो, आजको खेलमा म रेफ्रीको सिकार हुने भएँ । यद्यपि, सक्दो अंक बटुल्ने कोसिस जारी नै राख्ँे । मैले कराँते सिक्दादेखिको भयभरको दिमाग र टेक्निक अपनाएँ । तर, अंक भने आउँदै आएन । करिअरमा पहिलोपटक मैले एक सामान्य खेलाडीविरुद्ध फाइनलमा लगाउने सबै रणनीति अपनाएको थिएँ । तर, अफिसियल नै विपक्षी खेलाडीको पक्षमा रहँदा अर्को पक्षमा उभिएका खेलाडी जतिसुकै उत्कृष्ट भए पनि केही सीप लाग्दैन रहेछ । यतिसम्म जुरी मेम्बरहरूले बदमासी गरेको देख्ँे, अंक बराबर हुँदासमेत श्रीलंकाली खेलाडीको अंक ह्वात्तै बढाउँथे ।

खेल सकिन १० सेकेन्डअघि विद्रोह गर्ँे

अब जति गरे पनि नजित्ने भएपछि खेल सकिन १० सेकेन्डअगाडि रिङमै विरोध गर्ँे । जुरीका सबै सदस्यले घरेलु खेलाडीलाई नै जिताउने उद्देश्य राख्दा म किन बाँकी १० सेकेन्ड खेल्ने भन्दै रिङमै विरोधमा उत्रिएँ । मेरो यस हर्कतले हलमा ठूलै हलचल मच्चियो । त्यसवेला मसँग त्योबाहेक अरू विकल्प नै रहेन । यो निर्णयपछि मेरो करिअर समाप्त हुन्छ । लगभग करिअर दाउमा राखी निर्णय लिएँ । तत्कालै टिम म्यानेजर आनन्दु लामा र प्रशिक्षकलाई ‘प्रोटेस्ट’ राख्न आग्रह गर्ँे । खेल सकिनुअघि नै प्रोटेस्ट राख्दा छानबिन हुने प्रावधान छ । छानबिन चलिरहँदा अर्को खेल सञ्चालन गर्न नमिल्ने नियमबारे मलाई राम्रो जानकारी थियो । तर, टिम म्यानेजर र तथा प्रशिक्षकलाई ‘प्रोटेस्ट’ कसरी राख्ने भन्ने सम्बन्धमा कुनै हेक्का थिएन । उहाँहरू प्रोटेस्ट कसरी राख्ने र कहाँ गएर राख्ने भन्ने प्रश्नमै रुमल्लिएर बस्नुभयो ।

मैले उहाँहरूलाई डब्लुकेएफको नियमबारे जानकारी दिएँ । तर, दुर्भाग्यवश उहाँहरू प्रोटेस्ट राख्न हिचकिचाइरहनुभएको थियो । मेरो पनि अडान थियो, प्रोटेस्ट नराख्दासम्म रिङबाट बाहिर नआउने जिद्दी कायमै राख्ँे । यसबीच नेपाली टोलीका सेभ द मिसनदेखि संघका अध्यक्षसम्मले मलाई सम्झाउन धेरै प्रयास गरे । तर, आफूमाथि अन्याय भएको दाबी गर्दै प्रोटेस्टकै अडानमा बसेँ । यसक्रममा मिडियासम्म दीपकले रिङमा विद्रोह गरेको भनी समाचार बजिसकेको थियो । तर, मिडियाले मैले रिङमै किन विरोध जनाएको कारण खोज्न आएन ।

स्वर्णमा ह्याट्रिक गर्ने सपना समाप्त

रिङभित्र म रिसले यति चुर भएको थिएँ कि अगाडि-पछाडि को-को थिए, कसैलाई देखिनँ । रिङबाट बाहिरिनुअघि नेपाली टोलीका जिम्मेवार पदाधिकारीले मलाई दोहा एसियाडदेखि अन्य प्रतियोगितामा प्रतिस्पर्धा गराउने प्रालोभन देखाउँदा रिङबाट बाहिर आउन आग्रह गरेका थिए । सबै प्रस्ताव अस्वीकार गर्ँे । लगभग ‘भीमसेन’को जस्तै रिस देखाउँदै रिङबाट बाहिरिएँ । प्रतिस्पर्धाको दौरान मलाई छातीमा चोट लागेको थियो । छातीमा चिसो न चिसो आइसको डल्लो शरीरमा पर्दा मात्र मन शान्त भयो । त्यसपछि मलाई छानाबाट खसेजस्तै महसुस भयो । खेल त समाप्त भइसक्यो र ह्याट्रिक सपना तुहियो । त्यसपछि आफू सम्हालिन सकिनँ । नेपाली टोली बसेको स्थानसम्म रुँदै गएँ । अगाडि र पछाडि को-को आए, ख्यालै भएन । रेफ्रीको भेली निर्णय र नियतवश आयोजकलाई जिताउने योजनाको म सिकार भएँ । अहिले त्यो दिन सम्झिँदा रिस उठ्छ । निष्पक्ष रूपमा खेल सञ्चालन हुँदा म फराकिलो अन्तरले विजयी हुन्थेँ । सायद मैले कोलम्बोमा इतिहास रच्थेँ ।

दिल्लीमा कारबाहीको अफवाह फैलाइयो

कोलम्बोको असफलतासँगै नेपाल फर्कने मन लागेन । नेपाल नगई कतै जान पाए हुन्थ्योजस्तो लाग्यो । तर, जेजति सोचे पनि कर्मथलो पऱ्यो नेपाल । मनले नमान्दा-नमान्दै दिल्ली ट्रान्जिट हुँदै नेपाल फर्किएँ । दिल्लीमा रहँदा मैले एउटा अफवाह समाचार सुनेँ, ‘नेपाली मिडियामा एसियन कराँते फेडेरेसनले ममाथि दुई वर्षको प्रतिबन्ध लगाएको समाचार फुकिसकेको थियो ।’ धेरैपछि थाहा भयो, टिम म्यानेजरले नै यस्तो अफवाह समाचार फैलाएको रहेछ । वैदेशिक प्रशिक्षणका क्रममा मैले उनको आर्थिक चलखेलको विरोध गरेको थिएँ । त्यसैको प्रतिशोधका रूपमा प्रोटेस्ट नराखेको र मिडियासमक्ष पनि अफवाहपूर्ण समाचार उनले फैलाएको रहेछ ।

दिल्ली ट्रान्जिटमा फैलिएको अफवाह र कोलम्बोको हार पीडा सहन नसकी त्रिभुवन विमानस्थलमा कसैसँग नबोली सीधै म घरतर्फ लागेँ । एक महिनासम्म कसैसँग बोलचाल नै भएन । केही समयपछि ममाथि प्रतिबन्ध नलगाएको अर्को समाचार आयो । त्यसपछि जीवन फेरि सुचारु भयो ।

अहिले पनि कोलम्बोको साग खेल सम्झिँदा रुन मन लाग्छ । इमानदारपूर्वक खेल हुँदा जित मेरै थियो । तर, खेलका जुरी मेम्बर, आफ्नै टोलीबाट असहयोगका कारण लगातार सागमा तेहरो स्वर्णपदक जित्नबाट वञ्चित भएँ । कोलम्बो सागको त्यो दिनलाई म सधैँ करिअरकै एउटा कालो दिनका रूपमा लिने गरेको छु । जति भुल्ने प्रयास गरे पनि भुल्न नसकिँदो रहेछ । मुटुभित्र पर्ने गरी भएको घटना कसरी भुल्न सकिन्छ र !


रोनाल्डो सर्वाधिक कमाउने खेलाडी

एजेन्सी

पोर्चुगिज फुटबलर क्रिस्टियानो रोनाल्डो सन् २०२४ को सिजनमा सबैभन्दा बढी कमाउने खेलाडी बनेका छन् । फोर्ब्सले शुक्रबार विश्वकै सर्वाधिक कमाउने १० खेलाडीको सूचीमा सार्वजनिक गर्दा रोनाल्डो शीर्ष स्थानमा रहेका हुन् । उनी चौथोपटक फोर्ब्सको शीर्ष स्थानमा परेका हुन् । ३९ वर्षीय रोनाल्डो अहिले साउदी अरेबियाको प्रो लिग क्लबमा आबद्ध छन् । सन् २०२२ को सिजनमा उनी अल नासेरसँग आबद्ध भएका थिए । अल नासेरले उनलाई मोटो पारिश्रमिक दिएका कारण नै रोनाल्डो यसपटक धेरै कमाउने खेलाडीको सूचीमा परेका हुन् ।

> साउदी प्रो लिगमा आबद्ध रोनाल्डोले अल नासेरबाट यस वर्ष पारिश्रमिक रूपमा २० करोड अमेरिकी डलर र विभिन्न विश्वचर्चित कम्पनीसँग आबद्ध हुँदै ६० लाख अमेरिकी डलर आर्जन गरेका छन्

फोर्ब्सको सूचीमा फुटबलका पाँच खेलाडी शीर्ष १० भित्र समावेश छन् । बास्केटबलका दुई र गल्फका एक खेलाडी शीर्ष १० भित्र छन् । फोर्ब्सका अनुसार रोनाल्डोले २६ करोड अमेरिकी डलर कमाएका छन् । उनले यस सिजनमा अल नासेरबाट पारिश्रमिक रूपमा २० करोड अमेरिकी डलर प्राप्त गरेका छन् । यसका साथै रोनाल्डोले ब्रान्डसँग ६० लाख कमाएका गल्फका उनले २१ विभिन्न विश्वचर्चित आबद्ध हुँदै थप अमेरिकी डलर छन् । दोस्रो स्थानमा जोन रहम छन् । करोड अमेरिकी डलर आर्जन गरेका छन् ।



मेसी तेस्रो स्थानमा

रोनाल्डोले आफ्ना प्रतिद्वन्द्वी अर्जेन्टिनी कप्तान लियोनल मेसीलाई समेत पछि पारेका छन् । अमेरिकी मेजर सकर लिगमा आबद्ध मेसी तेस्रो स्थानमा छन् । उनले १३ करोड ५० लाख अमेरिकी डलर कमाए । गत वर्ष मेसी युरोपियन फुटबल छाड्दै अमेरिकामा पुगेका थिए । ईम्लिसम्यान डेभिड बेकह्यामको सहलगानीमा रहेको इन्टर मियामीमा आबद्ध भएका मेसीको पनि पारिश्रमिक मोटो नै रहेको छ यसैगरी, बास्केटबल खेलाडी लेब्रोन जेम्स १२ करोड ८२ लाख अमेरिकी डलरका साथ चौथो स्थानमा छन् । बास्केटबलमै जियानिसले पाँचौँ स्थान रक्षा गर्दा ११ करोड ११ लाख डलर कमाए । यसै सिजनमा स्पेनिस क्लब रियल म्याड्रिडमा आबद्ध हुने फ्रेन्च युवा खेलाडी केलियन एम्बाप्पे छैटौँ स्थानमा रहे । उनले ११ करोड १० लाख अमेरिकी डलर कमाएका छन् ।

चोटका कारण सक्रिय फुटबलबाट टाढा रहेका ब्राजिलयन फुटबलर नेमार जुनियर १० करोड ८० लाख अमेरिकी डलरका साथ सातौँ स्थानमा छन् । उनी पनि साउदी अरेबियाको प्रो लिगमा आबद्ध छन् । फ्रेन्च फुटलबर करिम बेन्जिमा आठौँ स्थानमा रहे । साउदी अरेबिया लिग खेलिरहेका उनको आम्दानी १० करोड ६० लाख अमेरिकी डलर रहेको छ । बास्केटबलका स्टेफन करी १० करोड २० लाख अमेरिकी डलरकासाथ नवौँ स्थानमा छन् । अमेरिकी फुटबलका लामर ज्याक्सन १० करोड ५० हजार अमेरिकी डलरसहित १०औँ स्थानमा छन् ।

धेरै कमाउने १० खेलाडी

क्रिस्टियानो रोनाल्डो (फुटबल)	२६० मिलियन डलर
जोन रहम (गल्फ)	२१८ मिलियन डलर
लियोनल मेसी (फुटबल)	१३५ मिलियन डलर
लेब्रोन जेम्स (बास्केटबल)	१२८.२ मिलियन डलर
जियानिस एन्टेटोकोनम्पो (बास्केटबल)	१११ मिलियन डलर
केलियन एम्बाप्पे (फुटबल)	११० मिलियन डलर
नेमार (फुटबल)	१०८ मिलियन डलर
करिम बेन्जिमा (फुटबल)	१०६ मिलियन डलर
स्टेफन करी (बास्केटबल)	१०२ मिलियन डलर
लामार ज्याक्सन (अमेरिकी फुटबल)	१००.५ मिलियन डलर

सन्तोषीले पेरिस ओलम्पिक खेल्ने पक्का



फाइल तस्बिर

नयाँ पत्रिका

१३औँ दक्षिण एसियाली खेलकुद प्रतियोगिता (साग) मा म्याराथनकी स्वर्ण विजेता सन्तोषी श्रेष्ठले पेरिस ओलम्पिक २०२४ खेल्न निश्चित गरेकी छिन् । युनिभर्सियालिटी कोटामा उनले ओलम्पिकमा प्रतिस्पर्धा गर्ने भएकी हुन् । नेपाल ओलम्पिक कमिटी (एनओसी) र नेपाल एथलेटिक्स संघबाट युनिभर्सियालिटीका लागि उनको नाम सिफारिस भएको थियो ।


पेरिस ओलम्पिकमा सन्तोषीले प्रतिस्पर्धा गर्ने पक्का भएको एनओसीका उपाध्यक्ष तथा कार्यकारी निर्देशक चतुरानन्द राजवैद्यले नयाँ पत्रिकालाई बताए ।

सन्तोषीले ओलम्पिक खेल्ने सपना पूरा भएको प्रतिक्रिया दिएकी छिन् । ‘यसअघि पेरिस ओलम्पिक खेल्ने वा नखेल्ने दोधारमा थिएँ, अब खेल्न पक्का भएकी छु,’ उनले भनिन्, ‘अब राम्रो नतिजा निकाल्न तयारी गर्छु ।’ पेरिस ओलम्पिक २६ जुलाईदेखि ११ अगस्ट ११ सम्म हुँदै छ ।

सन्तोषीले सन् २०१९ मा नेपालमा भएको १३औँ सागमा १० हजार मिटरमा स्वर्ण पदक जितेकी थिइन् । सागमा एथलेटिक्सतर्फ स्वर्ण जित्ने उनी पहिलो महिला धाविका हुन् । गत वर्षको असोजमा चीनको हाङझाउमा भएको १९औँ एसियाली खेलकुदमा उनले प्रतिस्पर्धा गरेकी थिइन् । गत वर्ष नै बंगलादेशमा भएको दक्षिण एसियाली म्याराथनमा उनले स्वर्ण जितेकी थिइन् ।

पेरिस ओलम्पिकमा ब्याडमिन्टनका प्रिन्स दाहालले युनिभर्सियालिटी कोटामै स्थान पक्का गरेका थिए । टेबलटेनिसका स्याटु श्रेष्ठले छनोट चरण पार गर्दै स्थान सुरक्षित गरेका छन् । उनी छनोट चरण पार गरी ओलम्पिक खेल्ने नेपालका तेस्रो खेलाडी हुन् । उनीभन्दा अगाडि तेक्वान्दोका संगिना वैद्य र दीपक विष्टले छनोट चरणबाट ओलम्पिकमा प्रतिस्पर्धा गरेका थिए ।





नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com